वर्ष : १८, अंक : ८, काठमाडौं, २०७९ जेठ २० गते शुक्रबार, 3 June 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## केन्द्रबाट मधेश फेरि उपेक्षित

# पुरानै कार्यक्रमलाई निरन्तरता, मधेशी दलहरूले साँधे मौनता

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीय सरकारले आइतबार संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा मधेश प्रदेशमा उल्लेख्य ठूला कार्यक्रम परेको छैन् । अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको सरकारको बजेट वक्तव्यमा मधेश प्रदेशमा पुरानै कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ ।

सरकारले मधेश प्रदेशलाई केन्द्रित गरी पुराना विभिन्न शीर्षकमा बजेट विनियोजन गरेको छ । बजेटमा केन्द्र सरकारले कटौटी गर्दा मधेशी दलहरू बोलेका छैन । संसदमा बजेटमाथि छलफल चलिरहँदा जसपाका सांसद प्रदीप यादवबाहेक कुनै पनि सांसदले बजेटमाथि टिप्णी गरेका छैन् । सांसद यादवले मधेश प्रदेशलाई दिने अनुदान समेत गठबन्धन सरकारले घटाएर संघीयतामाथि नै धावा बोल्ने काम गरेको आरोप लगाए ।

उनले भने, 'यो बजेटमा मधेश प्रदेश पूर्ण रूपमा ठगिएको छ भन्ने महशुस गरिएको छ । हुलाकी सडक मधेश प्रदेशको लाइफलाईन हो । र हुलाकी सडकमा थोरै बजेट राखिएको छ । जबकी धेरै पुलहरू, सडकहरू बनाउन बाँकी नै छ । यस्तै मधेश प्रदेशमा कुनै खास योजना यो बजेटमा देखिएन । मधेश प्रदेशलाई दिने जुन अनुदान छ, यो गठबन्धनको सरकारले घटाएको छ । जुन चिन्तायोग्य छ । यसले गर्दा भोली संघीयतामाथि नै खतरा हुन्छ कि त्यसमा पनि पुनर्विचार होस ।' सांसद यादवले बजेटमा कुनै पनि खास योजना मधेश प्रदेशको लागि नछुट्ट्याएको भन्दै पुनर्विचार गर्न पनि सरकारसँग माग गरे ।

**मधेश प्रदेशलाई कति बजेट?**

बजेटमा प्रदेश सरकारको लागि १ खर्ब २९ अर्ब ४६ करोड ६ लाख रूपैयाँ अनुदान दिइएको छ । सात वटै प्रदेश सरकार र स्थानीय तहहरूलाई समानीकरण, विशेष, ससर्त र समपुरक अनुदान गरी ४ शीर्षकमा सरकारले बजेट छुट्याएको हो ।

प्रदेशतर्फ यो पटक सबैभन्दा धेरै बजेट बागमती प्रदेशमा र सबैभन्दा कम गण्डकी प्रदेशमा गएको छ । सबैभन्दा धेरै बजेट पाएको बागमती प्रदेशमा २० अर्ब ३२ करोड, ६६ लाख रकम हस्तान्तरण हुने छ । बागमतीमा ८ अर्ब ४० करोड ४६ लाख समानीकरण अनुदान, १० अर्ब ९ करोड २० लाख ससर्त अनुदान, ७९ करोड विशेष अनुदान, १ अर्ब ४ करोड समपुरक अनुदान छुट्याइएको छ ।



*आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्मा ।*

सबैभन्दा कम वित्तीय हस्तान्तरणबाट अनुदान पाएको गण्डकी प्रदेशले १६ अर्ब ५४ करोड ३२ लाख रूपैयाँमा पाएको छ, जसमा ७ अर्ब ९२ करोड ७९ लाख रूपैयाँ समानीकरण अनुदान, ससर्त अनुदान ६ अर्ब ९१ करोड ८३ लाख रूपैयाँ, ८६ करोड विशेष र ८३ करोड ३० लाख रूपैयाँ समपुरक अनुदान पाएको छ ।

प्रदेश १ मा १९ अर्ब ९ करोड ९१ लाख रूपैयाँ वित्तीय हस्तान्तरण भएको छ । जसमा ९ अर्ब ८२ लाख समानीकरणतर्फ, ८ अर्ब ६९ करोड, ५९ लाख ससर्त अनुदान तर्फ, ४७ करोड ५० लाख विशेष अनुदान तर्फ, ९२ लाख समपुरक अनुदान तर्फ वित्तीय हस्तान्तरण भएको हो ।

यस्तै मधेश प्रदेश तर्फ १९ अर्ब १५ करोड ९ लाख रूपैयाँ हस्तान्तरण हुने भएको छ । जसमा ७ अर्ब, ८१ करोड ५८ लाख समानीकरण तर्फ, १० अर्ब ६ करोड ५१ लाख, विशेष अनुदान तर्फ,४९ करोड, र समपुरक अनुदान ७८ करोड रूपैयाँ हस्तान्तरण गरेको हो ।

लुम्बिनी प्रदेशमा समानीकरण अनुदान ८ अर्ब ५४ करोड १७ लाख रूपैयाँ, ससर्त अनुदान ८ अर्ब ७१ करोड २२ लाख रूपैयाँ, ३८ करोड ३५ लाख रूपैयाँ विशेष अनुदान र समपुरकमा ७३ करोड ९० लाख रूपैयाँ गरी १८ अर्ब ४७ करोड ६४ लाख पाएका छन् ।

यस्तै कर्णालीमा समानीकरण अनुदान १० अर्ब ७२ करोड ६४ लाख रूपैयाँ, विशेष अनुदान ५ अर्ब ६९ करोड ६७ लाख रूपैयाँ, ६६ करोड ८० लाख र समपुरक तर्फ १ अर्ब २१ करोड ५० लाख रूपैयाँ गरी जम्मा १८ अर्ब ३० करोड ६१ लाख रूपैयाँ हस्तान्तरण भएको हो ।

बजेटले सुदुरपश्चिम प्रदेशमा १७ अर्ब ५५ करोड ८३ लाख रूपैयाँ वित्तीय हस्तान्तरण गरेको छ । जसमा समानीकरण अनुदान तर्फ ९ अर्ब ७५ करोड रूपैयाँ रहेको छ भने, ससर्त अनुदान तर्फ ६ अर्ब ९८ करोड ८० लाख रूपैयाँ, विशेष अनुदान ९७ करोड ७८ लाख र समपुरकमा ७६ करोड ५० लाख रूपैयाँ बजेटले दिएको हो ।

गत आर्थिक वर्षमा तत्कालीन प्रदेश २ का लागि १३ अर्ब ९० करोड ३४ लाख रूपैयाँ ( जसमा समानीकरण अनुदानतर्फ ७ अर्ब ३९ करोड ३४ लाख, सशर्ततर्फ ५ अर्ब ५७ करोड ५२ लाख विशेषतर्फ ५८ करोड ७९ लाख र समपुरक अनुदानतर्फ ३४ करोड ६९ लाख रूपैयाँ) बजेट दिइएको थियो ।

यसवर्ष तथ्यांकमा बजेटको रकम बढे पनि नयाँ कार्यक्रम भने थपिएको छैन । केन्द्र सरकारबाट सञ्चालित सबै पुरानालाई नै यसपटक पनि निरन्तरता दिइएको छ । 'मधेशको सवालमा यो बजेटले मधेशलाई छोएको छैन, लोसपाका सासंद उमाशंकर अरगरियाले मधेशवाणीसँग भने,'मधेश प्रदेश मानव सूचकांकमा पछाडि छ, अत्यधिक जनसंख्या छ, कम्तिमा मलखादको उद्योग स्थापनाका लागि केही गर्नुपर्दथ्यो । तर, त्यो पनि छैन ।'



**बजेटले मधेशलाई छोएकै छैन**

**: उमाशंकर अरगरिया**

**अन्तर्वाता पृष्ठ ३ मा**

**बजेट वक्तव्यको पूर्णपाठ पृष्ठ ६ मा**

**के छ बजेटमा?**

**रेलमार्ग निर्माणका लागि ६ अर्ब ५३ करोड विनियोजन**

पूर्व-पश्चिम रेलमार्ग बर्दिबास-निजगढ खण्डको निर्माण गर्न तीब्रता दिइने छ । वीरगन्ज-काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने छ । यसका लागि ६ अर्ब ५३ करोड बजेट विनियोजन गरिएको छ ।

वीरगन्ज, भैरहवा, पोखरालगायतका सहरमा ट्राम यातायात सञ्चालनगर्न सम्भाव्यता अध्ययन गरिने छ । जनकपुर-जयनगर रेल यातायात कुर्थासम्म विस्तार गरिनेछ । यस्तै विजयपुरा-विराटनगर खण्डका लागि जग्गा लिने प्रक्रिया सुरू गरिने बजेटमा उल्लेख छ । बिर्तामोड-जलेश्वर रेल यातायातको सम्भाव्यता अध्ययन गर्न पनि बजेट बिनियोजन गरिने छ ।

**निजगढविमानस्थललाई बजेट**

सरकारले बाराको निजगढमा निर्माण गर्ने भनिएको अन्तर्राष्ट्रिय विमानस्थल अगाडि बढाउन बजेटमा योजना राखेको छ । सर्वोच्च अदालतले बिहीबार निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण नगर्न फैसला गरेको अवस्थामा सरकारले भने बजेटमा नै विमानस्थल निर्माणका लागि योजना ल्याएको हो ।

अर्थमन्त्री जनार्दन शर्माले आर्थिक वर्ष २०७९/०८० को बजेटमा निजगढ विमानस्थल निर्माणको योजना अगाडि सारेका छन् । मन्त्री शर्माले भने, 'निजगढ विमानस्थलपुनर्निर्माणको लागि ढाँचा निर्माण गरी लगानी बोर्ड नेपालमार्फत आयोजना विकास कार्य अगाडि बढाइनेछ ।' यस्तै धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## 'निर्वाचनमा धाँधली र राज्य शक्तिको दुरूपयोग भयो'



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टीले स्थानीय तहको निर्वाचनमा धाँधली र राज्य शक्तिको दुरूपयोग भएको आरोप लगाएको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरले एक विज्ञप्ति जारी गरी स्थानीय तहको निर्वाचनका क्रममा सरकारले निष्पक्षता कायम गर्न नसकेको ठहर गर्दै विभिन्न स्थानमा सत्ता गठबन्धनका घटक दलहरूले धाँधली र राज्य शक्तिको दुरूपयोग गरेको आरोप लगाएका हुन् । लोसपाले अब हुने निर्वाचनमा अलोकतान्त्रिक गतिविधि, धाँधली र शक्ति दुरूपयोगविरूद्ध आम मतदाता, लोसपा पार्टी पंक्ति, निर्वाचन आयोग र सुरक्षा निकायलाई थप सचेत र सजग रहन पनि आग्रह गरेको छ । साथै, स्थानीय तहको चुनावमा आफ्नो पक्षमा प्राप्त जनमतको सम्मान गर्दै लोसपाले जनसमुदाय, मतदाता, पार्टी कार्यकर्ता र शुभेच्छुकहरूलाई धन्यवादसमेत दिएको छ ।

## जनमतले सोध्यो स्पष्टीकरण

जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचित वडाध्यक्षसहित चार जनासँग तीनदिने स्पष्टीकरण सोधेको छ । जनमत पार्टीका केन्द्रीय अनुशासन समितिका प्रमुख एवं उपाध्यक्ष ई.दीपक कुमार साहले वडाध्यक्षसहित चार जनासँग स्पष्टीकरण माग गरेका हुन् । सिरहा जिल्लाको मिर्चैया नगरपालिका वडा नं. ४ का वडाध्यक्ष दिलिप कुमार सिंह, सोही वडाका वडा सदस्यद्वय कमल प्रसाद यादव र कल्याणी देवी महतो र सोही नगरपालिकाका नेता विजय कुमार यादवसँग स्पष्टीकरण सोधिएको हो । वडाध्यक्ष लगायत चारै जनाले नगर कार्यपालिकाको निर्वाचनमा केन्द्रीय निर्देशन नमानेको र विपक्षी पार्टीलाई फाइदा हुने तथा आफ्नै पार्टीका उम्मेद्वार पराजित हुने गरी षड्यन्त्रमा संलग्न रहेको आरोप लागेको छ । ती चारै जनाले तीन दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण नदिएमा पार्टीले आवश्यक कारबाही अगाडि बढाउने र निर्वाचित प्रतिनिधिको हकमा पदबाट हटाउनका लागि आयोगलाई पत्राचार गर्ने अनुशासन समितिका प्रमुख ई.साहले मधेशवाणीलाई बताएका छन् ।

## मधेशको फाष्ट ट्र्याकमा चिनियाँ आँखा

काठमाडौं । काठमाडौं-तराई (मधेश) द्रुत मार्ग फाष्ट ट्र्याकमा एकपछि अर्को राष्ट्रघातको खतरा बढेको छ । राष्ट्रिय गौरवको आयोजनामा दुई चिनियाँ कम्पनीलाई सेनाले ठेक्का दिएपनि काममा अलमल हुन थालिसकेको छ । ठेक्का दिएको एक वर्ष पूरा हुन लाग्दा पनि अहिलेसम्म बीमा भएको छैन । अर्कोतर्फ, विदेशी कामदार ल्याएर स्वेदशका जनशक्तिलाई बेरोजगार नै बनाइराख्ने गतिविधिले प्रश्रय पाएको छ ।

रणनीतिक महत्वको सडकमा श्रम स्वीकृती नलिई कामदारहरू चीनबाट ल्याइएको खुलेको छ । उनीहरू भिजिट भीसामा आइरहेका छन् । सरकारले थप १० लाख रोजगार सृजना गर्ने नारा निकाल्दा देशभित्रको राष्ट्रिय गौरवको परियोजनामा विदेशी कामदारले काम पाइरहेका छन् । स्वदेशी दक्ष र अर्धदक्ष जनशक्ति या त काम नपाउने या त विदेश जान वाध्य छन् । चिनियाँ कम्पनीले ठेक्का पाएपनि फाष्ट ट्र्याकको बीमा नहुनुमा केही व्यक्ति र चिनियाँ कम्पनीको निहित स्वार्थ नै कारण भएको खुलेको छ । सरकारी स्वामित्वको राष्ट्रिय बीमा कम्पनीसँग बीमा गर्दा कमिशन नपाइने हुँदा निजीतिर केही जिम्मेवार व्यक्तिको ध्यान गएको छ । चिनियाँ कम्पनीहरू आफ्नै देशको बीमा कम्पनीसँग बीमा गर्न चाहिरहेका छन् । जसका कारण चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशन लिमिटेड र पोली च्याङ्दाले दुईवटा भागको ठेक्का पाएको एक वर्ष पुग्न लाग्दा पनि बिमा हुन सकेको छैन । चिनियाँ कम्पनी आफ्नै देशको कम्पनीसँग बिमा गरेर दोहोरो लाभ लिन खोजिरहेका छन् । नेपाली सेनाले चिनियाँ कम्पनीलाई बीमाका लागि पत्र लेखिसकेको छ । तर, अझै काममा अलमल भएको छ ।

अहिले सेनामाथि राष्ट्रिय बिमा कम्पनी लिमिटेडसँगै बीमा सुनिश्चित गर्न दबाब छ । सेनाका प्रवक्ता नारायण सिलवालले बीमाको प्रक्रियामा रहेको र चाँडे टुंगो लाग्ने बताउँछन् । उनी भन्छन्,'प्रक्रियामा भएकाले चाँडे हुन्छ ।' उनले जी टु जी अन्तर्गत बीमाको कामको प्रक्रियामा रहेको समेत बताए । तर, फाष्ट ट्र्याकका प्रमुख समेत रहेका सेनाका सहायक रथी विकास पोखरेल सरकारी बीमा कम्पनी राष्ट्रिय बिमा कम्पनीबाहेकको सँग बीमाको वातावरण सृजना गर्न लागेको खुलेको छ । उनी चिनियाँ ठेकेदार कम्पनीबाट प्रभावित भई उसैको चाहना पूरा गर्न लागिपरेका छन् ।

बीमा कहाँ गर्ने भन्ने कुरा नमिल्दा सेना र निर्माण कम्पनीले नौ महिनासम्म पोलिसी ल्याएनन् । अर्थ मन्त्रालयका सहसचिव चक्र बुढा फाष्ट ट्र्याकको स्ट्यान्डिङ कमिटीमा आएपछि राष्ट्रिय बिमा कम्पनीमा बिमा गर्नुपर्छ भन्ने अडान लिन पुगे । देशभित्रकै सरकारी कम्पनीमा बीमा गरेर देशलाई समेत लाभ दिलाउन उनी लागिपरे । जसका कारण राष्ट्रिय बिमा कम्पनीमार्फत् बीमा गराउने प्रक्रिया पनि चल्यो र तर, एक महिनामा बीमाको

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश सरकारले शनिबार नीति तथा कार्यक्रम ल्याउँदै

जनकपुरधाम । मधेश प्रदेश सरकारले जेठ २१ गते शनिबार प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएको छ । प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरत साहका अनुसार प्रदेशसभाको बैठकमा प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेशसभाको बैठकमा प्रस्तुत गर्ने बताए ।

नीति तथा कार्यक्रममा प्रदेश सरकारले कृषि, सिँचाइ, स्वास्थ्य, पूर्वाधारको विकासमा जोड दिने भएको छ । प्रदेश सरकारको बहुचर्चित छोरी शिक्षा बिमा कार्यक्रमलाई पनि प्रदेशको नीति तथा कार्यक्रममा ल्याउन लागेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जानकारी दिएका हुन् । त्यसो त अहिले छोरी शिक्षा बिमा कार्यक्रम रोकिएको अवस्था छ । प्रदेश सरकारको नीति तथा कार्यक्रममाथिको छलफल सम्पन्न भएपछि प्रदेश सरकारले असार १ गते प्रदेश सरकारको बजेट प्रदेशसभामा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था भएकाले सोही अनुसारको तयारीमा सरकार लागि परेका छन् । बजेट प्रस्तुत गर्नु दुई दिनअघि प्रि-बजेट पनि ल्याउने तयारीमा प्रदेश सरकारको अर्थ मन्त्रालयका लागि परेको हो ।

**कृषिलाई उच्च प्राथमिकता**

प्रदेश सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर बजेट ल्याउने मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय कुमार यादवले बताएका छन् । जनकपुरधाममा मन्त्रालयद्वारा आयोजित 'अन्तर निकायसँग समन्वय गरी कानुन सम्बन्धी' अन्तरक्रिया कार्यक्रममा बोल्दै यस्तो बताएका हुन् । मन्त्री यादवले यस वर्ष प्रदेश सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेर बजेट ल्याउने बताए । कृषि क्षेत्रको विकास बिना प्रदेशको समृद्धि कठिन भएकाले प्रदेश सरकारले ल्याएको वार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी किसिमले कार्यान्वयनका लागि मन्त्री यादवले समेत आग्रह गरे ।

## रगत डढाएर अनुभवको कुरा लेख्दैछु, मैले धान खेती छोडे ! (भाग-१)

अन्ततः मैले यस बर्ष धान खेती नगर्ने निर्णय लिए। अस्ति बजेट आउने दिनसम्म पर्खेको थिए, मैले अनुभव गरिरहेको कठिनाईको समाधानमा सरकारबाट कुनै पहल हुन्छ कि भनेर। बजेटमा कृषिका लागि धेरै राम्रा कुराहरू आएको भनिएका छन्। यसले गर्दा पछि पछि मुलुकमा धेरै राम्रा प्रगतिहरू होलान्। तर, म मेरो तत्कालको समस्यामा केन्द्रीत रहेर तलका केही पंक्तिहरू लेखेको हुँ ।

मेरा कुराहरू मोरंग जिल्लाको कटहरी गापासंग सम्वद्ध छन्। यसमा उल्लेखित दरभाऊ यहीको कृषि र श्रम बजारसंग सम्बन्धित हो। अर्को कुरा, म धेरै जग्गा राखेको किसान होईन, यहाँ मेरो परिवारको ६/७ बिघा जग्गा छ। तर परिवारको कुनै पनि सदस्य खेतिमा शारिरीक श्रम गर्ने स्थिति छैन। कामचोर नभन्नु होला, यी पंक्ति पढनेहरू मध्ये धेरैको अवस्था मै जस्तो होला ।

अब मूल कुरामा जाऊँ। म यहाँ एक बिघा धान खेती गर्दा गराउँदा लाग्ने बास्तविक खर्च र आम्दानीको यथार्थ बिवरण दिदैछु। यदि यसमा केही फरक लागेमा अवश्य लेख्नु हुनेछ ।

एक बिघा धान खेतीको खर्च

१. बिऊ ४० केजी प्रति केजी रू. ८०/- = ३२००/-

२. कदवा (जग्गा हिल्याउने) प्रति चास(एक पटक) को प्रति बिघा रू. ४०००/- को दरबाट तीन चासको रू.१२०००/-

३. कोदरवाह(खेतको कुना काप्चा, खाल्डो, गारो-आली आदि मिलाउने) प्रति बिघाको रू. ४०००/-

४. रोपनी, धानको बेर्ना रोप्ने ३५ जना जन/प्रति जन रू. ४००/- को दरले रू. १४०००/-

५. मलः युरिया १ प्याकेट रू. १८००/-
डिएपी १ प्याकेट रू. ३५००/-
जिंक १ बाल्टी रू. १०००/-
घाँस मार्ने औषधी १ लि. रू. ८००/-
यसको लागि चाहिने १ जनको रू. ४००/-

६. कमौनी(गोडमेल) प्रति कठ्ठा १ जनको रू. ४००/- को दरले रू. ८०००/- यसरी धान रोपाईमा कूल खर्च प्रति बिघाको रू. ४८,७००/- हुन जान्छ ।

बाली बिक्रीका लागि तयार गर्नु अघि केही अरू खर्च हुन्छ। जस्तोः छोपनी कटानी बापत प्रति मनमा ६ केजी धान नै दिनु पर्दछ। र, थ्रेसरले दाइ गरे बापत प्रति मन २ केजी लिन्छ। यसरी प्रति मनमा ८ केजी धान गयो। मेरो लागि त एक मन भनेको ४० केजीको न भई ३२ केजीको मात्र भयो ।

अब उब्जनीको कुरा गरौं। मैले मेरो ठाममा अधिकतम उब्जनी ८० देखि ९० मन प्रति बिघा मानेको छु। यो सीमान्त अधिकतम उब्जनी हो। तर, व्यवहारिक रूपमा यथार्थ उब्जनी भने ८५ मन मानेको छु। यस भन्दा बढी उब्जा यस तरिकाको धान खेतीबाट संभव हुदैन। माथी मैले उल्लेख गरेको छोपनी कटानी र थ्रेसर बापत १७ मन धान नै गयो। अब ८५ मनमा यो १७ मन घटन जादाँ म संग रहने ६८ मन धान हो। यो नै मेरो कूल उब्जनी हो। गत बर्ष सरकारले धान खरीदको प्रति मन मूल्य १२००/- तोकेको हो। तर खरीद गर्दैन। बजारको गोलाले प्रति मन रू. ११००/को दरले धान खरीद गर्छ।अधिकतम ६८ मनको रू. ७४,८००/- हुन आउँछ। यदि किसानले यो मूल्य पायो भने आफुलाई भाग्यमानी ठाने हुन्छ।

रू. ७४,८००/- रकम धान बिक्री बापत आम्दानीको रूपमा मेरो हात पर्छ। अब यसमा रोपनी, मल, खाद आदि माथी उल्लेख गरिएको खर्च रू. ४८,७००/- घटाउँदा रू. २६,१००/- रकम बर्ष दिनमा एक धान बाली बापत मलाई



**जयप्रकाश प्रसाद गुप्ता**

बचत हुन्छ। अर्थात मैले ४ महिनासम्म लगातार रगडधस गर्दाको अन्तिम आम्दानी रू. २६,१००/- देखियो। यसमा मेरो पुरै ४ महिना खर्च हुन जान्छ ।

देशको संघीय संसदमा बजेट बारे छलफल चल्दैछ। उफ्रेर बोल, कराएर बोल, रोष्टममा मुर्की बजारेर बोल-जसरी बोले पनि, जस्तो लक्ष्य निर्धारण गरे पनि म जस्ताले धान खेती गर्दा बर्षको १ बालीको आमद हो रू. २६,१००/-

यसर्थ, यस बर्ष मैले धान खेती परित्याग गरे ।

**नेपाल पिछडावर्ग OBC महासंघ**

Nepal Backward Class (OBC) Federation

## अपिल

मिति : २०७९।२।१९

**पिछडावर्ग (OBC) भित्र पर्ने करिब ४२ वटा जातजातिहरूको हकहित र अधिकारको लागि स्थापित भएको नेपाल पिछडावर्ग (OBC) महासंघ जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता नं. ८४७ मा दर्ता भई संस्थाको संशोधित स्वीकृत विधानबमोजिम प्रत्येक वर्ष वार्षिक साधारणसभा र विधानबमोजिम प्रत्येक प्रत्येक ३/३ वर्षमा राष्ट्रिय महाधिवेशन गराउँदै आएको र हाल यस नेपाल पिछडावर्ग (OBC) महासंघको केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरको अध्यक्षतामा गठित कार्यसमितिले आफ्नो नियमित क्रियाकलाप गर्दै आइरहेकोले केही व्यक्तिहरूले संस्था ऐनविपरीत गैरकानूनी ढंगले संस्थाको साधारण सदस्यसमेत नभएका नैतिकहीन व्यक्तिले यही मिति २०७९।२।२० गते कमलादीस्थित प्रज्ञा भवनमा यस महासंघको हु-बहु नाम राखी आम जनता सर्वसाधारणहरूलाई झुठो आश्वासन दिई भ्रममा पारी महाधिवेशन गर्न लागेको सुन्नमा आएकोले त्यस्ता कार्यक्रममा नजान, महासंघको नामबाट चन्दा, सहयोग आदि नगर्न सम्पूर्ण पिछडावर्ग तथा आमनागरिक आवद्ध जातीय संघसंस्था, बौद्धिक वर्ग एवं शुभेच्छुकहरूमा महासंघ हार्दिक अपिल गर्दछु । यस्ता क्रियाकलाप बन्द गर्न गराउन नेपाल सरकारको सम्बन्धित निकायमा लिखित रूपमा जानकारी गराएको र यस्ता कीर्ते जालसाजी क्रियाकलाप गर्ने माथि कानूनका दायरामा ल्याई कानूनी कारबाही गर्न समेत पिछडावर्ग महासंघले सम्बन्धित निकायलाई यसै प्रेस विज्ञप्तिमार्फत् जानकारी गराउँदछु ।**

वविता देवी पूर्वे

महासचिव

## सम्पादकीय

# नयाँ जनप्रतिनिधिको जिम्मेवारी

गणतन्त्र संस्थागत भएपछि दोस्रो पटक स्थानीय तहको निर्वाचन ३० वैशाखमा सम्पन्न भएको छ । ७५३ तहमा एकै चरण भएको निर्वाचनको अन्तिम नतिजासमेत सार्वजनिक भइसकेको छ । निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पदवहाली गरी कार्य थालनी भइसकेको छ । निर्वाचन स्थानीय भए पनि यसको महत्व र सन्देशचाहिँ राष्ट्रिय राजनीतिमा निकै अनुपम अनि औलिकक छन् । निर्वाचित भएर आएका नयाँ या पुराना जनप्रतिनिधिको जिम्मेवारी गहन छ ।

निर्वाचनको परिणामले केही हदसम्म राजनीतिक भूकम्पका विविध पराकम्पहरूको सिर्जना हुने सम्भावना पनि देखिँदैछ । स्थानीय तहको निर्वाचनसँगै देशले राजनीतिक सघनता र सफलताको पहिलो अध्याय निर्माण गरेको छ ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग स्थानीय नागरिकका अधिक अपेक्षाहरू छन् । दैनिक जीवन निर्वाहमा नागरिकले जनप्रतिनिधिको सहजता खोज्छन् । नागरिकको आर्थिक अवस्था, सामाजिक हैसियतले नयाँ उचाइ निर्माण चाहेको छ । अव्यवस्थित गरिबी, असमानता, अत्याचार, अन्याय, ढिलासुस्तीजस्ता व्यथाबाट आम नागकिरले जनप्रतिनिधिबाट राहत खोजेका छन् । जसमा आमनागरिकको आर्थिक स्तरोन्नतिको जगमा हुने विकासले मुख्य सरोकार राख्दछ । निर्वाचित प्रतिनिधिहरूले निर्वाचन अघिका मतान्तर, आपसी असमझदारी वा अन्य सबै पक्ष बिर्सिएर केवल

**पार्टी र नेताहरूको स्तरहीन कार्यशैली, चरित्र र प्रवृत्तिका विरूद्ध जनताको विरोध, निराशा, आक्रोश र अविश्वासको एकमुष्ट अभिव्यक्ति पनि निर्वाचनमा व्यक्त हुन्छ । नेताहरू आपसमा गाली-गलौज र दोषा-दोषमा मग्न मात्रै नरहेनर स्थानीय जनताको समस्या र मर्कालाई राहतमा बदल्नुपर्छ ।**

आफ्नो गाउँ-नगरलाई कसरी अरूभन्दा नमुना बनाउने भन्नेमा त्याग र समर्पण गर्नुपर्छ ।

स्थानीय तहको सरकारले नागरिकका विषयसँग सघन सरोकार राख्नुपर्छ । कम्तीमा पाँच वर्षको स्थायी सरकार भएकाले आवश्यक काम गर्न समयसमेत हुन्छ । तसर्थ जनप्रतिनिधिले यसरी काम गरोस् कि पाँच वर्षमा प्रत्येक स्थानीय तहका नागरिकलाई त्यो कार्यकाल स्मरणीय रहोस् ।

स्थानीय तह सङ्घीय सरकारले खटाएका तजबिजी काम मात्र होइन आफैँमा अधिकार सम्पन्न सरकार पनि हो । सबै गाउँ-नगर सबल र विकसित भए पूरै देश स्वतः सफल र विकसित हुन्छ । निर्वाचनले स्थानीय जिम्मेवारीलाई स्थानीय तहमा नै छाडेको छ । विकासमा साझेदारी र जिम्मेवारी बहन खोजेको छ ।

अहिले स्थानीय तहका देखिएका बेथिति रोकिएर प्रत्येक नागरिकलाई आयआर्जनमा संलग्न हुने अवस्था सिर्जना हुनुपर्छ । कर्मचारीलाई जवाफदेही, सेवामुखी र नागरिकप्रति उत्तरदायी बनाएर आवश्यक परेमा नागरिक सहकार्यको स्वरूप पस्किएर उचित सहायतासमेत मागिनुपर्छ । पार्टी र नेताहरूको स्तरहीन कार्यशैली, चरित्र र प्रवृत्तिका विरूद्ध जनताको विरोध, निराशा, आक्रोश र अविश्वासको एकमुष्ट अभिव्यक्ति पनि निर्वाचनमा व्यक्त हुन्छ । नेताहरू आपसमा गाली-गलौज र दोषा-दोषमा मग्न मात्रै नरहेनर स्थानीय जनताको समस्या र मर्कालाई राहतमा बदल्नुपर्छ ।

लोकतन्त्र र विधिको शासनले जरा हालेको लाक्षणिक प्रमाणका रूपमा स्थानीय निकायको निर्वाचनलाई लिने गरिन्छ । स्थानीय निकाय प्रशासनिक निकायभन्दा जनताको दैनिक जीवनशैलीसँग जोडिएका सेवा र सुविधा प्रदायक लोकतान्त्रिक निकाय हुन् । तर नेपालमा २०४६ सालको परिवर्तन र प्रजातन्त्रको पुनःस्थापनायता २०७९ सालसम्म ३० वर्षको अवधिमा, राजा ज्ञानेन्द्र नेतृत्वको सरकारको पालामा सहित ५ पटकमात्र स्थानीय निकायको निर्वाचन भएको छ ।

# चुनावको नतिजा र सुशासनको चुनौती

**विचार-विश्लेषण** भाग-१३६



उपेन्द्र झा

भर्खरै वैशाख ३० गते सम्पन्न स्थानीय तहको चुनावमा जित्नेहरू शपथ ग्रहण गर्दै बडो उमंगका साथ कार्यालयमा बस्न थालेका छन् । जित्ने चिन्तामा थकित शरीर र मनमा कुर्सी पाएर ताजगी महसूस भएपनि जनताले खाई दिएको मोटो रकमको पीर भने पिरोलिरहेको छ । कति लाख खर्च भयो हिसाव किताव गर्न बाँकी नै छ । ५ सालको लागि पाएको कामको ठेक्काबाट नै असुल उपर गर्ने मनमा सन्तोष छ । पैसा दिएर किनेको मतबाट जितेको त्यहींबाट क्षतिपूर्ति लिने मेरो नैसर्गिक अधिकार हो भन्ने कुरामा सबैको स्वीकारोक्ति छ । बिना पैसामा जित्ने स्वतन्त्र व्यक्तित्व भने यो श्रेणीमा छैन ।

काठमाण्डौंको बालेन शाह, धरानका हर्क साम्पाङ्ग राई विकास र जनसेवाको भावना लिएर आएका उदाहरण हुन् । बालेन शाहले पहिलो बैठक लाईभ गरेपछि सडे, गलेका, कुहिएका विचारहरू बालेन शाहको चुनौतीको रूपमा प्रष्ट देखा पर्‍यो । पार्टी र सिस्टममा बिग्रेका पार्टपूर्जाहरू सिस्टमलाई कसरी बिगारेको छ, जनसमक्ष आउन जरूरी छ । बालेन शाहले सिस्टमका दुष्प्रवृतिलाई सार्वजनिक गरेर सराहनीय कार्य गरेनको छ ।

पहिलो बैठकमा नै संगठन बिना तपाईं एक्लै जितेर केही गर्न सक्नु हुन्न भनेर बालेन शाहको मनोविज्ञान नै बिगारेर आफ्नो हातमा लिने शठहरूको प्रयास सार्वजनिक भएपछि जनताको कडा प्रतिक्रिया आउनु उनका लागि ठूलो चेतावनी हो । राज्य र राज्यसत्तालाई कमाईको माध्यम बनाउने प्रवृतिहरू लामो समयदेखि हावी छ, यसलाई सहजै हटाउन त सजिलो छैन, तर यस्तै प्रयासबाट जनतामा नाङ्गेझार पार्दै जाँदा स्वच्छता आउन बेर लाग्दैन ।

काठमाण्डौं महानगरपालिकामा स्वतन्त्र व्यक्तिको रूपमा बालेन शाहको उदाहरणीय जीत हो । राजनैतिक दलले मात्र सबैकुरा गर्ने भन्ने क्षुद्र विचारको विकल्पमा जनताले बालेन शाहलाई उभ्याई दिएको छ । समाजिक, राजनैतिक, आर्थिक क्षेत्रमा लगायत हरेक क्षेत्रका कूडा, कचरा, फोहोर मैला कसरी व्यवस्थापन गर्ने भन्ने हनुमान कूदको चुनौती सामना गर्न एउटा लौह पुरूषको रूपमा जनताले बालेन शाहलाई जिम्मेवारी दिएको छ । राजनीतिक दलहरूको स्वार्थनीति क्रियाकलापबाट तङ्ग आएर राजनीतिबाहिरका स्वतन्त्र व्यक्तिलाई रोज्नु दलीय अहंकारलाई तोड्नु पनि हो । बालेन शाहका लागि हजारौं बाधा, व्यवधान उसको मार्गमा रहेको पहिलो लाईभ बैठकले देखाई सकेको छ । तर पनि जनताले बालेन शाहलाई रोजेको छ ।

गरिव मुलुक, अवसरको अभाव, सर्वसाधारणका लागि पढेर जागिर खानु बिल्कुल असम्भव रहेको अवस्थामा सरल तरिकाबाट पैसा आर्जन गर्ने राजनीति बडो प्रभावशाली माध्यम रहेकोले जनसंख्याको ठूलो हिस्सा धनलाभका लागि राजनीतिमा संलग्न भएका छन् । अब राजनीति देश र जनताका लागि नभई यसमा संलग्न व्यक्तिका आमदानीका स्रोत हुन् । सबैको ईच्छा, आकाँक्षा पूर्ति गर्न प्रयोग भएको राजनीतिले जन उत्तरदायी स्वरूप परिवर्तन गरि सकेको छ । पैसावालले चुनाव जितेर वा मनोनीत भएर नीति निर्माणको तहमा बस्ने अधिकार राख्दछ ।

यसरी पैसाको बलमा नीति निर्माणको शीर्ष स्थानमा जाने व्यापारीहरूको चाहना लाभबाहेक अरू केही हुन सक्दैन । अराजनीति व्यक्तिहरूको जमातले देश र जनताको भलो होईन, आफ्नो मात्र भलो खोज्छ । पैसा दिएर सबै पार्टीलाई कब्जा गरेर बस्ने भ्रष्ट तस्कर, माफियाहरूले राजनीतिमाथि एकाधिकार जमाएका कारण राजनीति सकारात्मक दिशा लिन सकि रहेको छैन ।

प्रकाण्ड अर्थवद्, हरेक क्षेत्रका विशेषज्ञ विद्वानहरू, अनुभवी राजनीतिज्ञहरू आदि धेरै संख्यामा राज्य सुविधा भोग गर्छन, रिटायर हुन्छन् र फेरि प्रवेश पाउँछन्, तीन दशक बढि भयो देशको आर्थिक स्तरमा किन्चित सुधार देखिएन । देशले विकासको गति लिन नसक्नुका असल कारण संस्थागत भ्रष्टाचार हो यसलाई स्वीकार गर्न कोही चाहँदैन । नेपालको हरेक क्षेत्र भ्रष्टाचारमा लिप्त छ राष्ट्रिय, अन्तराष्ट्रिय स्तरबाट प्रमाणित भएर पनि यहाँका राजनीति दल वा सरकार मान्न तयार छैन । बेशर्मीको सबैले हदै पार गरेको छ ।

भ्रष्टाचारको विरोध गर्नु आफुले धनलाभ गर्ने स्रोत बन्द हुनु हो । भ्रष्टाचारको चेन अफ कमाण्डमा लाखौं मानिस कार्यरत् छन् र एक जनाले बाहिरको पनि १०, २० जनालाई फायदा पु्र्याई रहेको छ । लाखौंको संख्यामा यस संस्थाबाट लाभ लिई रहेका मानिसहरू कोही भ्रष्टाचारको विरोधमा उत्रिदैन । देखाउनका लागि २, ४ जनाको बलि चढाएर चोखो बन्ने प्रवृति बेला मौकामा हुँदै आएको छ । तर सबैकुराको समय सीमा हुन्छ । यही भ्रष्टाचार शाश्वत् रूप लिन सक्दैन । केही सीमित व्यक्तिले लामो समयदेखि धनलाभ गरि रहँदा जनतामा अभाव, महँगी, करभार आदि थपिदै जाँदा जनता आन्दोलित हुन्छन् र सबै कुरा सखाप हुन्छ ।

खर्चिलो चुनाव प्रणालीले राजनीतिक दलहरूलाई तस्कर, माफियाको अड्डा बनाई दियो । राजनीतिक विचारका व्यक्तिहरू सबै किनारा लागे । पार्टी व्यापार गर्ने थलो भयो । विकृतिका अम्बार लागेको अवस्थामा विकासको कुरा मिथ्या सम्भाषण हुन्छ । तीन दशकको लामो अवधीमा देशप्रतिको माया जागेको भए विकासको थालनी हुन्थ्यो होला । देशको आर्थिक अवस्था यति बिग्री सकेको छ कि यसको सुधार शीर्ष तहका तीनै दलको सोचबाट हुन सक्दैन ।

नेपाली काँग्रेस, एमाले र माओवादी सरकारले वैज्ञानिक कृषिको माध्यमले कृषिलाई उद्योगमा रूपान्तरित गर्ने, उत्पादन क्षेत्रलाई प्रतिबद्धताका साथ विकास गर्ने, देशलाई आत्मनिर्भर बनाएर आयातलाई विस्थापन गर्ने, सबैलाई रोजगारी दिने, युवाहरूलाई बेरोजगार भत्ता दिने, देशमा सुशासन कायम गर्ने आदि जन सरोकारका मुद्दाहरू लिखित रूपमा घोषणा पत्रमा सामेल गरी तसौं वर्षदेखि जनतालाई ठग्दै आई रहेका छन् ।

विकृत सोचले राजनीतिलाई दुषित बनाएको छ । दुष्प्रवृतिले

**विकृत सोचले राजनीतिलाई दुषित बनाएको छ। दुष्प्रवृतिले राजनीतिलाई न सकारात्मक दिशामा जान दिन्छ, न गन्तव्यमा पुग्न दिन्छ। सानो तिनो प्रयासबाट यसमा सुधारका संकेत पनि देखिदैन। आस्थाविहीन धरातल ठूलै परिवर्तनको खोजीमा रहेको भान हुन्छ। गलत शुरूवात्को गलत अन्त हुने सर्वमान्य सिद्धान्तलाई नकार्न मिल्छ ?**

राजनीतिलाई न सकारात्मक दिशामा जान दिन्छ, न गन्तव्यमा पुग्न दिन्छ । सानो तिनो प्रयासबाट यसमा सुधारका संकेत पनि देखिदैन । आस्थाविहीन धरातल ठूलै परिवर्तनको खोजीमा रहेको भान हुन्छ । गलत शुरूवात्को गलत अन्त हुने सर्वमान्य सिद्धान्तलाई नकार्न मिल्छ ? आफ्नै कारणले मृत्यु निम्तिने हजारौं उदाहरण हाम्रो सामु छ । लोकतन्त्रमा पनि जनताले कति दुःख भोग्ने ?

janukjha24@gmail.com

## कृषि औजार र चिनी मिल सञ्चालनमा आए आफ्नो घर दान गर्छु : सांसद श्रीवास्तव



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टीका नेता तथा सांसद विमल श्रीवास्तवले वीरगञ्जस्थित कृषि औजार कारखाना र चिनी मिल सञ्चालन आए आफ्नो घर दान दिने घोषणा गरेका छन् । बिहीबार प्रतिनिधिसभामा बजेटमाथिको छलफलमा भाग लिँदै सांसद श्रीवास्तवले सरकारले बजेटमा भने जस्तो यो वर्ष वीरगञ्जस्थित कृषि औजार कारखाना र चिनी मिल पुनः सञ्चालनमा ल्याए वीरगञ्जस्थित आफ्नो एउटा घर ती कारखानाको नाममा गरिदिने घोषणा गरेका हुन् । उनले भने, 'यो साल वीरगञ्जमा कृषि औजार कारखाना र चिनी कारखाना सञ्चालन भयो भने मेरो नामको एउटा घर छ । त्यो घर सरकारको नाममा पास गरिदिन्छु अथवा त्यो घर बेचेर भए पनि यी कारखानाको फण्डमा दिने म प्रतिज्ञा गर्दछु ।'

सरकारले जहिले पनि मिठामिठा कुराहरू बजेटमा राख्ने तर कार्यान्वयन नगर्ने परिपाटीप्रति व्यंग्य गर्दै उनले यस्तो प्रतिज्ञा गरेका हुन् ।

सांसद् श्रीवास्तवले भने, 'बजेट ललिपप जस्तो देखाउनका लागि मात्र ल्याइएको हो भने मलाई केही भन्नु छैन ।' पर्सा जिल्लाका लागि अरू कुनै कुरा बजेटमा छन् भने त्यो कटौती गरेर भए पनि यी दुई कारखाना यो वर्ष सञ्चालनमा ल्याउन उनले आग्रह गरेका थिए । यी कारखाना सञ्चालनमा आए हजारौंले रोजगारी पाउने र किसानलाई राहत मिल्ने उनको भनाइ थियो ।

## वीरगञ्जबाट लिने मात्र, केही नदिने ? : सांसद यादव



काठमाडौं । जनता समाजवादी पार्टीका नेता तथा सांसद प्रदीप यादवले बजेटमार्फत मधेश प्रदेशलाई दिइने अनुदान गठबन्धन सरकारले घटाएको आरोप लगाएका छन् ।

बुधबार प्रतिनिधिसभामा आर्थिक वर्ष २०७९/८० को बजेटमाथिको छलफलमा भाग लिँदै सांसद यादवले मधेश प्रदेशलाई दिइने अनुदान गठबन्धन सरकारले घटाएको बताएका हुन् । उनले मधेश प्रदेशका लागि खासै योजनाहरूसमेत नल्याइएको भन्दै यसमा पुनर्विचार गर्न सरकारसँग आग्रह गरे ।

सांसद यादवले देशलाई कुल राजश्वको ३५-४० प्रतिशत दिँदै आएको वीरगञ्ज उपेक्षित भएको पनि गुनासो गरेका छन् । उनले देशमा भन्सारबाट उठ्ने राजश्वको ६० प्रतिशत वीरगञ्जले दिँदै आएको पनि बताए ।

उनले भने, 'कुल भन्सारको ६० प्रतिशत भन्सार वीरगञ्जबाट आउँछ । आईसीपी, ड्राइपोर्ट त्यहीँ छ । साना र ठूलो गरी हजारौं उद्योग छन् । ती उद्योगहरूबाट पनि ट्याक्स आउँछ । समग्रमा मुलुकलाई कुल राजश्वको ३५ देखि ४० प्रतिशत वीरगञ्जले दिन्छ । तर, यो बजेटले वीरगञ्जलाई के दियो ?'

राज्यले वीरगञ्जलाई वर्षौदेखि ठग्ने मात्र काम गरेको पनि उनले आरोप लगाए ।

सांसद यादवले भने, 'सभामखु महोदय यो नौलो कुरा होइन, वीरगञ्जलाई सदियौँदेखि ठगिएको छ । वीरगञ्जबाट लिने मात्र तर केही नदिने सोच देखियो ।'

उनले नारायणी रंगशाला जीर्ण हुँदासमेत संघीय सरकारले कुनै वास्ता नगरेकोसमेत गुनासो गरे । संघीय सरकार मातहतको नारायणी रंगशाला प्रदेश वा स्थानीय तह मातहत ल्याउन पनि माग गरेका थिए ।

# बजेटले मधेशलाई छोएकै छैन

मधेशको सवालमा भन्ने हो, यो बजेटले मधेशलाई छोएको छैन । सुनकोशी मरिन डाइभर्सन गरेर सिँचाइ गरिनेछ भन्ने कुरा छ । तर, यो डाइभर्सन कहिले बन्छ ? सिँचाइका लागि कत्ति बजेट उपलब्ध गराइएको छ । अनि मेडिकल कजेल प्रधानमन्त्रीको जिल्लामै जानुपर्ने ? मधेश प्रदेश मानव सूचकांकमा पछाडि छ, अत्यधिक जनसंख्या छ, कम्तिमा मलखादको उद्योग स्थापनाका लागि केही गर्नुपर्दथ्यो । तर, त्यो पनि छैन ।



**उमाशंकर अरगरिया**
**प्रतिनिधिसभा सदस्य**
**लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० आर्थिक वर्ष २०७९/८० बजेटप्रति लोसपाको धारणा कस्तो छ ?**

– यो बजेटमा ओली नेतृत्वको सरकारको बेला जस्तै चार लेनको बाटो निर्माण कार्यलाई निरन्तरता दिनु राम्रो हो । तर, जसरी अहिले श्रीलंकालगायत विभिन्न देशमा भएको आर्थिक संकट र नेपालमै विदेशी मुद्रा सञ्चितिको खराब अवस्था छ, यस्तो समयमा ल्याइएको यो बजेट वैज्ञानिक होइन । सरकारले यसलाई चुनावी बजेट बनाउन खोजेको थियो । तर, यसमा सफल भएको देखिँदैन । विकास कृषिमा फोकस गर्नुपर्छ । हरेक जिल्लामा कुनै न कुनै कृषि उद्योगको स्थापना अपरिहार्य रहेको छ । धानको अत्यधिक खेती हुने जिल्लामा राइस मिल, चिनीको अत्यधिक खेती हुने जिल्लामा चिनी मिल, सुन्तलाको अत्यधिक खेती हुने जिल्लामा जुस मिल खोल्ने अवधारणा ल्याउनुपर्छ । यो किसिमको अवधारणा ७७ वटै जिल्लामा ल्याइयो भने मुख्य रूपमा बेरोजगारीको समस्या समाधान हुन्थ्यो । कृषि गतिविधि बढ्दा हामीले उत्पादन पनि अत्यधिक निर्यात गर्न सक्छौं । यसले हाम्रो देशलाई कृषिको क्षेत्रमा आत्मनिर्भर बनाउन सक्थ्यौं । तर, हामी त्यो गर्न सकेका छैनौं । सरकारको लगानीमा सञ्चालित उद्योगहरूको अवस्था र यसलाई सुधार गर्ने पक्षमा बजेटको ध्यान पुगेन । समग्रमा यो बजेटलाई चुनावमुखी बनाउन खोजिएको छ । त्यो पनि हुने सकेको छैन ।

**० विपक्षीहरूले जहिले पनि बजेटका राम्रा कुराबारे केही नबोल्ने बरू यो भएन त्यो भएन भनेर मात्र भन्न गरेको आरोप छ नि ?**

– मैले सुरूमै राम्रो कुरालाई राम्रो भनेको छु । जस्तै, चार लेनको बाटोका लागि बजेट छुट्याउनुजस्ता योजना तथा कार्यक्रमलाई निरन्तरता दिन राम्रो हो । तर, सरसर्ती बजेटलाई हेर्ने हो भने सबै जसो शीर्षक छोएको देखिन्छ । हामीसँग त्यतिको श्रोत साधन छ र ? धेरै कुरा भन्ने तर कुनै काम पूरा नहुने बजेट हुनु भएन । यसले गर्दा अर्थतन्त्रको दूरगामी समस्याको समाधान नै हुन सक्दैन । देशको अर्थतन्त्रलाई नबुझि बजेट ल्याएको छ । उत्पादनमुखी अवस्थाको सृजना गर्ने कुरा छैन । यो बजेटले देशलाई आत्मनिर्भरतातिर लैजाने कुराको ग्यारेन्टी गर्न सकेको छैन । त्यसैले यसलाई हावादारी बजेट भनेको छु ।

**० मधेशलाई यो बजेटले के दियो ?**

– मधेशको सवालमा भन्ने हो, यो बजेटले मधेशलाई छोएको छैन । सुनकोशी मरिन डाइभर्सन गरेर सिँचाइ गरिनेछ भन्ने कुरा छ । तर, यो डाइभर्सन कहिले बन्छ ? सिँचाइका लागि कत्ति बजेट उपलब्ध गराइएको छ । अनि मेडिकल कजेल प्रधानमन्त्रीको जिल्लामै जानुपर्ने ? मधेश प्रदेश मानव सूचकांकमा पछाडि छ, अत्यधिक जनसंख्या छ, कम्तिमा मलखादको उद्योग स्थापनाका लागि केही गर्नुपर्दथ्यो । तर, त्यो पनि छैन । त्यसैले कृषि क्रान्ति पहिला हुनुपर्छ । त्यपछि औद्योगिक क्रान्तिमा जानुपर्छ । त्यसपछि बल्ल आर्थिक क्रान्तिमा जाने हो । हाम्रो स्थानीयस्तरमा के आवश्यक छ, त्यो कुरा अध्ययन गरेर बजेट ल्याइएको छैन ।

**० जसपा पनि सरकारमा रहेको छ । बजेट ल्याउने कुरामा जसपाको भूमिका कस्तो पाउनुभयो ?**

– जसपा आफै सरकारमा छ । मैले सुनेअनुसार रामराजाप्रसाद सिंह गजेन्द्रनारायण मेडिकल कलेजका लागि केही बजेट छुट्याएको छ । अरू केही छैन ।

**० त्यसो भए अहिले लोसपाको सरकार भइदिएको भए मधेशको हितमा बजेट आउँथ्यो ?**

– एकदमै फरक किसिमको आउँथ्यो । संघीयताको भावना समेटिएको बजेट हुन्थ्यो । मुलुकलाई आत्मनिर्भरतातर्फ लैजाने बजेट ल्याउँथ्यौं । २० वर्षअघिसम्म हामीले भारतमा चामल दाल बिक्री गर्दथ्यौं । तर हामीले अर्बको अन्न आयात गर्नुपरेको छ । हामी अत्मनिर्भरतामुखी बजेट ल्याउँथ्यौं ।

**० तपाईँले विभिन्न किसिमका सुझावहरू दिनुभएको थियो । तपाईँका के के सुझाव समेटिए ?**

– मैल कृषिमा फोकस हुन सरकारलाई भनेको थिएँ । तर, हुन सकेको छैन । जहाँ धानको खेती हुन्छ, त्यहाँ राइस मिल, जहाँ जुटको खेती हुन्छ, त्यहाँ जुट मिल, पहाडमा सुन्तलाको खेती हुन्छ, त्यहाँ जुस मिल । हामी यसरी गएको भए कम बजेटमा मुख्य राजमार्गदेखि कारखानासम्म, कारखानादेखि सदरमुकामसम्म प्रत्येक जिल्लामा कालोपत्रेको व्यवस्था हुन्थ्यो । विद्युत् विभागले विद्युत्को काम गर्ने थियो । अनि बेरोजगारी समस्या समाधान हुन्थ्यो । त्यसपछि हामी आत्मनिर्भर हुन्थ्यौं । आत्मनिर्भर भइसकेपछि बाँकी रहेको खाद्यान्न हामी विदेश निर्यात पठाउँथ्यो । त्यसपछि डलर आउँथ्यो । हामीले हाइड्रोपावरमा लगानी गर्न सक्ने थियौं । पर्यटन क्षेत्रमा लगाउँथ्यौं । हामीले दुई चार वर्ष कृषि क्रान्तिका केन्द्रित हुनुपर्ने थियो । त्यसपछि औद्योगिक क्रान्तिमा देश जान्थ्यौं । बल्ल त्यसछि आर्थिक क्रान्तिमा गइसकेपछि हाम्रो देशको विकास हुन्थ्यो । हाइड्रोपावरतिर पनि विकास हुन्थ्यो । त्यसपछि पर्यटन क्षेत्रको कुरा गर्ने हो भने निजी क्षेत्रले मात्र यसलाई बढावा दिएको छ । पर्यटन क्षेत्रलाई बढाबा दिने योजना सरकारसँग छैन । हाइड्रोपावरको विकासतर्फ सरकारको ध्यान पुगेको छैन ।

**० त्यसो भए अहिलेको बजेट सत्ता गठबन्धन दलहरूका लागि चुनावमा भोट बटुल्न उपयोगी भयो ?**

– होइन, यसले उनीहरूलाई कुनै फाइदा गर्दैन । ६८ वर्षमा वृद्धभत्ता दिनेजस्ता कुराले कुनै फाइदा हुँदैन । ७० वर्षमा भए पनि पैसा बढाइदिनुपर्ने थियो । बेरोजगा युवाको व्यवस्थापनका विषयमा फोकस गर्नु पर्दथ्यो । शिक्षातर्फ फोकस दिनु पर्दथ्यो । स्वास्थ्य उपचारका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने किसिमको बजेट ल्याउनुपर्दथ्यो । तर, यो सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, हाइड्रोपावरलगायत क्षेत्रको विकासका लागि बजेट ल्याइएको छैन । यो हावादारी बजेट हो । त्यसले गर्दा पनि यो बजेटले चुनावमा पनि कुनै असर पार्दैन । असार आउँदैछ, जनतालाई मलखाद चाहिएको छ । सरकारले मलखाद कहाँबाट ल्याउने हो ? जुन सरकारले पैसा तिरेर पनि कृषकका लागि मलखाद उपलब्ध गराउन सक्दैन, त्यो सरकारसँग के अपेक्षा गर्ने । हावादारीको रूपमा बजेट उपलब्ध गराएँ भनेर हुन्छ । बजेट उपलब्ध हुनुपर्छ नि । किसानलाई समयमा मलखाद भएन भने उब्जनी कसरी हुन्छ ? हामीले वैज्ञानिक कृषि पनि अवधारणा राखेका छैनौं । असार आएपछि जनताले बुझिहाल्छन् कि यो बजेट होइन कागजको खोस्टो हो भनेर ।

**० हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा तपाईँको पार्टी लोसपाले अपेक्षित उपलब्धि हासिल गर्न सकेन नि ?**

– पहिलो कुरा के बुझ्नुपर्‍यो भने यो नयाँ पार्टी हो । पहिलाको चुनावमा तत्कालीन राजपाले २५ सिट जितेको थियो । पद जाने डरले धेरै मेयर जसपातिर बसे । यसपाली १६ आएको छ । मनोबल उच्च नै छ हाम्रो । अहिले पनि केही जिल्लामा जिल्ला कमिटीले पूर्णता पाएको छैन । पालिका कमिटी र वडा कमिटीहरू पनि नभएको अवस्थामा हामी चुनावमा गयौं । जनतामा लोसपाप्रतिको प्रभाव कम भएको छैन ।

**० भनेपछि चुनावको परिणाम सन्तोषजनक रह्यो ?**

– हाम्रो दलको लागि सन्तोषजनक छ । जसपालाई भने क्षति भएको छ । हाम्रो संगठन जहाँ थियो त्यहाँ छँदैछ ।

**० लोसपा गठन भएको यतिका समय बित्दासमेत संगठन विस्तार हुन नसक्नु नेतृत्वको कमजोरी हो ?**

– नयाँ पार्टी हुँदाखेरि सबै कुरा मिलाउनुपर्छ । यसैक्रममा स्थानीय चुनाव आयो । स्थानीय चुनावपछि बाँकी रहेका कामहरू पूरा गने गरी हामी अगाडि बढ्यौं । यसमा नेतृत्व पंक्ति दोषी छैन । नयाँ पार्टीमा त्यस्तो हुन्छ नै । अब हामी निरन्तर बैठकहरू बसेर विभिन्न कमिटीहरूलाई पूर्णता दिने काममा जुट्छौं ।

**० केन्द्रीय समिति पनि गठन हुन सकेको छैन नि ?**

– समीक्षा बैठकपछि निरन्तर बैठक बस्छ । त्यसपछि हामीले केन्द्रीय समिति विस्तार गर्छौं ।

**० अन्त्यमा, संघ र प्रदेशको चुनावका बेला लोसपा फेरि एक्लै अगाडि बढ्छ कि अन्य दलसँग गठबन्धन गरेर जान्छ ?**

– स्थानीय चुनावमा हामीले यो अधिकार स्थानीय तहलाई दिएका थियौं । तर, स्थानीय तहमा कुनै दलसँग गठबन्धन भएन । तर, केन्द्रको चुनावमा गठबन्धन गरेर अगाडि बढ्छौं ।

**० कुन दलसँग गठबन्धन हुन्छ ?**

– हाम्रो उपस्थिति राम्रो हुने दलसँग गठबन्धन हुन्छ । यस विषयमा हामी छलफलमा छौं ।

# चुनावमा पैसा खर्च गर्ने मानसिकता अब काम लाग्दैन

अहिले स्थापित देखिएका दलहरू बालुवामा गडेको जरो हो, सानो हावाले पनि उनीहरूको जरोलाई उखालिदिन्छ । हाम्रो नेता भनेको हृदयेश त्रिपाठीजी हो । नेपालको राजनीतिमा सबभन्दा बढी चुनाव जित्ने दुई तीन जना नेतामध्ये उहाँ पनि एक हो । उहाँमाथि अहिलेसम्म कुनै किसिमको आरोप लागेको छैन । उहाँ स्वच्छ, निष्पक्ष, इमान्दार छविका व्यक्तित्व हुनुहुन्छ ।



**श्रीमननारायण मिश्र**
**केन्द्रीय सदस्य**
**जनता प्रगतिशील पार्टी नेपाल**

**० हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा जनता प्रगतिशीलको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– यो चुनावमा जनता प्रगतिशील पार्टी नयाँ दलको रूपमा भाग लिएको थियो । सुरूमा हामीले निर्वाचन आयोगबाट आफ्नो निर्वाचन चिह्नबाट चुनाव लड्न पाउनका लागि धेरै संघर्ष गर्नुपर्‍यो । विभिन्न कारणले गर्दा चुनाव प्रचार प्रसार गर्न हामीसँग समय पनि धेरै कम थियो । अन्य दलहरू जस्तो हाम्रो संगठन पनि विस्तार भइसकेको थिएन । स्थानीय चुनावमा पार्टीको नाम, झण्डाले खासै अर्थ राख्दैन । हामीले एक सातामा उम्मेद्वार चयन गर्नुपर्‍यो । हामीसँग समय धेरै कम थियो । छोटो समयमा हामी निर्वाचनमा भाग लिँदा पनि परिणाम सन्तोषजनक आएको छ । तर, हामीलाई विश्वास छ, आगामी प्रदेश र संघको चुनावमा हामी धेरै राम्रो गर्छौं ।

**० जप्रपाले कुनै दलसँग गठबन्धन वा सहकार्य किन गरेन ?**

– गठबन्धन भनेको एक पक्षीय रूपमा हुँदैन । अर्को कुरा, हामी यदि कोहीसँग गठबन्धनमा गएको भए हाम्रो संगठन विस्तार हुन सक्दैनथ्यो । स्थानीय चुनावमा हाम्रो पार्टी र चुनाव चिह्नको प्रचार होस् भन्ने चाहेका थियौं ।

**० प्रदेश र संघको चुनावी तयारी कस्तो भइरहेको छ ?**

– आगामी प्रदेश र संघको चुनावमा कुनै दलसँग गठबन्धन हुनसक्यो भने त्यहीं हिसावले जाने हो । तर, हामीले बढीभन्दा बढी ठाउँबाट उम्मेद्वारी दिनेछौं । भर्खरै हाम्रो केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । अब हामी प्रधानमन्त्रीलाई एउटा ज्ञापनपत्र बुझाउन लागेका छौं । किसानको समस्या, मूल्यवृद्धि, बजेटमा रहेका कमी कमजोरी लगायतका विषयहरूलाई समेटेर हामी प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन्छौं । यस्तै, हामीले असार-साउन महिनाभित्र मधेश प्रदेश, प्रदेश नं. १ र लुम्बिनी प्रदेशमा संगठन विस्तारको कार्य सम्पन्न गर्छौं । त्यसपछि हामी चुनावको तयारीमा लाग्छौं । अहिले हाम्रो प्राथमिकता संगठन निर्माण र विस्तार नै हुन्छ ।

**० अहिलेसम्म संगठन विस्तार किन हुन सकेन ?**

– अहिले हाम्रो पार्टी नै नयाँ हो । हामीले धेरै कुराहरू नयाँ ढंगले गर्न चाहिरहेका छौं । विस्तारै नयाँ ढंगले संगठन विस्तारदेखि हरेक संगठनहरूलाई पूर्णता दिन्छौं । हामीसँग सक्षम नेतृत्वहरू हुनुहुन्छ । पार्टीका केन्द्रीय पदाधिकारीहरू योग्य र सक्षम छन् । विस्तारै हाम्रो पार्टीले तीव्र गति लिन्छ ।

**० जनता प्रगतिशील पार्टी नेपालको आवश्यकता किन ?**

– नेपाल सद्भावना पार्टीका संस्थापक स्व.गजेन्द्रनारायण सिंह पश्चात् नेपालको राजनीतिमा अनुभवी नेता हृदयेश त्रिपाठीजस्तो यदाकदा मात्रै छन् । मधेशको राजनीतिमा पनि त्रिपाठीभन्दा अनुभवी नेता कोही पनि छैन । मधेशको मुद्दालाई राष्ट्रियस्तरमा फैलाउने काम जति त्रिपाठीले गर्नुभयो, त्यति अरू कसैले गर्न सकेका छैनन् । हृदयेश त्रिपाठीसँग अहिलेका कुनै पनि नेताको तुलना नै हुन सक्दैन । उहाँले राष्ट्रिय राजनीतिलाई पनि राम्ररी बुझ्नुभएको छ । जस्तै, संसदको लेखा समितिलाई प्रभावकारी, विश्वसनीय बनाउने कार्यमा उहाँको ठूलो योगदान छ । नेपालको सार्वजनिक लेखा समितिको प्रशंसा विश्वभरि भएको छ । अहिले स्थापित मधेशकेन्द्रित दलहरू हावादारी हुन् । उनीहरूको पार्टीको नाम, चुनाव चिह्न, झण्डाको कुनै ठेगान छैन । उनीहरूको मुद्दा पनि ठोसरूपमा देखिएको छैन । संविधान संशोधन, मधेश आन्दोलन, मधेशी शहीद, आन्दोलनका घाइतेहरूको नाममा विगतमा जनताको मत बटुले तर ती मुद्दाहरू कति पूरा भए लगायतका कुराहरू जनताले सोध्नेछन् । मधेशको समस्यालाई राष्ट्रको समस्याको रूपमा स्थापित गरी समाधान गर्ने हाम्रो चाहना छ । मधेशको मुद्दालाई बार्गेनिङ्ग गरिराख्ने, भजाइराख्ने प्रवृत्तिको हामी अन्त्य चाहन्छौं । त्यसैले, यो जनता प्रगतिशील पार्टी नेपालको आवश्यक देखियो । वि.सं. २०४७ सालमा संघीयता, आरक्षण, नागरिकता, समानुपातिक समावेशिताको मुद्दा उठाएका थियौं आज ती मुद्दाहरू नेपालमा लागू भएको छ, संविधानमा लेखिएको छ । हामीले उठाउँदै आएको मुद्दाहरू आज देशको आमूल परिवर्तन भएको छ । यसबाट मधेश मात्रै होइन, पूरै देशका उत्पीडित र उपेक्षित जनता लाभान्वित भएका छन् ।

**० स्थानीय तहकै चुनावको मत परिणाम हेर्दा ठूला दललगायत स्थापित छन्, तपाईंहरूलाई जनताले विश्वास गर्छ भन्ने कसरी भन्नुहुन्छ ?**

– अहिले स्थापित देखिएका दलहरू बालुवामा गडेको जरो हो, सानो हावाले पनि उनीहरूको जरोलाई उखालिदिन्छ । हाम्रो नेता भनेको हृदयेश त्रिपाठीजी हो । नेपालको राजनीतिमा सबभन्दा बढी चुनाव जित्ने दुई तीन जना नेतामध्ये उहाँ पनि एक हो । उहाँमाथि अहिलेसम्म कुनै किसिमको आरोप लागेको छैन । उहाँ स्वच्छ, निष्पक्ष, इमान्दार छविका व्यक्तित्व हुनुहुन्छ । आगामी चुनावमा हाम्रो मुख्य मुद्दा भनेको भ्रष्टाचारमाथि प्रहार गर्ने, सुशासन कायम गर्ने, किसानको मुद्दा उठाउने हो । हामीले यी मुद्दाहरूलाई राष्ट्रिय रूपमा उठाउने छौं । निकट भविष्यमै हामीले पश्चिम नेपालमा देशभरिका किसानहरूको एउटा ठूलो सम्मेलन गर्दैछौं । किसानका समस्या हाम्रो प्राथमिकतामा हुनेछ । यसैगरी, हाम्रो प्राथमिकतामा युवा, किसान र जवान हो । हामीसँग इमान्दार, नैतिकवान र स्वच्छ छविका नेतृहरू छन् ।

**० तर, चुनावमा जसले बढी पैसा बाँड्न सक्छ, उसले जित्छ भन्ने कुराहरू छन् नि ?**

– अब आमजनता पैसा लिएर कसैलाई भोट दिन्छ भन्ने कुराहरू हट्दै गएको छ । यसको उदाहरण स्वरूप हालै सम्पन्न स्थानीय तहको निर्वाचनले देखाएको छ । जनताले अब पैसामा आफ्नो बिक्री गर्नेवाला छैन । जनता सचेत हुँदै गएको हो । काठमाडौंमा बालेन्द्र साह, वीरगन्जमा राजेशमान सिंह, धरानमा हर्क राई साम्पाङ, यस्तै थुप्रै ठाउँमा देखिउका छन् । त्यसैले पैसा खर्च गरेर चुनाव जितिन्छ भन्ने मानसिकता अब काम लाग्दैन । सबैलाई थाहा छ कि पैसा खर्च गर्नेहरूले कहाँबाट ती पैसा ल्याएका छन्, फेरि कसरी पैसा असूल गर्छन् । काठमाडौंका मतदाताले जुन सन्देश दिएका छन्, यसबाट देशभरिका मतदाताहरू प्रभावित भएका छन् ।

**० आगामी आर्थिक वर्षको बजेटलाई कसरी हेर्नुभएको छ ?**

– चुनावलाई लक्षित गरेर गठबन्धन सरकारले बजेट ल्याएको छ । यो बजेट धरातलमा टिक्न सक्दैन । कार्तिक, मंसिरमा चुनाव हुने निश्चित भइसकेको अवस्थामा लोकप्रियतावादी बजेट ल्याउनुको अर्थ नै चुनावी लाभका लागि हो । यो बजेट मधेशको दृष्टिकोणभन्दा पनि देशकै निम्ति कार्यान्वयनमा जाने अवस्था छैन । आगामी चुनावको मिति घोषणा भइसकेपछि सबै दलहरू चुनावको तयारीमा लाग्नेछन् । त्यसैले यो बजेट चुनावमुखी मात्रै हो । अहिले देशको आवश्यकतालाई यो बजेटले छोएको छैन । गठबन्धन सरकारको यो हावादारी बजेट हो ।

**० तपाईं लामो समयदेख राजनीतिमा लाग्नुभएको छ, तर कहिल्यै चुनावमा प्रतिस्पर्धा गर्नुभएन, आगामी प्रदेश र संघको चुनावमा के छ योजना ?**

– म वि.सं. २०४७ मा राजनीतिमा प्रवेश गरेको थिएँ । नेपाल सद्भावना पार्टीको रौतहट शाखा सचिव, पाँच वर्ष जिल्ला अध्यक्ष, गजेन्द्रबाबुको समयमा केन्द्रीय समिति लगायत पार्टीका सबै सदस्यमा हिंडिसकें । समानुपातिकमा पनि मेरो नाम तीन पटक परेको थियो । मेरा क्षेत्रकै जनताहरू तपाइँ प्रत्यक्ष चुनावमा आउनुस् भनेर आग्रह गरिरहेका छन् । निर्णय गर्ने भनेको पार्टीले नै हो । पार्टीले जे आदेश दिन्छ, त्यो हामीले मान्नुपर्छ । पार्टीले पनि मलाई प्रत्यक्ष निर्वाचनमा नै जाने निर्देश गर्छ भन्ने विश्वास छ ।

**० तपाईं प्रदेश कि संघको चुनावमा प्रतिस्पर्धा गर्ने ?**

– मेरो चाहना त प्रदेशसभा नै हो । मेरो निर्वाचन क्षेत्र रौतहट निर्वाचन क्षेत्र नं. १ (ख) हो । बाँकी निर्णय पार्टीले गर्ने हो ।

# मतदाताले मलाई अझ निखारिएको, संघर्षशील तथा बलियो रूपमा हेर्न चाहेका छन् कि ?



मनिष मिश्र

मेरो राजनीतिक पृष्ठभूमि लोकतान्त्रिक धारबाट शुरू भएको र तत्कालीन नेपाली काँग्रेसको पारिवारिक पृष्ठभूमि रहेको छ । कलेज पढ्दाको बखत नेविसंघ तथा नेपाली काँग्रेसलाई औपचारिक/अनौपचारिक सहयोग गरियो । त्यसबेला हाम्रो निर्वाचन क्षेत्र सर्लाहीको तत्कालीन सांसद मा.महन्थ ठाकुर हुनुन्थ्यो, उहाँ नेपाली काँग्रेसबाट नै हुनुहुन्थयो ।

वि.सं. २०६४ पुस मसान्तमा जब महन्थ ठाकुरजीसँगै विभिन्न पार्टीका नेताहरू राप्रपाबाट सर्वेन्द्रनाथ शुक्ल, रामचन्द्र राय, काँग्रेसबाट वृषेषचन्द्र लाल, रामचन्द्र कुशवाहा, सदभावनाबाट हृदयेश त्रिपाठी लगायत दर्जनौ नेताहरू तत्कालीन आफ्नो कार्यरत पार्टी परित्याग गरे । अब मधेश भूगोल हो, मधेशी समुदाय हो जबसम्म हामी मधेशको लागि आवाज मजबुत बनाउँदैनौ तबसम्म मधेश शोषणमा परिरहन्छ भनेर सबै जनाको एउटै स्वर आउन थालेपछि एउटा सचेत युवाको हैसियतले उहाँहरूलाई साथ दिने निधो गरे ।

फलस्वरूप २०६४ पुस १३ गते मा.महन्थ ठाकुरजीको नेतृत्वमा तत्कालीन तराई मधेश लोकतान्त्रिक पार्टी गठन भयो र म पनि त्यहीं दिनदेखि पार्टीको औपचारिक सदस्य हुन पुगें । पार्टीले मलाई विद्यार्थी संगठनमा काम गर्ने अभिभारा दियो र मैले विद्यार्थी संगठनको कार्यकर्तादेखि केन्द्रीय नेतृत्वसम्मको भूमिका निर्वाह गरें । परिणाम स्वरूप तमलोपाको विद्यार्थी संगठन तराई-मधेश विद्यार्थी फ्रन्टको पहिलो महाधिवेशनबाट केन्द्रीय अध्यक्षमा निर्वाचित भएँ । पार्टीकै कार्यक्रमहरूलाई अगाडी बढाउने क्रममा कहिले भोकै त कहिले लामो समयको हिडाई त कहिले संगठन विस्तार त कहिले प्रचारप्रसार त कहिले जनपक्षीय माग राखी आन्दोलन आदि अनवरत चल्दै गयो ।

आन्दोलनकै क्रममा प्रहरीद्वारा लट्ठी खाएको, आँशु ग्यासद्वारा प्रताडित भएको त कैयौंपटक थुनामा गएको यसका अनेकन दृष्टान्तहरू छन् । तथापी मधेशको पक्षमा दृढताका साथ अगाडि बढ्ने संकल्पसंगै विभिन्न बाधा अवरोधका बाबजुद नडगमगाई अगाडि बढिरहें । पार्टी पनि कहिले एकता त कहिले अलग हुँदै गयो तर म भने जुन सोच र अठोट २०६४ पुस १३ गते तत्कालीन नेपाल सरकारको मन्त्री पदबाट राजीनामा दिई तत्कालीन नेपाली काँग्रेसको केन्द्रीय कोषाध्यक्षको पद परित्याग गरी साधारण सदस्य समेत नरहने गरी राजीनामा दिई बुलन्द हौसलाका साथ जोशिला होशपूर्ण तथा तार्किक अभिव्यक्ति दिई महन्थ ठाकुरजीले पार्टी गठन गर्नुभयो । त्यहीं सोचले प्रेरित भई आजसम्म उहाँ संगैको पार्टीमा अटल भई अडिग रहेको छु ।

जब वि.सं. २०७४ सालको आम निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालले मलाई तत्कालीनको प्रदेश नं. २ अहिलेको मधेश प्रदेशको प्रदेशसभा उम्मेदवारको रूपमा समानुपातिक सूचिमा मेरो नाम पठाइयो । त्यसलाई पार्टी अहिलेसम्म गरेको मिहिनेतको आंशिक मूल्यांकनको रूपमा लिएको थिएँ । आम निर्वाचनको उम्मेदवार भइसकेपछि मेरो दायित्व अब संगठन मात्र रहेन मैले आफ्नो सामाज, पालिका, क्षेत्रको लागि पनि मिहिनेत गर्नुपर्छ भनि महसुस गरी पालिकादेखि क्षेत्रसम्म तथा संगठनको जिम्मेवारीमा रहेकोले देशभरिकै साथीहरूको समस्या समाधानतिर अग्रसर हुँदै गएँ ।

तत्कालीन प्रदेश नं.२ मा हाम्रो सरकार बन्यो र सरकारको सहयोगमा, विभिन्न संस्थाहरूको सहयोगमा, अन्तर्राष्ट्रिय निकायहरूको सहयोगमा मेरो पालिका रामनगर गाउँपालिकालाई समृद्ध तथा सुगम बनाउनका निम्ति १५० मिटर देखी ५५० मिटरसम्मका कैयौं ढलान सडकहरू निर्माण गराएँ । यसैगरी, रामनगर-१ मा खानेपानी आयोजनाको कार्य शुरूवात गराएँ, विभिन्न मठ मन्दिरहरूको स्तरोन्नति गराएँ, छठी घाटदेखि नदी नियन्त्रणसम्मको कार्य गराएँ, महिलाहरूलाई पैड बनाउन सिकाउनेदेखि स्कुल पढ्ने बच्चाहरूका निम्ति जुत्ता वितरणसम्मको कार्य गराएँ, साधुहरू बस्ने धर्मशालादेखि विद्यालयभित्र सुविधासम्पन्न शौचालयको व्यवस्था गराएँ, पक्की पुलको डिपिआरदेखी झोलुगें पुलसम्मको कार्य सम्पन्न गराएँ ।

यस्तै, क वर्गका बैंक स्थापना गराएँ, शीतलहरका समयमा कम्बल बितरण गरें, विद्यालयमा खेल सामग्रीदेखि शैक्षिक भ्रमणसम्ममा सहयोग गरें/गराएँ । यति मात्र हैन, देखिने बाहेक नदेखिने अनगिन्नत पालिकावासीलाई परामर्शहरू दिएँ, बाटो देखाएँ । पालिका मात्र हैन क्षेत्रकै नेतृत्वहरू बिभिन्न समयमा बिभिन्न किसिमका सहयोग तथा सल्लाह दिँदै आएँ ।

यति भएपछि पालिकाभित्र भन्ने गरिन्छ “जति काम यहाँको मेयरले गरेका थिएन त्योभन्दा बढी विकास कुनै पदमा नरहेर मनिषले गरेर देखाइदिएछ ।” आज प्रदेशबाट ल्याएर विकास नभएको भए पालिका नै सुनसान देखिने थियो । यति सुन्दा मेरो मन प्रफुल्लित भएर आउँछ र फेरि झोक चल्छ मेरो पालिका धेरै कुरामा पिछडिएको पालिका हो यसका लागि नयाँ तरिकाले सोच्नु पर्दछ । केही न केही गर्नु पर्दछ ।

यसरी नै काम गर्नका लागि सोच बनाएर पालिकादेखि क्षेत्र, जिल्लासम्ममा राम्रो कार्यको शुरूवात गर्नुपर्छ, राम्रो राजनीतिक संस्कारको विकास गर्नुपर्छ भनेर सोचे र त्यसका निम्ति बढी समय क्षेत्रमै दिनुपर्ने भएकोले विद्यार्थी संगठनको केन्द्रीय अध्यक्ष पदबाट राजीनामा दिए र अब मूलधारको राजनीतिमा रही जनताको सेवा गर्नेछु भनि मन बनाएँ ।

यही यस्तै चलिरहँदा स्थानीय चुनावको मिति घोषणा भयो । पालिकामा गए पार्टीभित्र चुनावी छलफल तीव्र भयो साथीहरूले गाउँ, समाज राम्रोसँग बुझ्न लाई स्थानीय चुनावमा आउनु पर्छ भने तर मेरो ईच्छा थियो प्रदेश सभाको निर्वाचनमा भाग लिने । लगातार पालिकामा छलफल हुन थाल्यो पार्टीभित्र वडाका आकांक्षाहरू धेरै देखिन थाले पालिका अध्यक्षको लागि अरू पार्टीबाट टिकट नपाएका व्यक्तिहरू टिकट दिनुभयो भने आउँछु भनेर पार्टी भित्रकै व्यक्तिहरूलाई उचाल्न थालें ।

तथापि समय कम भएकोले पार्टीभित्र निर्णय गर्नुपर्ने भएकोले केही समयको अन्तरालपछि प्रत्येक वडाका अध्यक्षहरू र पालिका अध्यक्ष, उपाध्यक्षको बारेमा सर्वसम्मत निर्णय भयो, जसमा पालिका अध्यक्षमा मेरो नाम सर्वसम्मतले निर्णय भयो । तर पनि म चाहन्थे पार्टी भित्रबाटै कोही पालिका अध्यक्षको उम्मेदवार बनून जसलाई म सहयोग गरौं । तर विभिन्न किसिमका लोभलालच दिई अरूले उचाल्दैमा उचालिने र आफ्नै पार्टीभित्र अरूको गुनगान गर्ने प्रवृति पनि देखियो ।

हामीलाई लामो समयसम्म राजनीतिक जिवन बिताउनु छ । हार-जीत ठूलो होइन, राजनीतिक संस्कारको विजारोपन गर्नुछ, माथि भनिए जस्तै विकास गर्न पदमै पुग्नुपर्दछ भन्ने जरूरी छैन सोच हुनुपर्दछ । जनताको मन जित्न सके पद कुनै ठुलो कुरा होइन । यी र यस्तै चर्चा परिचर्चा हुँदै गयो तर हाम्रो घरमा कसैको कालो नजर लागिसकेको आभाष गरे जति सम्झाउँदा बुझाउँदा पनि चितबुझ्दो माहौल नभएपछि पार्टीको साख र सामाज बुझ्नका निम्ति अन्तिम घडीमा गापा अध्यक्षमा चुनाव लड्ने निधो गरें ।

२०७९ को स्थानीय निर्वाचनमा रामनगर गापाको अध्यक्ष पदका लागि नोमिनेसन दिइयो । मैले प्रत्यक्ष चुनाव लडेको पहिलो चोटी थियो, अनुभव लिने मौका पाएँ, धेरै कुराहरू बुझियो, सिकियो र यसको सबैभन्दा राम्रो पक्ष घरहरूमा भोट माग्न जाँदा प्रत्यक्ष संवाद गरिन्थयो । जुन कि राजनीतिक व्यक्तिका लागि सधैंभरिका सम्पति हुन्छ । उक्त कुरा हासिल गर्ने मौका पाएँ तर निर्वाचित हुनका निम्ति चाहिने संख्या पुग्न सकेन । तथापि अनुभवी भएकोमा खुसी छु ।

चुनावको क्रममा अनुभव भएका तितामाठा कुराहरू कुनै दिन लेख्नेछु । तर मैले महसुस गरेको कुरा के हो भने जुन ठाउँमा गएँ त्यहाँ राम्रै कुराहरू सुने, सकारात्मक टिप्पणी सुने, सबैले सराहना पनि गरे तर धेरै घरमा म आफै पहिला पुग्या थिइन जुन चुनावको बेला पुगे । जुन कि ढिलो भइसक्या थियो । स्थानीय चुनाव लडनका निम्ति ग्रामीण भेगमा पहिला नै घर-घरमा पुगिसकेको हुनुपर्थ्यो, ग्रामीण भेगमा सबैभन्दा बढी प्रभाव पर्ने नै व्यक्ति-व्यक्तिसँगको चिनजान हो । किनभने त्यहाँका धेरैजसो मतदाता टेक्नोलोजीबाट टाढा रहेका हुन्छन् ।

नेताको बारेमा बुझ्ने भनेकै चिनजानको भरमा हो, त्यसमा अन्तिम समयमा उम्मेद्वारी दिएकोले मिहिनेत नपुगेको महसुस गरे र नयाँ-नयाँ ग्रामीण भेगमा जसरी-जसरी चिनजान हुँदै गयो ती सबैले मलाई अझ संघर्षशील तथा बलियो रूपमा हेर्न चाहेको महसुस गरें । भलेही कम समयको प्रचार-प्रसारले मतको हिसाबले सहयोग भएन । तर मान, प्रतिष्ठा तथा उज्ज्वल राजनीतिक भविष्यका निम्ति अथाह आशिर्वाद तथा अनेकन अनुभव हासिल भयो । अहिलेसम्म कमाइको यही मेरो सम्पति हो । यही मेरो पूँजी हो यसैलाई संग्रह गरी आगामी दिनको राजनीतिक यात्रालाई अगाडी बढाउनेछु । म जुन अवस्थामा रहे पनि मेरो मतदातालाई आफ्नो शिर माथि राख्नेछु भनी प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

*(लोसपा नेता मिश्र सर्लाही जिल्लाको रामनगर गाउँपालिका अध्यक्ष पदका प्रत्यासी हुन् ।)*

## निजगढ विमानस्थल बन्न नदिने फैसलाले मधेश प्रदेशलाई बर्बाद पार्छः पूर्वमन्त्री पौडेल

काठमाडौं । बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सर्वोच्च अदालतले रोक लगाएपछि बारा र काठमाडौंमा निरन्तर विरोध प्रदर्शन हुँदै आएको छ । आदेशविरूद्ध आइतबार पनि काठमाडौंको माइतीघर मण्डलमा प्रदर्शन भएको हो । गत बिहीबार सर्वोच्चले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सरकारको सबै निर्णयलाई बदर गरिदिएको थियो । त्यस्तै, निजगढमा स्थानीयवासीले मशाल जुलुस निकालेका छन् । स्वतन्त्र निजगढ युवा विद्यार्थी सरोकार मन्चको आयोजनामा युवाहरूले निजगढस्थित पूर्वपश्चिम लोकमार्गको विभिन्न स्थानबाट मशाल जुलुस प्रदर्शन गरेका हुन् । उनीहरूले सर्वोच्चले त्रुटिपूर्ण निर्णय गरेर विकासमा अवरोध गरेको भन्दै जिल्लामा बन्ने राष्ट्रिय महत्व बोकेको गेमचन्जर योजनामाथि अकल्पनीय ढंगले अदालतबाट आदेश हुनु दुर्भाग्यपूर्ण भएको बताएका छन् । अन्तर्राष्टिय विमानस्थल निर्माणको चर्चाले तराईवासीमा बढेको उत्साह र समृद्धिको सपनालाई सर्वोच्चको निर्णयले तुसारापात गरेको उनीहरूको भनाइ छ । मशाल जुलुसपछि भएको कोणसभामा पूर्वमन्त्री एवं एमाले नेता पुरूषोत्तम पौडेलले यो निर्णयले देश र खासगरी मधेश प्रदेशलाई नै बर्बाद पार्ने बताए । यसअघि आइतवार बिहान युवा तथा विद्यार्थीहरूले शहीद चोकमा धर्ना र चक्काजाम गरेका थिए । कार्यक्रममा सहभागीहरूले सर्वोच्च अदालतको निर्णय पुनरावलोकन नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

## नागरिकताविहीन नागरिकको आन्दोलनमा प्रहरी हस्तक्षेप

काठमाडौं । नागरिकताविहीन नागरिकद्वारा गरिएको आन्दोलनमा प्रहरीले हस्तक्षेप गरेको छ ।

मंगलबार नागरिकताविहीन नागरिकहरूले संसद् भवन अगाडि गरेको आन्दोलनमा प्रहरीले हस्तक्षेप गरी केही युवालाई पक्राउ गरेको हो । प्रहरीले नागरिकताविहीन संघर्ष समितिका संयोजक इन्जिनियर जित साफीसहित केही युवालाई पक्राउ गरेको छ । उनीहरूलाई पक्राउ गरी नयाँ बानेश्वरस्थित प्रहरी चौकीमा राखिएको छ ।

काठमाडौं केन्द्रित आन्दोलनमा उत्रिएका उनीहरूले आज तेश्रो दिन पनि नागरिकताको माग गर्दै प्रदर्शन गरेका थिए । जन्मसिद्ध र एकल आमाका सन्तानहरूलाई नागरिकता दिन सरकार र संसद् जिम्मेवार नभएको भन्दै समिति आन्दोलनमा उत्रिएको हो ।

राज्यले आफूहरूलाई नागरिकताविहीन बनाएकाले आन्दोलनमा उत्रिनु परेको उनीहरूले बताउँदै आएका छन् । नागरिकता नहुँदा उच्च शिक्षा प्राप्त गर्न, जागरी गर्न, विद्यालय भर्ना, सवारी लाइसेन्स, जग्गा पास गर्न, बैंक खाता खोल्न, सिमकार्ड लिनसमेत समस्या भएको उनीहरूको गुनासो छ ।

दलहरूबीच सहमति नहुँदा नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक लामो समयदेखि विचाराधीन छ ।

## मधेश अपडेट

### मौलापुरको कार्यपालिका सदस्यमा एमालेका आठै जना निर्विरोध

रौतहट । जिल्लाको मौलापुर नगरपालिकाको कार्यपालिका सदस्यमा आठै जना उम्मेदवार निर्विरोध चयन भएका छन् । आठैजना उम्मेदवार नेकपा एमालेका हुन् । नगरपालिकाको कार्यपालिका निर्वाचनका लागि मनोनयन दर्ता गराएका एमालेका आठ जना निर्विरोध भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृतका अनुसार कार्यपालिका सदस्य आठ जनाका लागि एमालेबाट महिलातर्फ ५ जना र दलित तथा अल्पसंख्यकबाट उम्मेदवारी परेको थियो । मौलापुर नगरपालिका वडा नम्बर २ कि अनिता देवी राम, वडा नम्बर ४ कि शान्ति पासवान तथा बुधिया देवी, वडा नम्बर ६ कि प्रतिमा देवी र वडा नम्बर ९ कि आशा देवीको उम्मेदवारी परेको थियो भने दलित तथा अल्पसङ्ख्यकबाट वडा नम्बर १ का वैजनाथ साह कलवार, वडा नम्बर ६ का चन्देश्वर बैठा र वडा नम्बर ५ का सुनिल कुमार साह कानुले उम्मेदवारी दिएका थिए । सबै सदस्य सर्वसम्मत भएका छन् ।

### धोबिनी कार्यपालिका सदस्यमा कांग्रेस विजयी

वीरगन्ज । पर्सा जिल्लाको धोबिनी गाउँ कार्यपालिका सदस्यको निर्वाचनमा नेपाली काँग्रेसको प्यानल विजयी भएको छ । ६ कार्यपालिका सदस्यको लागि भएको निर्वाचनमा काँग्रेसका सबै उम्मेदवार विजयी भएका हुन् । दलित वा अल्पसङ्ख्यक सदस्यमा काँग्रेसका दिनेश प्रसाद र नन्दकिशोर प्रसाद कानु विजयी भएको निर्वाचन अधिकृतको कार्यालय धोबिनीले जनाएको छ । निर्वाचन कार्यालयका अनुसार दुवै जनाले १५-१५ मत ल्याएर विजयी भएका हुन् । दुवै जनाका प्रतिस्पर्धी जनता समाजवादी पार्टी (जसपा) का दिपक कुमार सर्राफ र प्रमेश्वर ठाकुरले १२-१२ मत पाएका थिए । महिला सदस्यमा काङ्ग्रेसकै परमजोती कुमारी, रिना देवी, शारदा पासवान र शोभावती देवी विजयी भएका हुन् । चारै जनाले १५- १५ मत ल्याएर विजयी भएका छन् । चारै जनाका प्रतिस्पर्धी जसपाका नगिना देवी, व्यान्ती देवी कुर्मीले १२-१२ मत पाएका थिए भने एमालेका कोशिला देवी पटेल र बचनी देवीले ११-११ मत पाएका थिए । २७ मतदाता रहेको गाउँ कार्यपालिका सदस्यको निर्वाचनमा काँग्रेसका १५, जसपाका ८ र एमालेका ४ मतदाता रहेका थिए । काँग्रेसले एक्लै र जसपा र एमालेले गठबन्धन गरेर कार्यपालिका सदस्यको चुनाव लडेका थिए ।

### कोरोना बीमा बापतको रकम भुक्तानी गर्न आदेश

मोरङ । विराटनगरस्थित उच्च अदालतले कोरोना बिमा बापतको रकम भुक्तानी गर्न आदेश दिएको छ । अदालतका सूचना अधिकारी ओम सुवेदीले कोरोना बिमाको रकम भुक्तानीबारे बिमा कम्पनीको नाममा सोमबार परमादेश गरेको हो । सूचना अधिकारी सुवेदीले अदालतका कायममुकायम मुख्य न्यायधीश सत्यमोहन जोशी थारू र न्यायाधीश जगतनारायण प्रधानको संयुक्त इजलासले बिमाको रकम भुक्तानी गर्न परमादेश गरेको हो । गत वर्ष २१ भदौ नेपाल पत्रकार महासंघ मोरंग शाखाले उच्च अदालत विराटनगरमा बिमा रकम भुक्तानीका लागि परमादेश माग गर्दै रिट दायर गरेको थियो । सो रिट दायर निवेदकको पक्षमा परमादेश आदेश आएको हो । अदालतमा सोमबारको पेशीमा पत्रकार महासंघ मोरङ शाखाका तर्फबाट अधिवक्ता मनोजकुमार आचार्यले पैरवी गरेका थिए । विपक्षीको तर्फबाट ५ जना कानुन व्यवसायीले बहस गरेको सूचना अधिकारी सुवेदीले जानकारी दिए । दुवैतर्फको बहसपछि अदालतले बिमा गर्ने कम्पनी अजोड इन्स्योरेन्स लिमिटेडलाई बिमा रकम भुक्तानी गर्न परमादेश हो । सूचना अधिकारी सुवेदीका अनुसार अबको पाँच दिनपछि आदेशको पूर्णपाठ आउनेछ ।

### बजेटमा महिलालाई नसमेटिएको गुनासो

धनगढी । सुदूरपश्चिम प्रदेशसभाको १०औं अधिवेशनमा बजेटका प्राथमिकता तथा सिद्धान्तमाथि छलफल सुरू भएको छ । सोमबार प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश रावलले बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका हुन् । मंगलबार बसेको प्रदेशसभाको दोश्रो बैठकमा सिद्धान्त र प्राथमिकतामा छलफल सुरू भएको हो । छलफलमा सुझाव राख्ने क्रममा प्रदेशसभा सदस्यहरूले महिलाका बारेमा बजेटको सिद्धान्त र प्राथमिकतामा नपरेकोमा आपत्ति जनाएका छन् । प्रदेशसभा सदस्य सुशीला बुढाथोकीले महिलामाथि सुदूरपश्चिममै सबैभन्दा बढी उत्पीडन हुने गरे पनि त्यसलाई न्यूनीकरण गर्ने कुनै योजना नआएको गुनासो गरिन् । महिलालाई आत्मनिर्भर नबनाएसम्म कुरूतिको अन्त्य हुन नसक्ने र आगामी बजेटमा महिला आत्मनिर्भरमुखी योजना ल्याउन उनले सुझाव दिइन् । यता सुदूरपश्चिमका ८८ स्थानीय तहमध्ये हालसम्म जम्मा ८७ पालिकामा निर्वाचन सम्पन्न भइ मत परिणाम आएको छ । तर, सुदूरपश्चिम प्रदेश सभाका सदस्यहरूले भने ८८ वटै स्थानीय तहमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको दाबी गरेका छन् ।

### विप्लवको पार्टीले असोजमा महाधिवेशन गर्ने

रूपन्देही । पार्टी विभाजनपछि नयाँ रणनीति तय गर्न विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आगामी असोजमा महाधिवेशन गर्ने तयारी गरेको छ । पार्टी नेता धर्मेन्द्र बाँस्कोटा, हेमन्त प्रकाश ओलीलगायतले पार्टी विभाजन गरेर नेकपा (बहुमत) बनाएपछि पार्टी केन्द्रीय कमिटी बैठक उदयपुरमा बसेको थियो । बैठकले असोज १ देखि पार्टीको नवौं महाधिवेशन गर्ने निर्णय गरेको छ । १२ जेठदेखि १७ गतेसम्म चलेको बैठकमा पार्टीको आगामी रणनीति, पार्टी विभाजनबाट भएको क्षति तथा त्यसरी जाने नेताहरूले लिएको जिम्मेवारी विभाजन लगायतका विषयमा छलफल भएको थियो । बैठकमा महासचिव विप्लवले पेश गरेको राजनीतिक प्रतिवेदनमा सहभागीले छलफल गरेका थिए । बैठकले पार्टी संगठनलाई बलियो बनाउन सबै ब्युरोस्तरका प्रशिक्षण कार्यक्रम संचालन गर्ने र ती प्रशिक्षणमा विप्लव आफैं सहभागी हुनेगरी तय भएको छ । स्थानीय तहको निर्वाचनमा पार्टी सहभागी हुने विषयमा विवाद बढ्दै गएपछि विभाजनअघि निर्वाचनको पूर्वसन्ध्यामा कपिलवस्तुमा बसेको बैठकले कुनै औपचारिक निर्णय गर्न नसके पनि पार्टीबाट स्वतन्त्र उम्मेदवारी दिनेलाई खुला गर्ने विप्लव तथा प्रकाण्डको प्रस्तावलाई असन्तुष्ट पक्षले विरोध गर्दै आएको थियो । पछि यही विषयलाई लिएर दुवै पक्षले एकले अर्कोलाई कारबाही गरेको घोषणा गरेर पार्टी विभाजन भएको थियो ।

### एमाले र नागरिक उन्मुक्तिको गठबन्धन विजयी

कैलाली । कैलालीको भजनीनगर कार्यपालिकामा ८ जना सदस्यनिर्वाचितभएका छन् । यहाँ नेकप ।एमाले र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीबीच तालमेल भएको थियो । ८ जनाको लागि भएको निर्वाचनमा १३ जनाको उम्मेदवारी परेको थियो । तीमध्ये नागरिक उन्मुक्तिका ६ जना र एमालेका २ जना निर्वाचित भएका हुन् । निर्वाचित हुनेमा महिला सदस्यतर्फ नागरिक उन्मुक्तिका कृष्णकुमारी चौधरी, जैसरा कामीओड, मनदेवीचौधरी, शान्तीकुमारी चौधरी र रजमतीचौधरी छन् । उनीहरूले कुल खसेको ४६ मध्ये ३३ मत पाए । त्यस्तै दलित वा अल्पसंख्यकतर्फ नागरिक उन्मुक्तिका एकजना र एमालेका २ जना निर्वाचित भए । नागरिक उन्मुक्तिका गणेशकुमार विक, एमालेका प्रेमबहादुर चन्दरा र रामदेवी राजी निर्वाचित भएका छन् । विकले ३२ मत पाए भने प्रेम र रामदेवीले ३३/३३ मत पाए । कांग्रेसका प्रतावसिंह ताम्राकार, सन्तोष दमाईले १३/१३ मत पाए । भजनीमा नागरिक उन्मुक्तिका २३ र एमालेका १० जना सदस्य छन् । माओवादी र कांग्रेसले तालमेल गरेर निर्वाचनमा होमिएका थिए । महिला सदस्यतर्फ रामकुमारी देवी चौधरी, रिना कुमारी डगौंरा, रेखा कामीले १३ मत ल्याए ।

### अन्तरघात हुँदा जसपालाई फाइदा

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरमा कार्यपालिका सदस्यका लागि भएको निर्वाचनमा गठबन्धनभित्र अन्तर्घात भएको छ । नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र राप्रपाबीचको गठबन्धनमा अन्तर्घात भएको हो । गत ३० वैशाखमा निर्वाचनमा गठबन्धन रहेको कांग्रेस-जसपा कार्यपालिका सदस्य निर्वाचनमा फुटेर नयाँ गठबन्धन कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र राप्रपाबीच स्पष्ट बहुमत हुँदा हुँदै पनि गठबन्धनका तीन जना उम्मेदवार पराजित गराउँदै जसपाले फाइदा उठाएको छ । नेपालगञ्ज उपमहानगरपालिकाको कार्यपालिका सदस्य निर्वाचनका लागि सोमबार मतदान भएको थियो । ८ जना सदस्यका लागि भएको निर्वाचनबाट नेपाली कांग्रेसका ३ जना, जनता समाजवादी पार्टी (जसपा) नेपालका ३ जना र राष्ट्रिय प्रजातन्त्र पार्टीका २ जना निर्वाचित भएका छन् । कार्यपालिका सदस्य निर्वाचनमा एकातिर कांग्रेस, माओवादी, राप्रपा र नेकपा एकीकृत समाजवादी (एस) बीच तालमेल भएको थियो भने अर्कोतिर जसपा र नेकपा एमालेबीच गठबन्धन थियो ।

# जनकपुरधामका प्रमुखसँगका अपेक्षा



ललितकुमार यादव

जनकपुरधाम उपमहानगरपालिकाको मेयरमा काँग्रेस परित्याग गरी स्वतन्त्र उम्मेदवारी दिएका मनोजकुमार साह सुडी विजयी भएका छन् । सर्वप्रथम विजयी भएका सम्पूर्ण जनप्रतिनिधिहरूलाई म जनकपुरधामको मतदाता नभएपनि जनकपुरधामवासी र जनकपुरधामको करदाता भएकोले मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई दिन चाहन्छु र नव निर्वाचित जनप्रतिनिधिहरूको कार्यकाल यतिसम्म सफल रहोस् कि स्वागतभन्दा कयौं गुणा भव्य विदाई हुन सकोस् भनेर कामना गर्न चाहन्छु । नगरवासीहरू मतदाता र करदाता मात्रै होइनन् सेवाग्राही पनि हुन् । सार्वजनिक सेवाको वितरणलाई सहज र सर्वसुलभ बनाई आम नगरवासीलाई उपमहानगरपालिकासँग जोड्ने कडी बन्न सक्नु पर्छ जनप्रतिनिधिहरू ।

अहिले पनि आधारभूत आवश्यकताको रूपमा रहेको आधारभूत शिक्षा, स्वास्थ्य, सरसफाई, शुद्ध खानेपानी, रोजगार र सिँचाई आदि नै नगरवासीको माग रहेको छ । दलहरूको चुनावी एजेण्डा पनि यिनै हुन् तर जनताको माग पुरा हुन सकेको छैन् । देशैभरिका पालिकाहरूको समस्या यिनै र यस्तै हुन् । धरानमा मूख्य रूपमा खानेपानीकै मुद्दा उठाएर स्वतन्त्र उम्मेदवारी दिएका हर्क साम्पाङ्ग मेयरमा विजयी भएका छन् । यस्तै मुद्दाहरू उठाएर काठमाडौं महानगरमा बालेन उदाएका छन् । ठाउँ अनुसार केही फरक फरक मुद्दाहरू भएपनि समग्रमा देशभरिका पालिकाहरूले सम्बोधन गर्नु पर्ने मुद्दाहरूमा खासै फरक छैन् ती यिनै र यस्तै हुन् । त्यसमा सुशासन, सार्वजनिक सेवा वितरणमा व्यापक सुधार र व्यवस्थापनको खाँचो पनि रहेका छन् । जनकपुरधामवासीले पनि आगामी पाँच वर्षमा यिनै र यस्तै समस्याको समाधानको अपेक्षा राखेका छन् नवनिर्वाचित मेयर र उपमहानरपालिकासँग ।

सर्वप्रथम उपमहानगरपालिकाले आफ्नो नगरक्षेत्रलाई भौतिक पूर्वाधारको आधारमा शहर, शहरोन्मुख र ग्रामीण क्षेत्र गरी तिन क्षेत्रमा वर्गीकरण गर्न सक्नु पर्छ । यसरी वर्गीकरण गरी सकेपश्चात् क्षेत्रगत प्राथमिकता निर्धारण गरी समग्र जनकपुरधामको विकासको गुरूयोजना तयार गरी नगरवासीको अपेक्षा पूरा गर्न तर्फ तत्पर भई इमानदारिताका साथ द्रुत गतिमा काम अगाडि बढाउनु पर्छ । अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन गरी तीन खालको गुरूयोजना तयार गरी लागू गरेर जनकपुरधामको विकास गर्न सकिन्छ । प्राथमिकता आधारमा काम, सुशासन र पारदर्शिता कायम गर्न सकेमा जनकपुरधामको विकास गर्न कुनै लामो समय लाग्दैन् ।

जनकपुरधामको बृहत विकास गर्न गर्नु पर्ने धेरै कामहरू छन् । ती सबैको चर्चा एउटै आलेखमा गर्न सम्भव छैन । यस आलेखमा सतहमा देखिएका जनकपुरधामवासीको अपेक्षाहरूको संक्षिप्त चर्चा मात्र गर्ने जमर्को गरेको छु । यस आलेखमा चर्चा गरिएका समस्याहरू जनकपुरधामको प्राथमिक समस्याहरू रहेका छन् र यी समस्याहरूको सम्बोधन विना समग्र जनकपुरधामको बृहत विकास हुनै सक्दैन ।

अहिले वर्षामा जनकपुरधाम जलमग्न हुने गरेको छ । प्रायः पूरानो घरहरूमा पानी पसेर एक किसिमको डुबानकै अवस्था हुन्छ । बजार क्षेत्रकै सडक डुबानमा पर्ने गरेको छ । नागरवासीलाई यस समस्याबाट राहत दिने गरी ढल नालाको निकास खोल्ने व्यवस्था गर्ने र वर्षाको पानी जम्ने समस्याको सामाधान उपमहानगरले तत्काल निकाल्नु पर्छ । तत्कालका लागि नगरको प्रमुख समस्याको रूपमा यसलाई लिई सामाधान दिने काम उपमहानगरले तत्कालै गर्नु पर्छ ।

सार्वजनिक शिक्षण संस्थाको स्तरोन्नति, समयसापेक्ष गुणस्तरीय शिक्षा, स्थानीय स्रोत साधनको उपयोगमा आधारित जीवन उपयोगी र खोज तथा अनुसन्धानमा आधारित शिक्षा, प्राविधिक शिक्षामा जोड, सार्वजनिक शिक्षाप्रति आम अभिभावकलाई विश्वस्त पारी विद्यार्थीलाई आकर्षित गर्ने, शैक्षिक सामग्रीको अभाव हुन नदिने व्यवस्था, आईसिटीमा आधारित शिक्षा दिने व्यवस्था, उत्कृष्ट व्यवस्थापनका लागि समुदायको अपनत्व र सर्वोत्कृष्ट नतिजाको लागि प्रतिस्पर्धी जनशक्तिको विकास आदि काम शिक्षा क्षेत्रमा गर्नु पर्ने हुन्छ ।

सबै नगरवासीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराई स्वास्थ्य उपचारको ग्यारेण्टी, नजिककै स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा, नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, समय समयमा विशेषज्ञसहितको स्वास्थ्य सेवा, सुत्केरी, बालबालिका र बृद्धबृद्धालाई विशेष स्वास्थ्य सेवा दिन सक्ने गरी उपमहानगरलाई सक्षम बनाउनु पर्छ ।

जनकपुरधाममा पानीको समस्या छैन तर खानेपानीको उपलब्धता त्यति सहज पनि छैन । भलै यो समस्या कसैको नजरमा पर्न सकेको छैन तर समस्या छ । पुरानो ह्यान्ड पाइपको पानी खान योग्य छैन भने खानेपानी वितरणको लागि बिछ्याइएको पाइप बजारक्षेत्रकै घर घरमा पुग्न सकेका छैनन् । पाइपबाट आउने पानी सफा पनि आउँदैन । त्यसैले जनकपुरधामको घरघरमा जारको पानीको प्रयोग बढ्दै छ तर त्यो पानी पनि शुद्ध छ कि छैन ? भनेर ढुक्कसँग खाने सहज अवस्था चाँही छैन ।

धुलोरहित सडक, पैदलयात्रीका लागि सडकपेटी, आवश्यकता अनुसार छुट्टै साइकल लेन, अटोरिक्साको व्यवस्थित सञ्चालन, ट्राफिक नियमको कडाईका साथ पालना, जेब्राक्रस र ट्राफिक बत्तिको व्यवस्था, सडक बत्तिको व्यवस्था, आधुनिक बसपार्क, अटोरिक्सा पार्क, छुट्टै भ्यान र जिप पार्क आदि यातायात र सडकलाई व्यवस्थित गर्न गर्नै पर्ने काम छन् ।

उपमहानगरपालिकाले गर्नै पर्ने अर्को महत्वपूर्ण काम फोहोर व्यवस्थापन र लामखुट्टे नियन्त्रण रहेको छ । फोहोर र लामखुट्टे जनकपुरधामको पहिचान नै बनिसकेको छ । फोहोर फाल्ने भन्दा संकल्न गर्ने बानीको विकास नगरवासीमा गराउन सक्नु पर्छ । फोहोर उत्पादन हुने ठाउँमै फोहोरलाई वर्गीकरण गरेर संकलन गर्न लगाउने त्यसरी संकलित फोहोर त्यहींबाट उठाएर आधुनिक प्रविधिको प्रयोग गरी फोहरबाट मोहर लिने गरी फोहर व्यवस्थान गर्न सकिन्छ । एउटा चकलेटको खोस्टासमेत नफाल्ने त्यसलाई संकल्न गर्ने बानीको विकास नगरवासीमा गराउन सक्नु फोहर व्यवस्थापनमा ठूलो उपलब्धि हुन्छ । टोल सुधार समितिको अवधारणा ल्याई फोहर व्यवस्थापन र सरसफाईमा स्वयम् नगरवासीलाई नै बढीभन्दा बढी जिम्मेवार बनाउन सकिन्छ । सार्बजनिक शौचालयहरूको निर्माण र सफा राख्ने गरी संचालन, खुद्रा व्यापारको लागि ठाउँको व्यवस्था र सरसफाईको जिम्मा व्यपारीकै, व्यवस्थित र सफा कृषि हाट बजार आदिको व्यवस्थापन नगरी फोहर व्यवस्थापनमा उपलब्धि हासिल गर्न सक्दैन उपमहानगरपालिकाले ।

जनकपुरधामको मठ मन्दिर, कुट्टी, कुण्डको संरक्षणमा पनि उपमहानगरपालिकाले अध्ययन पुऱ्याउनु पर्ने त्यतिकै जरूरी छ । साथ साथ यहाँको कला, संस्कृति, सभ्यता, मेला, महोत्सव र जात्राको जगेर्ना गर्ने काम पनि उपमहानगरपालिकाले गर्न सक्नु पर्छ । खालि ठाउँलाई पार्क, खुल्ला मञ्च र टुँडिखेलको रूपमा विकास गर्ने, पोखरीको डिलहरूलाई साना पार्कको रूपमा विकास गर्ने । यी ठाउँहरूमा विहान व्यायाम गर्न सकियोस् र जनकपुरधामको गर्मी छल्न बेलुकासम्म गफिन सकियोस् तर लामखुट्टेले बाधा नपुऱ्याओस् भने मन्दिरमा शान्तिका साथ ध्यान गर्न सकियोस् । जनकपुरधामवासीले अपेक्षा गरेको जनकपुरधाम यस्तै हो । जनकपुरधामलाई व्यवस्थित शहरको रूपमा विकास गर्न निकै काम गर्नुपर्ने भएपनि तत्कालका लागि यी कामहरू नगरी नगरवासीको अपेक्षा पुरा हुँदैन । नगरवासीको अपेक्षा पूरा गर्ने काम उपमहानगरपालिकाकै हो ।

जनकपुरधाममा मतदाताको संख्या ८६७६९ रहेको छ । मनोजकुमार साह सुडी १३४६५ मत ल्याएर मेयरमा विजयी भएका हुन् । उनले प्राप्त गरेको मतलाई मतगणनासम्म प्राप्त गरेको मतको रूपमा लिनुपर्छ । उनले १ लाख ९५ हजार ४ सय ३८ जनकपुरवासीको भविष्य बनाउने शपथ लिएर सबैको कुरा सुन्दै , सबैको सामूहिक अपेक्षा पुर्ति गर्न पदभार ग्रहन गरेको संकल्पका साथ आफ्ना आगामी कार्य योजना बनाउने र त्यसलाई कार्यावन्यन गर्दै जानुपर्छ ।

गठबन्धनबाट काँग्रेसले जनकपुरधाम उपमहानगरपालिकाको मेयर नपाउने भएपछि मनोजकुमारले काँग्रेसको साधारण सदस्यबाट राजीनामा गरेर स्वतन्त्र उम्मेदवारी दिएका थिए । काँग्रेसका नेता कार्यकर्तादेखि नगरवासीले बागी मनोजकुमारलाई पत्याए र मतदान गरेर मनोजको मेयर बन्ने सपना पूरा गरी दिए । नवनिर्वाचित मेयर मनोजकुमारले काँग्रेसकै मतबाट जितेको सगर्व बताएर र काँग्रेसको विजय जुलुसमा सहभागी भएर उनले आफ्नो काँग्रेसप्रतिको मोह प्रकट गरी सकेका छन् । तर आगामी दिनमा उपमहानगरको काम कारवाही सञ्चालन गर्न सबैको साथ सहयोग लिने र स्वतन्त्र रूपमा समाजको समस्या समाधान गर्ने गरी काम गर्नुपर्छ । मेयरमा कुनै पार्टिप्रति भन्दा आफ्नो नगरप्रति मोह हुनुपर्छ । मेयर असल बन्न सके अरू जनप्रतिनिधि असल नबनी सुखै पाउँदैनन् ।

जनकपुरधामलाई नेपाली काँग्रेसको गढ मानिदै आएको छ । तर अहिलेसम्म यहाँबाट नेपाली काँग्रेसका आधिकारिक उम्मेदवार नगर प्रमुखमा निर्वाचित हुन सकेका छैनन् । बरू काँग्रेसका बागीहरू पटक-पटक निर्वाचित भएको इतिहास छ । काँग्रेसको बागी भई मेयरमा निर्वाचित हुने मनोजकुमार साह सुडी तेस्रो पात्र हुन् । यसअघि भएको स्थानीय निकायको निर्वाचन २०४९ र २०५४ मा पनि काँग्रेसका बागी उम्मेदवारले काँग्रेसकै अधिकारी उम्मेदवारलाई हराएर मेयरमा बिजयी भएका थिए भने २०७४ को स्थानीय तहको निर्वाचनमा राजपाका अधिकारीक उम्मेदवार निवर्तमान मेयर लालकिशोर साह काँग्रेसका तत्कालीन आधिकारिक उम्मेदवार नवनिर्वाचित मेयर मनोज कुमारलाई पराजित गरी मेयरमा निर्वाचित भएका थिए । नवनिर्वाचित मेयर मनोजकुमार साह सुडी नेपाली काँग्रेस जनकपुरधामको इतिहासको निरन्तरता भएपनि उनले जनकपुरधामको विकासमा नयाँ इतिहास रच्न सक्नु पर्छ । नभए जनकपुरधामका मतदाताले मत परिवर्तन गरेको कुनै अर्थ कायम हुन सक्दैन र जनकपुरधाम झन्-झन् पछाडि पर्दै जानेछ । यसो हुनुमा स्वयम् मतदाता आफै पनि दोषी ठहरिने छन् ।

आफ्नो ठाउँको विकास आफैले गर्नुपर्छ । बाहिरबाट कोही आएर हाम्रो ठाउँको विकास गर्दिदैनन् । तसर्थ आफ्नो ठाउँ आफै बनाउन मेयरले बाटो बिराएमा नगरवासीले खबरदारी गरिरहनु पर्छ । मतदान गरेर आफ्नो कर्तव्य पूरा गरिसकेको मानसिकता आमनगरवासीले त्याग्न अत्यन्त जरूरी छ । एउटा निर्वाचनपछि अर्को निर्वाचनसम्मको हरेक दिन जनप्रतिनिधिलाई नगरको विकास र नगरवासीको सेवा गर्नबाट विमुख हुन दिनु हुँदैनन् नगरवासीले । निरन्तरको नागरिक दबाव र नगरवासीको आवश्यक साथ सहयोगले पनि जनप्रतिनिधिहरू आफ्नो जिम्मेवारीबाट भाग्न पाउँदैनन् र विधिको शासन कायम गर्न ठूलो भूमिका निर्वाह गर्नेछन् । जनप्रतिनिधिलाई नगर र नगरवासीप्रति जिम्मेवार बनाई राख्न उनीहरूको हरेक गतिविधिको निगरानी गर्नु, नगरबाट भएको राम्रो कामको खुलेर प्रशंसा गर्नु र बेथितिको खुलेर विरोध गरेर ठिक ठाउँमा ल्याउने काम आम नगरवासीकै हो । नगरवासीहरू पनि आफ्ना यी कर्तव्यबाट विमुख हुनु हुँदैनन् ।

जनकपुरधामको गौरवशाली इतिहासलाई वर्तमानमा परिणत गर्न कसरी सकिएला ? जनकपुरधामवासीका लागि यतिबेला मुख्य चिन्ताको विषय यही हो । जनकपुरधामको विकासमा लागेको ब्रेक हटाएर विकासमा जनकपुरधामलाई उछिनेका सहरहरूलाई फेरि उछिनेर जनकपुरधालाई अब्बल सहरको रूपमा स्थापित गर्ने कामको नेतृत्व मेयरले गर्न सक्नैपर्छ । यसका लागि मेयरले जनकपुरधामको यस्तो दुर्दशा किन भयो ? भन्ने प्रश्नको जवाफ खोजेर साथ पाउन सक्ने सबैको साथ लिएर अगाडी बढ्नु पर्छ । तर नव निर्वाचित मेयरलाई पहिलो गाँसमै ढुङ्गा लागेको छ । सपथ ग्रहण कार्यक्रमको प्रमूख अतिथिमा सहमति जुटाउन नसक्दा कार्यक्रम नै विवादित बन्न पुग्यो । कानूनीरूपमा स्वतन्त्र उम्मेदवारी दिएर बिजयी भएका नवनिर्वाचित मेयरले काँग्रेसको नेता भन्दा जनकपुरधामको विकासको नेता बन्न सकेमा सफल हुनेछन् । अहिले उनले काँग्रेसप्रतिको मोहलाई थाँती राखेर जनकपुरधामप्रतिको मोह देखाउने बेला हो ।

lkskeshariaaryan@gmail.com




## संक्षिप्त समाचार

### प्रदेश १ मा बजेट अधिवेशन सुरू

विराटनगर । प्रदेश १ को १०औं एवं बजेट अधिवेशनसुरू भएको छ । बैठकको पहिलो दिनमै सत्तापक्ष र प्रतिपक्षबीच सदनमा आरोप प्रत्यारोप चल्यो । बैठकमा प्रमुख प्रतिपक्षी एमाले संसदीय दलका नेता भीम आचार्यले निर्वाचनबाट दलहरू सच्चिएर अघि बढ्नुपर्ने सुझाव जनताबाट आएको बताए । निर्वाचनमा स्वतन्त्र उम्मेदवार निर्वाचित भएको प्रसंगलाई जोड्दै प्रदेशको पूर्वमुख्यमन्त्रीसमेत रहेका आचार्यले दलहरूबाट भएको त्रुटिबारे समीक्षा गर्न आवश्यक रहेको बताए । नेपाली कांग्रेसका प्रमुख सचेतक सूयर्माराज राईले स्थानीय निर्वाचन सम्पन्न गरेर गठबन्धन सरकारले ठूलो जिम्मेवारी पूरा गरेको बताए ।

### नवनिर्वाचित वडा सदस्य पक्राउ

धनुषा । धनुषामा एक नवनिर्वाचित वडा सदस्य पक्राउ परेका छन् । स्थानीय चुनावमा शहीदनगर नगरपालिका वडा नम्बर ९ को वडा सदस्यमा निर्वाचित राजेश बिराजीलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । बिराजी ज्यान मार्ने उद्योग मुद्दामा फरार सूचीमा रहेका थिए । कार्यपालिका सदस्य छनौटका लागि सोमबार मतदान गर्न आएका बेला उनलाई पक्राउ गरिएको धनुषा प्रहरी प्रवक्ता प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् ।

### गौर कारागारका आठ कैदीले पाए आममाफी

रौतहट । सरकारले गणतन्त्र दिवको अवसरमा गौर कारागारका आठ कैदीलाई आममाफी दिएको छ । आइतबार १५ औं गणतन्त्र दिवसको अवसरमा रौतहटको गौर कारागारमा बन्दी जीवन बिताइरहेका आठ कैदीले आममाफी पाएका हुन् । माफी पाएकाहरू कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा सवारी ज्यान मुद्दामा सजाय काटिरहेका थिए । सवारी ज्यान मुद्दाका बन्दी बाराका बलिराम दास, नितेस राम, गुडु प्रसाद यादव, रौतहट राजपुरका शेख मुसर्रफ, चन्द्रपुर सन्तपुरका अजय चौधरी, ज्यान मार्ने उद्योग मुद्दाका रौतहट राजपुरका सौद मिंया, बहुविवाह मुद्दाका सर्लाहीका चन्देश्वर प्रसाद सिंह र कर्तव्य ज्यान मुद्दाका रौतहट राजपुरका शेख अब्दुल खालिदले आममाफी पाएका छन् ।

### नक्कली नेपाली नोटसहित दुई जना पक्राउ

पर्सा । पर्साको बहुदरमाईमा नक्कली नेपाली नोटसहित दुई जना पक्राउ परेका छन् । बहुदरमाई नगरपालिकाबाट प्रहरीले नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले बहुदरमाई-८ का १९ वर्षीय राजाबाबु साह र पटेर्वासुगौली गाउँपालिका घर भई हाल बहुदरमाई-८ मा बस्दै आएका २० वर्षीय अजय सहनीलाई पक्राउ गरेको हो । उनीहरूका साथबाट नेपाली १ हजार दरका २० थान २० हजार नक्कली नोट बरामद गरिएको छ । जगरनाथपुर गाउँपालिकामा लागेको मेलामा नक्कली नेपाली नोट साट्दै गरेको सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको पर्साका प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जनाए ।

### खैरो हेरोइनसहित युवक पक्राउ

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१५ जमुनाहबाट करिब २ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थसहित एक युवक पक्राउ परेका छन् । कोहलपुर नगरपालिका-३ बस्ने २१ वर्षीय राजन शाहीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण व्यूरो नेपालगञ्जबाट संयुक्त रूपमा खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### नदीमा डुबेर दुई बालकको मृत्यु

कैलाली । कैलालीको धनगढीस्थित मोहना नदीमा डुबेर दुई बालकको मृत्यु भएको छ । धनगढी उपमहानगरपालिका-३ विशालनगरका १० वर्षीय अनुप चौधरी र १२ वर्षीय विष्णु गुप्ताको मृत्यु भएको हो । चटकपुर-राजघाट जोड्ने पुलको मुनतिर मोहना नदीमा आइतबार दिउँसो नुहाउन गएका उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### स्कूल बसको ठक्करले बालिकाको मृत्यु

बाँके । बाँकेको बैजनाथ गाउँपालिकामा बसले ठक्कर दिँदा एक बालिकाको मृत्यु भएको छ । बैजनाथ गाउँपालिका-१ मा मंगलबार बसको ठक्करबाट स्थानीय ४ वर्षीया प्रज्ञा खड्काको मृत्यु भएको हो । गम्भीर घाइते भएकी प्रज्ञाको उपचारको क्रममा नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा मृत्यु भएको प्रहरीले जनाएको छ । नम्बर नखुलेको स्कुल बसले बालिकालाई ठक्कर दिएको थियो । बससहित फरार रहेका चालकको खोजी भइरहेको इलाका प्रहरी कार्यालय चिसापानीले जनाएको छ ।

### चोरीको आरोपमा एक जना पक्राउ

जनकपुरधाम । जनकपुरधाममा चोरी गरेको आरोपमा एक जनालाई पक्राउ परेका छन् । प्रहरीले जनकपुरधाम उपमहानगरपालिका-८ बस्ने २० वर्षीय मो. नियामत दर्जीलाई पक्राउ गरेको हो । गत जेठ ७ गते राति स्थानीय रामेश्वर चौधरीको घरका ढोकाको ताल्चा फोटाएर सरसमान चोरी गरेको उनीमाथि आरोप छ । प्रहरीले उनलाई सरसमानसहित पक्राउ गरेको छ । चौधरीको घरबाट ल्यापटप ३ थान, ट्याव १ थान, मोबाईल १ थान, नगद ५ हजार र सुनका गरगहना चोरी भएको थियो । दर्जीले चोरीको सरसमान स्थानीय कलवार कुटी अगाडि चौरमा लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले बरामद गरेको हो ।

### नापी कार्यालयका अमिन घुससहित पक्राउ

भैरहवा । भैरहवास्थित नापी कार्यालयका अमिन टेकबहादुर रायमाझी घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बुटवलको टोलीले उनलाई ३० हजार रूपैयाँ घुससहित पक्राउ गरेको हो । सिनपा-१२ स्थित जग्गाको हालसाविकका लागि घुस लिँदै गर्दा उनको निवास (पुरानो नापी कार्यालय) बाट पक्राउ गरिएको अख्तियार दुरूपयोग अनुसन्धानका सूचना अधिकारी बेदप्रसाद भण्डारीले जानकारी दिएका छन् ।

### ट्याङ्करको ठक्करबाट पैदलयात्रीको मृत्यु

कपिलवस्तु । कृष्णनगर नगरपालिका-७ जौबारीस्थित सडकमा ना.२ क ८१८ नम्बरको ट्याङ्करको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । सोही ठाउँ बस्ने ५५ वर्षीय महोमद हनिकको सोमबार साँझ मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको शिवराज अस्पताल बहादुरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याङ्कर चालकलाई नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### तिलोत्तमामा एमाले प्यानल विजयी

रूपन्देही । तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिकामा नेकपा एमालेको प्यानल नै विजयी भएको छ । बुधबार तिलोत्तमामा भएको कार्यपालिका निर्वाचनमा ८ जना सदस्य एमालेबाट विजयी छन् । एमालेले तिलोत्तमा नगरपालिकाका १७ वटा वडामध्ये ८ वटामा विजय हासिल गरेको थियो । नेपाली काँग्रेसले ९ वटा वडा जितेको थियो । कुल ८७ पदमध्ये एमाले ४५ पदमा विजयी भएको थियो । बुधबार भएको कार्यपालिका सदस्यको निर्वाचनबाट महिला सदस्यमा तारा सुनार, राधा शाही, देवकी थारू र सावित्रा आचार्य, दलित तथा अल्पसंख्यकबाट सुरेन्द्र श्री, रवि सेन्चुरी, नरबहादुर छन्तेल तथा अन्यबाट लक्ष्मण घिमिरे निर्वाचित भएका हुन् ।

### विद्युत् ट्रान्सफर्मर चोरी

कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर नगरपालिका-८ मा एक हप्ताभित्र दुई वटा ट्रान्सफर्मर चोरी भएको छ । बहादुरगञ्ज नजिकको गाउँका सिँचाइ ट्युबवेलका लागि जडान गरिएका ट्रान्सफर्मरमा रहेको तामाको तार चोरी भएको हो । देवान गढिया गाउँको पूर्वमा रहेको ट्युबवेलको ट्रान्सफर्मर चोरी भएको छ भने तीन दिनपछि डगरमरवा गाउँमा रहेको ट्युबवेलको ट्रान्सफर्मर चोरी भएको छ । हप्ता दिनमै बोरिङ सिँचाइका लागि लगाइएको ट्रान्सफर्मर चोरी हुँदा स्थानीयहरू चिन्तित भएका छन् । चोरी भएको जानकारी आए पनि कसले चोरेको विषयमा अनुसन्धान भइरहेको विद्युत् प्राधिकरण कृष्णनगरका प्रमुख करम आलम खाँले बताए । ट्रान्सफर्मर चोरी सम्बन्धमा इलाका प्रहरी कार्यालय बहादुरगञ्जले रातिको समयमा गस्ती गरिरहेको प्रहरी नायब निरीक्षक दीपेन्द्र गिरीले बताए ।

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यको पूर्णपाठ

प्रतिनिधि सभाका सम्माननीय सभामुख महोदय,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष महोदय,

१. नेपालको संविधानको धारा ११९ बमोजिम नेपाल सरकारको अर्थ मन्त्रीको हैसियतले संघीय संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटलाई आयातबाट उत्पादन तर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ र वञ्चितिकरणबाट समावेशीतातर्फको प्रस्थान बजेटको रूपमा प्रस्तुत गरेको छु।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहन्छु। जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते योद्धा र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। आज गणतन्त्र दिवसको सन्दर्भमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु।

३. स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरूरी छ। गरिबीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गरेको छु।

४. कोभिड-१९ महामारीको प्रभाव स्वरूप अर्थतन्त्र शिथिल भएको र संवैधानिक पद्धति अवरूद्ध भएको विषम परिस्थितिमा वर्तमान सरकार गठन भएको व्यहोरा सबैमा अवगत नै छ। वर्तमान सरकारका सामु कोभिड-१९ महामारी नियन्त्रण गर्दै जनस्वास्थ्यको रक्षा गर्ने, अर्थतन्त्रलाई पुनरूत्थान गर्ने र संवैधानिक प्रक्रियालाई पुन: सुचारू बनाउने गहन जिम्मेवारी प्राप्त भएको थियो। उक्त जिम्मेवारी निर्वाह गर्दै नेपाली नागरिकको आर्थिक सामाजिक विकासको आकांक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको छ।

५. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रूपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग र राष्ट्रसेवक लगायत सबैमा म हार्दिक धन्यवाद दिन चाहन्छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७९ को सिद्धान्त र प्राथमिकता, वर्तमान सरकारको साझा न्यूनतम कार्यक्रम र संघीय संसदका माननीय सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु। प्रदेश र स्थानीय तह, आम नागरिक, राजनीतिक दल, विद्धतवर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत पिछडिएका एवं सीमान्तकृत वर्गसहित सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

७. अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ५.८ प्रतिशत हुने अनुमान रहेको छ। नेपालको प्रतिव्यक्ति आय १३८१ अमेरिकी डलर पुगेको छ। चालु आर्थिक वर्षको पहिलो नौ महिनासम्म मूल्य वृद्धि औसतमा ७.३ प्रतिशत कायम भएको छ।

९. कोभिड-१९ महामारीको पुनरावृत्ति र सम्वत् २०७८ कात्तिक महिनामा आएको बेमौसमी वर्षाले धान लगायत कृषि बाली र पूर्वाधारमा पुयाएको क्षतिका कारण चालु आर्थिक वर्षमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चुनौति देखिएको छ। यसका वावजुद सरकारले कोभिड-१९ महामारी नियन्त्रण, रोकथाम र उपचारका लागि चालेको कदम, कोभिड-१९ विरूद्धको खोप अभियान एवं राहत तथा आर्थिक पुनर्स्थापनाका कार्यक्रमको परिणामस्वरूप आर्थिक तथा सामाजिक जीवन सहज हुनुका साथै अर्थतन्त्रले लय समातेको छ।

१०. कोभिड-१९ महामारीका कारण अति प्रभावित पर्यटन तथा यातायात क्षेत्र लगायत अधिकांश उद्योग व्यवसायहरू सञ्चालनमा आएका छन्। कोभिड महामारी पश्चातको पुनरूत्थानले गति लिन थालेको अर्थतन्त्रमा बाह्य क्षेत्रको दवाव चुनौतिको रूपमा रहेको छ। विश्व बजारमा इन्धन लगायतका वस्तुहरूको मूल्य वृद्धिले थप चुनौति सिर्जना गरेको छ।

११. वस्तु आयातको तुलनामा निर्यातमा उल्लेखनीय रूपमा वृद्धि भएतापनि निर्यातको साँघुरो आधार र आयातको तुलनामा न्यून परिमाण रहेकोले व्यापार घाटा उच्च रहेको छ। यसका कारण चालु खाता घाटा वृद्धि भएको छ भने भुक्तानी सन्तुलनमा पनि चाप परेको छ।

१२. आर्थिक वर्ष २०७८/७९ मा कुल सरकारी खर्च रू. १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात ८८.६ प्रतिशत हुने संशोधित अनुमान छ। कुल सरकारी खर्च मध्ये चालु खर्च रू. ९ खर्ब ७१ अर्ब ८६ करोड अर्थात ९१.२ प्रतिशत, पुँजीगत खर्च रू. ३ खर्ब ९ करोड अर्थात ७९.४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब ७५ अर्ब ५६ करोड अर्थात ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान छ।

१३. कोभिड- १९ महामारीको विषम परिस्थितिका बीच हालसम्मको राजस्व सङ्कलन अवस्था सन्तोषजनक रहेको छ। चालु आर्थिक वर्षमा राजस्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रू. ११ खर्ब ५२ अर्ब ४२ करोड संकलन हुने अनुमान छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले बढी हो।

१४. चालु आर्थिक वर्ष वैदेशिक सहायता तर्फ अनुदान रू. २४ अर्ब ८१ करोड र ऋण रू. १ खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान छ। चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म रू. १ खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाईसकिएको छ। चालु आर्थिक वर्षमा रू. २ खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुने अवस्था रहेको छ।

१५. चालु आर्थिक वर्षको मन्त्रालय र निकायगत बजेट विनियोजन र सो बमोजिमको प्रगति विवरण, मुलुकको प्रमुख आर्थिक सामाजिक परिसूचक र तथ्याङ्क समावेश भएको आर्थिक सर्वेक्षण र सार्वजनिक संस्थानहरूको प्रगति समेटिएको विवरण मैले यस सम्मानित सदनसमक्ष पेश गरिसकेको छु।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

१६. अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धि: समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने,
(ख) उपलब्ध प्राकृतिक स्रोत साधन, श्रम शक्ति, पुँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,
(ग) वित्तीय अनुशासन कायम गर्ने र मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राखी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
(घ) प्रदेश र स्थानीय तहमा साधन र स्रोतको हस्तान्तरण गरी संघीयतालाई समृद्धिको सम्वाहकको रूपमा स्थापित गर्ने,
(ङ) आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत सन्तुलित, समावेशी, आत्मनिर्भर एवं समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने।

१७. बजेटका प्राथमिकताहरू निम्नानुसार तय गरेको छु:

(क) कृषि क्षेत्रको रूपान्तरण,
(ख) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,
(ग) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास,
(घ) मानव संशाधन विकास,
(ङ) पूर्वाधार विकास र पुँजी निर्माण,
(च) जलविद्युत उत्पादन, प्रसारण लाइन विस्तार र ग्रामीण विद्युतीकरण,
(छ) औद्योगिक विकास, लगानी प्रवर्द्धन र पर्यटन क्षेत्रको पुनरूत्थान,
(ज) वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण,
(झ) प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन तथा आवधिक निर्वाचन,
(ञ) वैज्ञानिक अनुसन्धान र विकास।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

१८. नेपालको कृषि क्षेत्रको रूपान्तरण गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन र निरपेक्ष गरिबी निवारण गर्न देहायका नीतिगत सोचका आधारमा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु। उक्त सोचलाई कार्यान्वयन गर्ने कार्यक्रमहरू क्षेत्रगत विषयमा प्रस्ताव गरेको छु।

(क) आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूलको आयात आगामी वर्ष न्यूनतम ३० प्रतिशतले कम गर्ने,
(ख) आगामी वर्ष निर्यात दोब्बर गर्ने, आयात न्यूनतम २० प्रतिशतले घटाउने र आगामी पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने,
(ग) मर्यादित रोजगारी वार्षिक ३० प्रतिशतका दरले वृद्धि गर्ने,
(घ) भूमिहीन दलितलाई आगामी तीन वर्षभित्र आवास उपलब्ध गराउने,
(ङ) वार्षिक ८ लाख नेपालीलाई निरपेक्ष गरिबीको रेखाबाट माथि ल्याउने,
(च) स्वास्थ्य र शिक्षा क्षेत्रको गुणस्तर सुधार गरी मानव विकास सूचकाङ्क ०.६५० पुयाउने।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

१९. अब म नेपालको संविधानको धारा ६० मा उल्लिखित व्यवस्थाअनुसार वित्तीय हस्तान्तरणसम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

२०. आर्थिक वर्ष २०७८/७९ को अर्थसम्बन्धी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा संघीय संसदमा प्रस्तुत गरेको वक्तव्य मार्फत मैले संवैधानिक व्यवस्थाबमोजिम प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्न सक्ने सडक आयोजनाहरू सम्बन्धित तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको थिएँ। आर्थिक वर्ष २०७९/८० मा पनि उक्त नीतिलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी निरन्तरता दिएको छु।

२१. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका विषयहरू तत् तत् तहबाट कार्यान्वयन हुने गरी राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण हुने व्यवस्था मिलाएको छु। सशर्त, समपूरक र विशेष अनुदान कार्य प्रगतिको आधारमा हस्तान्तरण गरिनेछ।

२२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई रू. ६१ अर्ब ४३ करोड र स्थानीय तहलाई रू. १ खर्ब २३ करोड वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

२३. सशर्त अनुदान तर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: रू. ५७ अर्ब १७ करोड र रू. १ खर्ब ८३ अर्ब ७२ करोड गरी जम्मा रू. २ खर्ब ४० अर्ब ८९ करोड विनियोजन गरेको छु।

२४. प्रदेश तथा स्थानीय तहलाई पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान स्वरूप क्रमश: रू. ६ अर्ब ३० करोड र रू. ७ अर्ब २७ करोड विनियोजन गरेको छु। विशेष अनुदान तर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: रू. ४ अर्ब ५६ करोड र रू. ९ अर्ब १४ करोड विनियोजन गरेको छु।

२५. राजस्व बाँडफाँटबाट प्रदेशमा र स्थानीय तहमा रू. १ खर्ब ६३ अर्ब ३ करोड रकम हस्तान्तरण हुने अनुमान गरेको छु।

सम्माननीय सभामुख महोदय,
सम्माननीय अध्यक्ष महोदय,

२६. अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

कृषि क्षेत्रको रूपान्तरण र रोजगारी वृद्धि: निरपेक्ष गरिबीको अन्त्य र आर्थिक समृद्धि

२७. आगामी आर्थिक वर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष हुनेछ। यस अभियान अन्तर्गत आन्तरिक उत्पादन बढाउन आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गरिनेछ। किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाइनेछ। कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि यस क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गरिनेछ। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मार्गदर्शन गर्न सम्माननीय प्रधानमन्त्रीको संयोजकत्वमा विभागीय मन्त्रीहरू सहितको उच्चस्तरीय संयन्त्र निर्माण गरिनेछ।

२८. कृषकहरूलाई सरल र सहज रूपमा बिउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलब्ध गराउने, लघुवित्त मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने, कृषि बीमा विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने, कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्ने, कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने, कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्याभुति गरिनेछ।

२९. प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना जनशक्ति तथा सबै वडामा कृषि प्राविधिक उपलब्ध गराउने व्यवस्था मिलाएको छु। कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीको रूपमा सहभागी हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पारिनेछ।

३०. विभिन्न मन्त्रालयबाट सञ्चालन हने तालिम एवं गरिबी निवारणसम्बन्धी कार्यक्रमलाई समेत यस कार्यक्रममा आवद्ध गरिनेछ। कृषि तथा पशु विज्ञानतर्फ उच्च शिक्षा अध्ययनरत विद्यार्थी, कृषिविज्ञ र सेवा निवृत्त राष्ट्रसेवकलाई यस कार्यक्रम कार्यान्वयनमा सहभागी गराउने प्रबन्ध मिलाइनेछ।

३१. संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं उपयोग विहीन खेतीयोग्य जमिन कृषक, कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई लीजमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। कृषिको रूपान्तरण अभियानमा उत्कृष्टता हासिल गर्ने प्रत्येक प्रदेशका ३ वटा स्थानीय तहलाई रू. ५ करोडका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि रू. १० अर्ब विनियोजन गरेको छु।

३२. किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन रू. ५ खर्ब बराबरको कर्जा प्रवाह गर्न एक लघु वित्त कोष स्थापना गरिनेछ। कोषमा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा विपन्न क्षेत्र तथा कृषि उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा तर्फको रकम लगानी गर्नुपर्ने व्यवस्था मिलाएको छु। उक्त कोषमा नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषबाट समेत निश्चित रकम लगानी गर्ने व्यवस्था मिलाइनेछ। यसबाट कृषि उत्पादनका लागि वित्तीय पहुँच अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

३३. नेपाल सरकारको स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। उक्त संस्थामा गाउँपालिका र नगरपालिकाले क्रमश रू. ५० लाख र रू. १ करोड सम्म शेयर लगानी गर्न पाउने प्रबन्ध गरिनेछ। यसबाट स्थानीय तहमा किसान, युवा, दलित र महिलाहरूलाई घरदैलोमै कृषि तथा अन्य उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध हुनेछ।

३४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पुनर्संरचना गरी प्राविधिक र आर्थिक दृष्टिकोणबाट सम्भाव्य विभिन्न बाली तथा वस्तुका जोनहरूलाई प्रदेशमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु। कृषि ज्ञान केन्द्र र पशुसेवा विज्ञ केन्द्रलाई उत्पादन क्षेत्रमा सेवा प्रदान गर्ने गरी किसानसँग आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि रू. ५ अर्ब ९० करोड विनियोजन गरेको छु।

३५. किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न किसानसँग सरकार कार्यक्रम अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरूवात गर्न किसान हित कोष स्थापना गरिनेछ। उक्त कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम नेपाल सरकारले जम्मा गरिदिने व्यवस्था मिलाइनेछ। कोष स्थापना गर्न प्रारम्भमा बिउ पुँजी बापत रू. १ अर्ब छुट्याएको छु। किसान परिचयपत्रको आधारमा किसानहरूलाई सार्वजनिक सेवामा सहुलियत तथा छुट प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

३६. ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपाल मार्फत कार्य अगाडि बढाइनेछ। आगामी वर्ष प्रमुख बालीहरू लगाउने समयमा रासायनिक मलको सहज आपूर्ति सुनिश्चित गर्न मल खरिदका लागि रू. १५ अर्ब विनियोजन गरेको छु। तीनै तहका सरकारको समन्वयमा प्रत्येक स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

३७. धान, गहुँ, मकै र दूध लगायतका कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ। उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने व्यवस्था मिलाइनेछ। समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाएको छु। धान लगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर १०० सामुदायिक खाद्य गोदाम घर निर्माण गर्न रू. ४५ करोड विनियोजन गरेको छु।

३८. खाद्य सुरक्षाको लागि बिउ सुनिश्चितता अभियान अन्तर्गत कृषिमा आत्मनिर्भरताका लागि गुणस्तरीय बिउ बिजनमा क्रमश: आत्मनिर्भर बनाउँदै लगिनेछ। उन्नत तथा वर्णशंकर बिउ विकास तथा अनुसन्धानमा राष्ट्रिय कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निजी क्षेत्र तथा किसानहरूको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।

३९. पशुपन्छी तथा मत्स्यपालनका लागि आवश्यक उन्नत नश्ल, माछाका भुरा, उन्नत घाँसका बिउ, बेर्ना, दाना, औषधी, खोप लगायतका सामग्रीहरू स्वदेशमै उत्पादन गर्न प्रोत्साहित गरिनेछ। पशुपन्छीका महामारी रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ। पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु प्रजनन कार्यालयको संस्थागत क्षमता सुदृढीकरण गरी मुलुकका ५१० स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ। कुखुरा लगायत पशुपन्छीको खोपको आयातमा सहजीकरण गरिनेछ।

४०. पोखरा र नेपालगंजमा रहेको सिमेन उत्पादन केन्द्रमा थप प्रविधि जडान गरी उन्नत नश्लका साँढे र राँगा ल्याई सिमेन उत्पादन गरिनेछ। आगामी वर्ष २ लाख गाई र २ लाख भैंसीको उन्नत नश्लको सिमेनबाट कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ।

४१. कृषि, खाद्य प्रविधि तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूलाई क्रमश: अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालामा स्तरोन्नति गर्न न्यूनतम पूर्वाधार विकास र क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ। खाद्य पदार्थमा हुनसक्ने थप दुई वर्गका विषादीहरूको अवशेष परीक्षण शुरू गरिनेछ। प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन, प्रमाणीकरण र ब्राण्ड प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बजारीकरण गरिनेछ।

४२. जलवायु परिवर्तन, रोग/किराको प्रकोप एवं प्राकृतिक विपदहरूबाट कृषि, पशुपन्छीपालन तथा मत्स्य क्षेत्रमा रहेको जोखिम न्यूनीकरणका लागि पशुपन्छी बीमा लगायतका अनुकूलन व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। विक्रम सम्वत् २०७९ लाई कृषि जैविक विविधता वर्षको रूपमा मनाइनेछ। कृषि बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनुदान प्रदान गर्न रू. ७६ करोड विनियोजन गरेको छु।

४३. नगदे बाली खेती गर्न किसानहरूलाई उत्प्रेरित गरिनेछ। नेपाल सरकारले उखु किसानलाई उपलब्ध गराउने अनुदान रकम उखु क्रसिङ्ग भएकै वर्ष उपलब्ध गराइनेछ। उखुको जातीय विकास गर्न उखु अनुसन्धान कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ। चिनी उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन उखु बालीका अतिरिक्त सुगर बिट्स समेतको उत्पादन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। उखु किसानलाई अनुदान उपलब्ध गराउन रू. ८१ करोड विनियोजन गरेको छु।

४४. प्रत्येक प्रदेशमा ठूला र मध्यम आकारका मोडिफाइड एटमोस्फेयर कोल्ड स्टोर खोल्ने व्यवस्था मिलाइनेछ। चोभारस्थित फलफूल तथा पुष्प बजार सञ्चालनमा ल्याइनेछ। रूपन्देहीको कर्साघाटमा आधुनिक कृषि उपज निर्यात बजार निर्माण कार्य शुरू गरिनेछ।

४५. कृषि तथा वन विश्वविद्यालय तथा अन्य कृषि क्याम्पसहरूले आफ्ना विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका अतिरिक्त अनिवार्य रूपमा उत्पादनमूलक कृषि तथा पशुपालन फार्महरूमा प्रयोगात्मक अध्ययन गराउने व्यवस्था मिलाइनेछ।

४६. जलवायु परिवर्तन अनुकूलन कार्यक्रम अन्तर्गत मुगु, जुम्ला र कालिकोट जिल्लाका जलवायु तथा खाद्य संकटासन्न बासिन्दाहरूको जीविकोपार्जन सुधार र अनुकूलन क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

४७. कर्णाली प्रदेशमा रैथाने बाली तथा जैविक खेतीको संरक्षण र विकास गर्नुका साथै कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण र विशिष्टिकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकासमा सहलगानी, सामुदायिक कृषि पूर्वाधार विकास एवं कृषि उपजको बजारीकरणमा सहयोग गर्न कृषि क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिनेछ।

४८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रू. ५५ अर्ब ९७ करोड विनियोजन गरेको छु।

औद्योगिक विकास र उद्यमशीलता प्रवर्द्धन

४९. उत्पादनमा वृद्धि: मुलुकको विकास र समृद्धि विशेष अभियान दशक, २०७९ २०८९ सञ्चालन गरिनेछ। नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार अभिवृद्धिका लागि प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम प्रारम्भ गरिनेछ। यस कार्यक्रमका लागि रू. ३ अर्ब ४५ करोड विनियोजन गरेको छु।

५०. स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन गरिनेछ। सरकारी तथा सार्वजनिक निकायहरूमा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। निजी क्षेत्रले सञ्चालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई नेपाल सरकारबाट समेत आवश्यक सहयोग उपलब्ध गराइनेछ।

५१. कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने गरी उत्पादनमूलक उद्योगहरू स्थापना गर्न पूर्वाधार निर्माण गर्नुका साथै मेशिनरी तथा औद्योगिक कच्चा पदार्थको आयातमा सहुलियत प्रदान गरिनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित र उच्च मूल्य अभिवृद्धि हुने वस्तु तथा सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गर्ने उद्यमीहरूलाई थप प्रोत्साहन उपलब्ध गराइनेछ।

५२. युवा उद्यमशीलता विकास गर्न र नव-प्रवर्तन प्रवर्द्धन गर्न स्टार्टअप व्यवसायमा शुरूवाती पुँजी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनुका साथै यस कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार गर्दै लगिनेछ। परियोजनाको आधारमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यस्ता व्यवसायमा भेञ्चर क्यापिटल मार्फत पुँजी व्यवस्थापन गर्नुका साथै अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ। युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिबाट सञ्चालन हुने व्यवसायलाई प्रोत्साहन गर्न च्यालेन्ज फण्ड स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। निजी क्षेत्रसँगको साझेदारीमा ज्ञानमा आधारित व्यवसाय विस्तार गर्न हेटौंडा औद्योगिक क्षेत्रका साथै सातै प्रदेशमा विजिनेस इन्कुवेसन सेन्टर सञ्चालन गरिनेछ। यसका लागि रू. २६ करोड विनियोजन गरेको छु।

५३. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनको लागि ठूला उद्योगसँगको अग्र तथा पृष्ठ अन्तरसम्बन्ध कायम गर्ने र करारमा वस्तु तथा सेवा उत्पादन तथा खरीद गर्ने कानूनी तथा संस्थागत व्यवस्था मिलाइनेछ। ठूला तथा मझौला उद्योगहरूले स्टार्टअपलाई सहयोग पुयाउने व्यवस्था गरिनेछ।

५४. जडिबुटीको विशेषता र उपलब्धताको आधारमा प्रदेशस्तरमा जडिबुटी प्रशोधन उद्योग स्थापना गरिनेछ। सरकारको स्वीकृतिमा सबै किसिमका औषधिजन्य जडिबुटीहरूको खेती गरी प्रशोधन एवं निर्यात गर्न आवश्यक व्यवस्था मिलाइनेछ। पहाडी र हिमाली क्षेत्रमा पाइने बहमूल्य एवं बहउपयोगी जडिबुटीहरूको प्रशोधन उद्योगलाई प्रोत्साहन दिइनेछ। सुदूरपश्चिमको अत्तरीया र कर्णालीको सुर्खेतमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ। जडिबुटी खेतीको बीमा गर्ने व्यवस्था मिलाइनेछ।

५५. प्रदेश सरकार, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र निजी क्षेत्रको सहकार्यमा कृषि उपजमा आधारित उद्योग, पशु दाना उद्योग, दलहन, तेलहन र मुख्य खाद्य प्रशोधन उद्योग सञ्चालन गरिनेछ।

५६. स्थानीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निजी क्षेत्रलाई गुँरास, उख, आँप, लिची, किवी, बेल, जुनार, अंगुर, स्याउ लगायतका फलफूल खेती गर्न र यस्ता फलफूलको जुस तथा वाइन उद्योग खोल्न प्रोत्साहन गरिनेछ। अल्लो, सुपारीको पात तथा केरा लगायत वनस्पतिजन्य स्वदेशी कच्चा पदार्थमा आधारित धागो, कपडा उद्योग खोल्न निजी क्षेत्रका उद्यमीहरूलाई सहुलियत प्रदान गरिनेछ।

५७. अलैची, बेसार, अदुवा, लसुन, टिम्मुर, दालचिनी, धनिया, जीरा, खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिनेछ। यस्ता उत्पादनको प्रशोधन गर्ने उद्योग सञ्चालन गर्ने निजी क्षेत्रलाई सहुलियत दिइनेछ।

५८. कपास खेतीलाई प्रोत्साहन गर्न उन्नत जातको कपास खेती गर्ने कृषकलाई कपासको बियाँ छोडाउने मेसिन स्थानीय तहमार्फत उपलब्ध गराउन बजेट विनियोजन गरेको छु। रबर खेतीलाई प्रोत्साहन गरिनेछ।

५९. कर्णालीको कागुनो, चिनो, सिमी, फापर, उवा, मार्सी जस्ता उत्पादनहरूको प्रशोधन र प्याकेजिङ गरी बजारीकरण गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ। कर्णाली र गण्डकी प्रदेशका हिमाली जिल्लालाई स्याउ उत्पादन र प्रशोधनको केन्द्र बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।

६०. चितवनको शक्तिखोर लगायत सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गरिनेछ। नेपाल सरकारबाट घोषणा भएका १०५ वटा औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। बाँकी स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक तयारी गरिनेछ। दमक, मोतीपुर, दैजि र नौवस्तामा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु।

६१. भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ। पाँचखालस्थित विशेष आर्थिक क्षेत्रको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। सुदूरपश्चिम प्रदेशको हरैया र प्रदेश नम्बर १ को सुनसरीमा विशेष आर्थिक क्षेत्रको निर्माण कार्य प्रारम्भ गरिनेछ। औद्योगिक पूर्वाधार तर्फ रू. ३ अर्ब ७९ करोड विनियोजन गरेको छु।

६२. सार्वजनिक निजी साझेदारीमा धौवादी फलाम खानीबाट फलाम उत्पादनको पूर्व तयारीका कार्य सम्पन्न गरिनेछ। बैतडी र बझाङ्गमा रहेको फस्फोराईटको खानीबाट फस्फोरश मल उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ। सुर्खेतमा स्थापना भएको किम्मती तथा अर्ध किम्मती पत्थर प्रशोधन केन्द्र सञ्चालनमा ल्याईनेछ। धादिङ्ग जिल्लाको रूबी भ्याली र जाजरकोट लगायतका स्थानमा रहेको किम्मति तथा अर्ध किम्मति पत्थरको अन्वेषण तथा प्रशोधन कार्य प्रारम्भ गरिनेछ।

६३. लघु, घरेलु र साना उद्योग प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमलाई विस्तार गरिनेछ। स्थानीय तहको लगानी र पहलमा स्थापना भएका उद्योगहरूको व्यवस्थापकीय सुधार, प्राविधिक जनशक्तिको आपूर्ति, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु। अति विपन्न र सीमान्तकृत वर्गका नागरिकहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु।

६४. प्रत्येक स्थानीय तहमा उत्पादन हुने औद्योगिक उत्पादनको सम्भावना रहेका विशिष्ट उत्पादनहरूको पहिचान गरी उत्पादकत्व र बजारीकरणमा सहयोग पुर्याउन एक स्थानीय तह, एक विशिष्ट उत्पादनको अवधारणा कार्यान्वयन गरिनेछ।

६५. उत्पादनमूलक एवं निर्यातजन्य उद्योगमा वैदेशिक लगानी आकर्षण गर्न एवं गैर आवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गरिनेछ। उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ। उद्योग सञ्चालनका लागि ५० वर्षसम्म जग्गा लीजमा दिन सकिने व्यवस्था मिलाइनेछ।

६६. विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रू. २ करोड कायम गरिनेछ। वैदेशिक लगानी आकर्षित गर्न रू. १० करोड सम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ। ठूला लगानीकर्ताहरूले विद्युतीय माध्यमबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको माग गरेमा पूर्व तयारीका कार्य गर्न सक्ने गरी सात दिन भित्र प्रारम्भिक स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ। लगानी स्वीकृति र उद्योग सञ्चालनसम्बन्धी बाँकी प्रक्रिया ६ महिनाभित्र पूरा गरि सक्नु पर्ने व्यवस्था मिलाइनेछ।

६७. सर्जकहरूको बौद्धिक सम्पत्ति एवं प्रतिलिपि अधिकारको संरक्षण गरिनेछ। बौद्धिक सम्पत्तिको चोरी तथा प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उपरको कारवाही प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन

६८. निरन्तर बढिरहेको आयातले वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, चालु खाता तथा शोधनान्तर घाटा बढ्न गई अर्थतन्त्रमा चाप सिर्जना भएको छ। स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि, उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिनेछ। नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरको मापदण्ड बनाई लागु गरिनेछ।

६९. अदुवा, अलैंची, जडिबुटी लगायतका तुलनात्मक लाभ भएका वस्तुहरू तयारी रूपमा प्रशोधन तथा ब्राण्डिङ गरी निकासी गर्न त्यस्ता वस्तुको पकेट क्षेत्रमा प्रशोधन उद्योग खोल्न थप सहुलियत प्रदान गरिनेछ। नेपाल एकीकृत व्यापार रणनीति र व्यापार घाटा न्यूनीकरण रणनीतिक कार्ययोजना परिमार्जनसहित कार्यान्वयन गरिनेछ।

७०. मित्रराष्ट्र चीनसँग भएको पारवहन सम्झौताबमोजिम उपलब्ध नाका तथा बन्दरगाह उपयोग गर्दै तेस्रो मुलुकसम्मको पहुँचलाई थप सहज बनाई अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन गरिनेछ। वैदेशिक व्यापारको लागत कम गर्न व्यापार पूर्वाधारको विकासमा जोड दिइनेछ। व्यापार लजिष्टिक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

७१. उच्च निर्यात सम्भावना भएका क्लिङ्कर, सिमेन्ट, स्टील, फुटवेयर, प्रशोधित पानी लगायतका वस्तुहरू र सूचना प्रविधिमा आधारित सेवा तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ जस्ता सेवाहरू पहिचान गरी निर्यात प्रवर्द्धन गरिनेछ। यस्ता वस्तुको निर्यातमा ८ प्रतिशत सम्म नगद अनुदान दिने व्यवस्था मिलाएको छु।

७२. मुलुकमा औद्योगिक क्षेत्रको विकास गर्न, वैदेशिक लगानी आकर्षित गर्न र उत्पादन वृद्धि एवं निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्न योगदान पुग्ने गरी मासिक रू. १० करोडभन्दा बढीको विद्युत खपत गर्ने उद्योगलाई विद्युत महशुलमा २ देखि १५ प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाएको छु।

७३. नेपाली निर्माण व्यवसायीहरूलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने कानूनी प्रबन्ध मिलाइनेछ। यसबाट सेवा निर्यातको थप अवसर सिर्जना हुने विश्वास लिएको छु।

७४. नेपालगञ्ज एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न गरिनेछ। भैरहवाको एकीकृत जाँच चौकी निर्माण कार्य प्रारम्भ गरिनेछ। कञ्चनपुरको चाँदनी दोधारा, डोल्पाको तीजे धो, मुस्ताङको कोरला र महोत्तरीको जलेश्वरमा सुख्खा बन्दरगाह निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

७५. तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनको ब्राण्डिङ एवं बजार पहुँच वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्नुका साथै अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी केन्द्रको निर्माण कार्य प्रारम्भ गरिनेछ। नेपाली हस्तकलाको बिक्री प्रवर्द्धन गर्न भृकुटीमण्डप खुला बजार क्षेत्रमा रहेका पसलहरूमा हस्तकला प्रदर्शनी तथा बिक्री कक्ष स्थापना गर्नुपर्ने प्रबन्ध मिलाइनेछ।

७६. नेपालबाट निकासी हुने वस्तुहरूको सहज निकासीको लागि गुणस्तर परीक्षण गर्न विद्यमान प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रियस्तरको प्रयोगशालाका रूपमा स्तरोन्नति गरिनेछ। कृषि, वन तथा खानीजन्य कच्चा पदार्थलाई समावेश गरी औद्योगिक प्रशोधन श्रृंखलामा खेतदेखि कारखाना एकीकृत नमुना कार्यक्रम कार्यान्वयन गरिनेछ।

निजी क्षेत्र प्रवर्द्धन

७७. निजी क्षेत्रलाई आर्थिक वृद्धिको इञ्जिनको रूपमा स्थापित गरिनेछ। निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई मुलुकको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ। कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलब्ध गराई उद्योग व्यवसाय गर्न लाग्ने समय र लागत घटाइनेछ।

७८. उत्पादनमूलक उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गर्दै औद्योगिक विकासको लागि वैदेशिक लगानी प्रवर्द्धन गरिनेछ। निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको निर्माण कार्य समयसीमा भित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। निजी क्षेत्रका रूग्ण उद्योगहरूलाई सञ्चालनमा ल्याउन उत्प्रेरित गरिनेछ।

७९. वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवं दोहोरो करमुक्ति सम्झौता गरिनेछ। संयुक्त उपक्रम वा अन्य उपयुक्त माध्यमबाट बढि वैदेशिक लगानी भित्र्याउने व्यक्ति वा उद्यमीलाई राज्यको तर्फबाट विशेष सम्मान एवं सुविधा प्रदान गराउने प्रबन्ध मिलाएको छु।

८०. निजी क्षेत्रलाई १०० भन्दा बढी युनिट रहने अपार्टमेन्टको बढीमा २० प्रतिशत युनिट विदेशी नागरिकलाई विदेशी मुद्रामा विक्री गर्न अनुमति दिने गरी कानूनी व्यवस्था गरिनेछ।

८१. उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदवन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा विक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गरिनेछ।

आपूर्ति व्यवस्थापन

८२. भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण र अमलेखगञ्जदेखि लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार कार्य प्रारम्भ गरिनेछ। घरायसी र व्यापारिक प्रयोजनको लागि प्रयोग हुने एल.पी. ग्याँसको वितरण प्रणाली पुनरावलोकन गरिनेछ।

८३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको पुनर्संरचना गरी प्रदेश र स्थानीय सरकारको शेयर लगानीसहित प्रदेश र स्थानीय तहमा कृषि उपज खरिद बिक्रीको कार्य समेत गर्ने गरी शाखा विस्तार गरिनेछ।

८४. उपभोक्ता हित प्रवर्द्धन गर्न बजार अनुगमन प्रणालीलाई थप क्रियाशील बनाई स्वच्छ र प्रतिस्पर्धी बजार विकास गरिनेछ। दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको लागि खाद्य भण्डार निर्माण एवं खाद्यान्न तथा आयोडिनयुक्त नुन ढुवानी अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु।

८५. उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको लागि रू. १० अर्ब ४८ करोड विनियोजन गरेको छु।

पर्यटन

८६. नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिनेछ। आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। नेपालको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रूपमा विकास गरी नयाँ पुस्तालाई नेपाल भ्रमणको लागि आकर्षित गरिनेछ। दिगो विकास तथा वातावरण संरक्षणतर्फ संवेदनशील हुँदै उच्च मूल्यका हरित पर्यटन तथा पर्या पर्यटन प्रवर्द्धन गरिनेछ।

८७. लिम्बु, राई, थारू, गुरूङ, कुमाल, मगर, हाय, राजवंशी लगायतका जनजातिका मुख्य थलो, सांस्कृतिक रूपमा मिथिला क्षेत्र, आधुनिकताले नछोएका गाउँहरू र ग्रामीण जीवन, विशेष प्राकृतिक स्थल तथा भिन्न प्रकारको संस्कृति एवम् रहनसहन भएका क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।

८८. कोभिड-१९ महामारीबाट प्रभावित होटल लगायत पर्यटन क्षेत्र सम्बद्ध व्यवसायको आर्थिक वर्ष २०७९/८० को वार्षिक ईजाजत र नवीकरण दस्तुर छुट दिने व्यवस्था मिलाएको छु। पर्यटन क्षेत्रको पुनरूत्थानको लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिएको छु। होटेल व्यवसायलाई नेपालमा उत्पादित खाद्यान्न, माछामासु, तरकारी लगायतका वस्तुहरू प्रयोग गर्न उत्प्रेरित गरिनेछ।

८९. ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको उत्खनन् कार्यलाई निरन्तरता दिइनेछ। भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदाहरूको पुन:निर्माणको कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न रू. २ अर्ब विनियोजन गरेको छु।

९०. पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको लागि हिल स्टेशनहरू विकास गर्न प्रोत्साहन गरिनेछ। स्थानीय तहको लागत साझेदारीमा २१६ स्थानमा सञ्चालित पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागि रू. ९० करोड विनियोजन गरेको छ।

९१. आरोहणका लागि खुल्ला गरिएका हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गहरूको स्तरोन्नति गरिनेछ। पदमार्गमा सञ्चार सुविधाको पहुँच विस्तार गर्न बजेट व्यवस्था गरेको छु। उच्च हिमाली क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको ग्रेट हिमालयन ट्रेलको निर्माणका लागि रू. ३३ करोड विनियोजन गरेको छु।

९२. छिमेकी मुलुक भारत र चीनबाट पर्यटक आगमन वृद्धि गर्न सीमावर्ती शहर, ठूला शहर र शैक्षिक संस्थाहरूमा पर्यटन मेला तथा रोड शो जस्ता विशेष कार्यक्रमहरू नेपाल पर्यटन बोर्ड मार्फत सञ्चालन गरिनेछ।

९३. सगरमाथा क्षेत्रमा पर्वतारोहण अनुसन्धान केन्द्र र शेर्पाहरूको साहसिक पहिचान झल्किने संग्रहालय स्थापना गरिनेछ। पाँचसय वर्षभन्दा पुराना हिमाली गुम्बाहरूको संरक्षणको लागि हिमाली गुम्बा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। काठमाडौं महानगरपालिकासँगको सहकार्यमा एक नेवा: सङ्ग्रहालय स्थापना गरिनुका साथै पोखरामा गुरूङ मौलिक संस्कृति संरक्षण गुरूयोजना कार्यान्वयन गर्न सहयोग गरिनेछ।

९४. प्रमुख पर्यटकीय गन्तव्यसम्मको यात्रा सहज

बाँकी पृष्ठ ७ मा

# आर्थिक...

बनाउन मुगु, मनाङ, मुस्ताङ र सोलुखुम्बु जस्ता पर्यटकीय क्षेत्रको सडक स्तरोन्नतिको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। पर्यटकीय गन्तव्यहरूमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, नि:शुल्क इन्टरनेट लगायतको सुविधा उपलब्ध गराउने प्रबन्ध गरेको छु।

९५. सगरमाथा क्षेत्रसम्म जाने हालको मार्गलाई सुधार गर्नका साथै निजी क्षेत्र मार्फत चतरा-सगरमाथा द्रुत मार्ग निर्माण गरी दुई घण्टामा सगरमाथा क्षेत्रमा पुगी सगरमाथा अवलोकन गर्न सक्ने गरी पूर्वाधार निर्माण गरिनेछ। मुक्तिनाथ र उपल्लो मुस्ताङलाई जोडने सडक स्तरोन्नति गरिनेछ। वीरेठाँटी- मुक्तिनाथ केवलकार पूर्वाधार तयार गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ।

९६. सांस्कृतिक, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटक आकर्षित गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। नेपालका महत्त्वपूर्ण धामहरू, मठमन्दिर तथा मूर्तिहरू एकै ठाउँमा अवलोकन गर्न प्रतिरूप सङ्ग्रहालय निर्माण गरिनेछ। कीर्तिपुरमा अवस्थित जनजाति सङ्ग्रहालय विस्तार गरिनेछ। नेपालको ऐतिहासिक शासकीय सङ्ग्रहालय स्थापना गरिनेछ। मधेसको जनकपुर र सिम्रौनगढ तथा कर्णालीको रारा, हम्ला, शे फोक्सुण्डो, छायाँनाथ, लिमि र सुदूरपश्चिमका सात देवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा, त्रिपुरासुन्दरीलाई पर्यटकीय स्थलको रूपमा प्रवर्द्धन गरिनेछ।

९७. पर्यटन क्षेत्रको लागि रू. ९ अर्ब ३८ करोड विनियोजन गरेको छु।

हवाई पूर्वाधार

९८. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लगानी ढाँचा निर्धारण गरी लगानी बोर्ड नेपाल मार्फत आयोजना विकास कार्य अगाडि बढाइनेछ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ।

९९. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चापलाई व्यवस्थित गर्न ट्याक्सी वे थप र दोस्रो टर्मिनल भवन निर्माणका लागि रू. २ अर्ब २० करोड विनियोजन गरेको छु। हवाई तथा यात्रु चापको विशेषणको आधारमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण कार्य अगाडि बढाइनेछ।

१००. धनगढी विमानस्थललाई स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ। सुर्खेतको रामघाटमा प्रादेशिक विमानस्थल निर्माणको कार्य अघि बढाइनेछ।

१०१. नेपाल नागरिक उड्डयन प्राधिकरणको पुन:संरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापना गरिनेछ।

१०२. आन्तरिक हवाई सेवाको गुणस्तर अभिवृद्धि गर्न र पहुँच विस्तार गर्न डडेलधुरा, बाग्लुङ्गको बलेवा, दाङ, टरीगाउँ, टिकापुर, चौरजहारी लगायत विमानस्थलको स्तरोन्नति गरिनेछ। यसैगरी उदयपुर विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिनेछ। हवाई पूर्वाधार विकासका लागि रू. १२ अर्ब २४ करोड विनियोजन गरेको छु।

भूमि व्यवस्था

१०३. वैज्ञानिक भूमि सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। भूमिको समचित उपयोग गर्न संघीय भ-उपयोग योजना कार्यान्वयन गरिनेछ। कृषियोग्य जमीन अन्य प्रयोजनमा प्रयोग गर्न निरूत्साहित गरिनेछ। प्रदेश र स्थानीय तहमा भूउपयोग योजना तर्जुमा गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१०४. भूमिहीन दलित, सुकुम्बासी एवं अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्ने कार्यलाई राष्ट्रिय भूमि आयोग मार्फत प्राथमिकताका साथ अघि बढाइनेछ। जग्गाधनी प्रमाणपूर्जा वितरण कार्यलाई निरन्तरता दिई थप ३ सय स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिनेछ।

१०५. पुनर्स्थापना कार्यक्रम अन्तर्गतको सुविधा पाउन बाँकी मुक्त कमैया, मुक्त हलिया, कम्लरी तथा हरूवा चरूवाहरूको पुनर्स्थापना गरी जीविकोपार्जन, रोजगारी सिर्जना र क्षमता विकासका कार्यक्रमहरूसँग आबद्ध गरिनेछ।

१०६. स्थानीय तहमा गरिब तथा सीमान्तकृत समुदायलाई कृषिमा आधारित एकीकृत उत्पादनमार्फत आर्थिक क्रियाकलापमा आबद्ध गरी स्थानीयस्तरमा थप रोजगारी सिर्जना गरिनेछ। स्थानीय सरकारको सहजीकरणमा चक्लाबन्दी, सामुहिक खेती, सहकारी खेती जस्ता कार्यक्रम सञ्चालन गर्दा अतिविपन्न गरिब, भूमिहिन दलित, सीमान्तकृत र उद्यमशील युवालाई प्राथमिकता दिइनेछ।

१०७. सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको संरक्षण र व्यवस्थापनको लागि नक्सा सहितको विस्तृत डिजिटल अभिलेख तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिनेछ। आगामी आर्थिक वर्ष १२६ नापी कार्यालयहरूमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवाप्रवाह प्रणाली कार्यान्वयनमा ल्याइनेछ। भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीलाई स्तरोन्नति गर्दै मालपोत कार्यालयबाट प्रदान हुने सेवालाई एकीकृत रूपमा प्रवाह गरिनेछ।

१०८. घर जग्गाको मूल्याङ्कन प्रणालीलाई व्यवहारिक बनाई एकरूपता कायम गर्न भौगोलिक सूचना प्रणालीमा आधारित एकीकृत घर जग्गा मूल्याङ्कन प्रणाली विकास गरी सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रणाली अनिवार्य रूपमा प्रचलनमा ल्याउने व्यवस्था मिलाइनेछ। नापजाँच गर्न छुट भएका गाँउब्लक जग्गा र दर्ता हुन छुट भएका स्वबासी, वेनिस्सा लगायत जग्गाको नाप जाँच तथा दर्ता गरी दशकौदेखि स्वामित्वबाट बञ्चित रहेका घर परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराइनेछ।

१०९. घरजग्गा कारोवारलाई व्यवस्थित र पारदर्शी बनाउँन आधिकारिक निकायबाट अनुमति प्राप्त व्यक्ति र कम्पनीले मात्र घर जग्गा कारोबार गर्न पाउने आवश्यक प्रबन्ध गरिनेछ। आगामी आर्थिक वर्षदेखि महानगरपालिका र उप महानगरपालिकामा सो व्यवस्था कार्यान्वयन गरी क्रमश: सबै स्थानीय तहमा लागू गरिनेछ।

सहकारी तथा गरिबी निवारण

११०. भूमिहीन घरवारविहीनलाई आवास सुविधा, सीपविहीनलाई सीप, वेरोजगारलाई रोजगारी र गुणस्तरीय स्वास्थ्य र शिक्षासहित प्रभावकारी सार्वजनिक सेवा प्रवाहका माध्यमबाट दीगो रूपमा गरिबी कम गरिनेछ। राज्य सुविधा परिचयपत्र वितरण कार्य सम्पन्न गरी गरिब घरपरिवारको एकीकृत सूचनाको लागि गरिब घरपरिवार सूचना प्रणालीको निर्माण गरिनेछ। गरिब लक्षित कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। शहरी गरिबलाई रोजगार र स्वरोजगारको अवसर प्रदान गर्न क्षमता विकास र सीपमूलक तालिम प्रदान गर्नुका साथै निजहरूको लागि आधारभूत सुविधासहितको अपार्टमेण्ट निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

१११. निरपेक्ष गरिबीको रेखामुनी रहेका दलित समुदायका श्रमयोग्य जनशक्तिलाई सीपमूलक तालिम दिई स्वरोजगार बनाउन परम्परागत पेशा, ज्ञान र सीपमा आधारित व्यवसायका अतिरिक्त अन्य व्यवसाय सञ्चालनका लागि प्रोत्साहन स्वरूप बिउ पुँजीसहित विना धितो सहुलियतपूर्ण ॠण उपलब्ध गराइनेछ।

११२. सहकारीको मन्त्र: आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्त्वपूर्ण क्षेत्रको रूपमा परिचालन गरिनेछ। सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहित गरिनेछ। सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ। सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिदबिक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था मिलाइनेछ।

११३. कम्तीमा रू. २० करोड चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई नेपाल सरकारले चुक्ता पुँजीको ५ प्रतिशत रकम पुँजीगत अनुदान प्रदान गर्ने व्यवस्था मिलाएको छु। स्थानीय तहले स्वपुँजी लगानी गरी कम्तीमा ३ सय स्थानीय किसानहरूको सहभागितामा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा त्यस्ता उद्योगहरूमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान प्रदान गर्ने व्यवस्था मिलाएको छु।

११४. विक्रम सम्वत् २०४९ साल अघि सञ्चालनमा रहेका साझा संस्थाहरूको सम्पत्ति र दायित्व यकिन गरी सो को संरक्षण र व्यवस्थापन गरिनेछ। यी संस्थाहरूबाट ॠण लिएका किसानहरूको ॠण मिनाहा गरी धितो रहेका जग्गाको रोक्का फुकुवा गरिनेछ।

११५. भूमिहीन दलित, सुकुम्वासी, राउटे, वनकरीया, मुसहर र डोम समूदायद्वारा स्थापित सहकारी संस्थाहरू मार्फत सञ्चालन हुने कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसाय सञ्चालनको लागि अधिकतम ५ प्रतिशत सहलियत व्याजदरमा कर्जा प्रवाहको व्यवस्था मिलाइनेछ।

११६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रू. ७ अर्ब ४ करोड विनियोजन गरेको छु।

दिगो वन व्यवस्थापन र पर्यावरण संरक्षण

११७. वन क्षेत्रलाई वातावरण संरक्षण, दिगो विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिको महत्त्वपूर्ण आधारको रूपमा विकास गरिनेछ। सिल्भिकल्चर प्रणालीमा आधारित रही दीगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारमा आत्मनिर्भर हुनुका साथै काठ आपूर्ति तथा वनजन्य उद्यम विकास एवं विस्तार गरिनेछ। वन क्षेत्रको संरक्षण र यसको व्यवसायिक प्रयोगलाई सन्तुलित रूपमा अघि बढाइनेछ। काठजन्य सामग्रीमा आत्मनिर्भर बन्न र गैरकाठजन्य प्रशोधित सामग्रीको निर्यात प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

११८. सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत थप २३ लाख हेक्टर सामुदायिक वनको व्यवस्थापनबाट स्थानीयस्तरमा वनजन्य वस्तुको माग पूरा गर्नुका साथै रोजगारी सिर्जनामा टेवा पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। वन अतिक्रमण तथा डढेलो नियन्त्रणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

११९. वन पैदावारको आपूर्ति बढाउन र कृषकको आम्दानी वृद्धि गर्न देशव्यापी रूपमा कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ। निजी जग्गामा रहेका रूख विरूवा कटान गरी कृषि बाली सरह ओसारपोसार गर्न पाउने गरी कानूनी व्यवस्था गरिनेछ। निजी क्षेत्रको सहभागितामा उत्पादित काठको गुणस्तर अभिवृद्धि गर्न काठ सिजनिङ तथा ट्रिटमेण्ट प्लाण्ट सातै प्रदेशमा स्थापना गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ।

१२०. प्रदेशसँगको सहकार्यमा निजी वन प्रवर्द्धन र विकासका लागि वृक्षारोपण गर्न १ करोड विरूवा वितरण गरिनेछ। जनताको रहर: हरित शहर अभियान अन्तर्गत देशका शहरहरूलाई हरियालीयुक्त बनाउन १० हजार बहु-वर्षीय विरूवा रोपिनेछ।

१२१. एकीकृत जलाधार व्यवस्थापनको माध्यमबाट उपल्लो र तल्लो तटीय अन्तर सम्बन्ध कायम राखी जलाधारको दिगो व्यवस्थापन गरिनेछ। जलाधारको संरक्षण तथा दीगो व्यवस्थापन गरी जलवायुजन्य जोखिम न्यूनीकरण एवं भूमि तथा जलको उपयोग बढाइनेछ।

१२२. वृक्षारोपण, तटबन्ध तथा अन्य तरिकाबाट भू-क्षय नियन्त्रण गरी कृषियोग्य जमिन र बसोबास क्षेत्रको संरक्षण गरिनेछ। वन क्षेत्रबाट बग्ने नदी, खोला र खोल्सीहरूमा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरू सोही स्थानमा तटबन्ध बनाउन उपयोग गरिनुका साथै बाँकी नदीजन्य पदार्थ सार्वजनिक पूर्वाधार निर्माणमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ।

१२३. नदी प्रणालीमा आधारित रहेर भू-क्षय नियन्त्रणसहित क्षतिग्रस्त भूमिको पुनर्स्थापना, वायोइञ्जिनियरिङ्ग सहितको तटवन्ध निर्माण, वर्षातको पानी उपयोग, जलपुनर्भरण, सिमसार व्यवस्थापन तथा भेटियर, जेट्रोपा र बाँसरोपण जस्ता क्रियाकलाप सञ्चालन गरी चुरे क्षेत्रको संरक्षण गरिनेछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको लागि रू. २ अर्ब १७ करोड विनियोजन गरेको छु।

१२४. तराई मधेशका नदीहरूमा तटबन्ध गरी नदी उकास जमिनमा बायोईञ्जिनयरिङ्ग लगायतका माध्यमबाट हरियाली कोरिडर निर्माण गरिनेछ। महाभारत क्षेत्रमा खानी विभागले पहिचान गरेका सम्भाव्य स्थानबाट वातावरणीय मूल्याङ्कनका आधारमा मार्वल, ग्रेनाइट तथा बहुमूल्य धातु, फलाम, ढुङ्गा र चट्टानको उत्खनन तथा प्रशोधन गरी निर्यात गरिनेछ।

१२५. वन तथा वातावरण मन्त्रालयको लागि रू. १३ अर्ब विनियोजन गरेको छु।

श्रम तथा रोजगार

१२६. उत्पादनशील र मर्यादित रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई रोजगारीका क्षेत्रमा आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्न सक्ने बनाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक व्यवसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ। सबै बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिनेछ। कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, औद्योगिक र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी सिर्जनाको स्तम्भको रूपमा विकास गरिनेछ।

१२७. प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिमार्जन गरिनेछ। स्थानीय तहको सहकार्यमा खेतीयोग्य बाँझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगारलाई यस कार्यक्रम मार्फत कृषि र उत्पादनमूलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ। प्रत्येक वर्ष रोजगार सेवा केन्द्र मार्फत २ लाख सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रू. ७ अर्ब ५ करोड विनियोजन गरेको छु।

१२८. कम्तीमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई सम्बन्धित स्थानीय तहमा श्रम सहकारीको रूपमा दर्ता भई आपसी प्रतिस्पर्धाको आधारमा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने रू. १० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गरिनेछ। श्रम सहकारी मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरूलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउने व्यवस्था मिलाइनेछ।

१२९. मुलुकभरका सबै सीपमूलक तालिम प्राप्त व्यक्तिको अभिलेख व्यवस्थित गरिनेछ। विभिन्न निकायबाट सम्पादन हुँदै आएको रोजगार सम्वद्ध कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी बनाई दोहोरोपन हटाउन र सीपमूलक तालिमहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वमा उच्चस्तरीय समन्वय समिति गठन गरिनेछ।

१३०. उद्योग तथा व्यवसायका क्षेत्रमा सुमधुर श्रम सम्बन्ध स्थापना, सामूहिक सौदावाजी प्रवर्द्धन, रोजगारदाता र श्रमिकबीच मेलमिलाप स्थापना, श्रम निरीक्षणको प्रभावकारिता अभिवृद्धि, श्रम बजारको अध्ययन र अनुसन्धान तथा श्रमिकहरूको सीप, विकास र कल्याणकारी कार्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न राष्ट्रिय श्रम प्रतिष्ठान गठन गरिनेछ।

१३१. न्यून आय भएका श्रमिक र गरिब परिवारको पहिचान गरी उनीहरूका लागि खाद्य सुरक्षा परिचयपत्रको व्यवस्था गरिनेछ। हरेक स्थानीय तहमा सुपथ मूल्यका पसल सञ्चालन गरी सो परिचयपत्रको आधारमा खाद्य सामाग्रीहरू सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१३२. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाइनेछ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको माग अनुसार आवश्यक सीपमूलक तालिम प्रदान गरिनेछ। वैदेशिक रोजगारीका नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी विद्यमान श्रम सम्झौताको प्रभावकारिता अध्ययन तथा पुनरावलोकन गरिनेछ। वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति गरी वैदेशिक रोजगारी सम्वद्ध सेवाहरू अनलाइन प्रणाली मार्फत प्रदान गर्न व्यवस्था मिलाइनेछ। हाल काठमाडौंबाट प्रदान गरिदै आएको श्रम स्वीकृति काठमाडौं बाहिरका सबै श्रम तथा रोजगार कार्यालयहरूमार्फत अनलाइन प्रणालीबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१३३. श्रमिकको गन्तव्य, कामको किसिम, पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी विषयमा डिजिटल माध्यमबाट अग्रीम जानकारी दिने व्यवस्था मिलाइनेछ। वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा निजहरूको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा अनलाइन प्रणालीबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूलाई टेलिमेडिसिन सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ। वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको लागि उत्पादनमूलक क्षेत्रमा लगानी गरी प्रतिफल वितरण गर्ने गरि सञ्चित लगानी कोष सञ्चालन गरिनेछ।

१३४. वैदेशिक रोजगारबाट फर्केका नागरिकहरूलाई उनीहरूले आर्जन गरेको अनुभव, सीप र पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था मिलाएको छु। सातै प्रदेशमा बहुउद्धेश्यीय तालीम केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

१३५. कार्यस्थलमा भेदभाव तथा हिंसा हन दिइने छैन। समान कामका लागि समान पारिश्रमिकको सिद्धान्तको प्रभावकारी कार्यान्वयन गरिनेछ। श्रम अडिटलाई व्यवस्थित र प्रभावकारी बनाइ श्रमिकको हक, हीत, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानूनको परिपालना सुनिश्चित गरिनेछ। बालश्रम निवारण कार्ययोजना, २०७५-८५ को प्रभावकारी कार्यान्वयन गरी क्रमश: सबै स्थानीय तहलाई बालश्रममुक्त घोषणा गरिनेछ। दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरूको हित रक्षाका लागि काममा लगाउने पक्ष र श्रमिकको बीचमा करार गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

१३६. स्वरोजगार नागरिकलाई योगदानमा आधारित नागरिक पेन्सन योजनामा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ। निजी तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाहरूमा क्रमश: आवद्ध गर्दै लगिनेछ।

१३७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको लागि रू. ९ अर्ब १३ करोड छुट्याएको छु।

स्वास्थ्य तथा जनसंख्या

१३८. आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच विस्तार गरी सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। कोभिड-१९ महामारी व्यवस्थापनबाट प्राप्त अनुभव समेतका आधारमा स्वास्थ्य प्रणालीमा आवश्यक सुधार गरी भविष्यमा यस्ता महामारीको सामना गर्न सक्षम र प्रभावकारी स्वास्थ्य प्रणालीको विकास गरिनेछ। दिगो विकास लक्ष्य हासिल गर्न नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना, २०७९-८७ कार्यान्वयन गरिनेछ।

१३९. आगामी आर्थिक वर्ष ६५५ स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालहरूको निर्माण सम्पन्न गरिनेछ। स्थानीय तहमा आधारभूत अस्पतालहरूको निर्माण कार्यका लागि रू. १० अर्ब विनियोजन गरेको छु। पुराना र जीर्ण अवस्थामा रहेका अस्पताल एवं स्वास्थ्य संस्थाका भवनहरू नयाँ मापदण्डअनुसार पुनर्निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१४०. ज्येष्ठ नागरिकलाई विशिष्टिकृत स्वास्थ्य सेवा सुनिश्चित गर्न थप २० वटा केन्द्रीय र प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु। सरकारी स्वास्थ्य संस्थाहरूबाट ९८ प्रकारका औषधी नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरेको छु।

१४१. मृगौला प्रत्यारोपण गरेका तथा डायलाइसिस गराइरहेका व्यक्तिहरू, सबै किसिमका क्यान्सर रोग निदान भएका व्यक्तिहरू र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च बापत मासिक रू. ५ हजारका दरले उपलब्ध गराउन रू. १ अर्ब ५० करोड छुट्याएको छु।

१४२. मातृ मृत्यूदर घटाउन गर्भवती महिलालाई पोषण कार्यक्रम, स्वास्थ्य जाँच र सुरक्षित सुत्केरी सुविधा उपलब्ध गराइनेछ। पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर घटाउन सुरक्षित मातृत्व, शिशु स्याहार, पोषण कार्यक्रम र खोप कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरूबाट प्रसूति सेवा उपलब्ध गराई मातृशिशु मृत्युदर घटाउनको लागि आमा सुरक्षा कार्यक्रममा रकम वृद्धि गरेको छु। मानव विकास सूचकाङ्कमा पछि परेका २५ जिल्लाका विपन्न परिवारका सुत्केरीलाई एकमुष्ठ रू. ५ हजार पोषण खर्च उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

१४३. गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन र स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी प्रदेशको राजापुरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान मार्फत र मधेश प्रदेशको सप्तरीमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मार्फत सुपर स्पेसिलिटी सेवासहितको स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल स्थापना गर्ने कार्य अघि बढाइनेछ। शिक्षक अस्पताल निर्माण कार्य अघि बढाइनेछ। सिकलसेल एनिमिया अनुसन्धान तथा उपचार केन्द्र स्थापना गरिनेछ।

१४४. रूपन्देहीको सैनामैना, नवलपरासी पूर्वको देवचुली, कैलालीको लम्की, कर्णाली कोरिडरको राकम र धादिङको बेल्खुमा ट्रमा सेन्टर स्थापना गरिनेछ। दुर्गम जिल्लाका अस्पतालहरूमा काम गरिरहेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई उत्प्रेरित गर्न एक चिकित्सक एक अस्पताल कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१४५. क्यान्सर रोगको निदान गरी स्वदेशमै उपचार सेवा दिन आवश्यक पर्ने पेट स्क्यान मेसिन तथा साइक्लोटोन उत्पादन गर्ने मेसिन खरिद गर्न रू. ५० करोड बजेट व्यवस्था गरेको छु। पाठेघरको मुखको क्यान्सर विरूद्ध खोप कार्यक्रम शुरूवात गरिनेछ।

१४६. शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलाई अंग प्रत्यारोपणसम्बन्धी विशेषज्ञ उत्पादन गर्न सक्षम प्रतिष्ठानको रूपमा विकास गरिनेछ। मृगौला रोगीहरूको नि:शुल्क मृगौला प्रत्यारोपणको व्यवस्था मिलाइनेछ। सबै प्रादेशिक अस्पतालहरूमा डायलाइसिस सेवा उपलब्ध गराउन डायलाइसिस मेसिन खरिद गर्न रू. २० करोड विनियोजन गरेको छु। विपन्न मृगौला रोगी नागरिकलाई निशुल्क मृगौला प्रत्यापरोण गर्न रू. १० करोड विनियोजन गरेकोछु।

१४७. स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य प्रविधि र अनुभवसमेत आदानप्रदान हुने गरी सबै स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू र मेडिकल कलेजहरूले वार्षिक कम्तीमा दुई पटक अनिवार्य रूपमा स्थानीय तहका आधारभूत अस्पतालहरूमा र ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

१४८. पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य सेवासहितको पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। बालबालिकासम्बन्धी विशिष्टिकृत स्वास्थ्य संस्थाको क्षमता विकासका लागि बजेट व्यवस्था गरेको छु।

१४९. मनमोहन कार्डियोथोरासिक भाष्कुलर तथा ट्रान्सप्लान्ट केन्द्र, सुरेश वाग्ले मेमोरियल क्यान्सर केन्द्र, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, जि.पि. कोइराला राष्ट्रिय स्वाशप्रश्वास उपचार केन्द्र, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको सञ्चालन तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु।

१५०. रोगको रोकथाम तथा नियन्त्रणका लागि नेशनल सेन्टर फर डिजिज कन्टोलको स्थापना गरिनेछ। स्वास्थ्य संस्था र स्वास्थ्य सेवाहरूको गुणस्तर मापन तथा प्रमाणीकरण गर्न राष्ट्रिय स्वास्थ्य प्रत्यायन बोर्डको स्थापना गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ। प्रत्येक नागरिकको स्वास्थ्य अभिलेख व्यवस्थित गर्न आगामी आर्थिक वर्षदेखि प्रमुख अस्पतालहरूमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली स्थापना गरी क्रमश: सबै स्वास्थ्य संस्थामा विस्तार गर्दै लगिनेछ।

१५१. स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लाभग्राहीहरूलाई सामुदायिक तथा सरकारी अस्पतालहरूबाट मात्र उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि सबै सामुदायिक तथा सरकारी अस्पतालहरूमा सामाजिक स्वास्थ्य इकाइ स्थापना गरिनेछ। स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउन बीमा कम्पनी मार्फत सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ। स्वास्थ्य बीमा कार्यक्रमको लागि रू. ७ अर्ब ५० करोड विनियोजन गरेको छु।

१५२. व्यक्तिको खानपीन, आनीबानी र व्यवहारमा सुधार गर्न शारीरिक व्यायाम, योग र ध्यानजस्ता क्रियाकलापलाई दैनिक जीवनचर्याको रूपमा विकास गरी सबै नागरिकको स्वस्थ जीवन सुनिश्चित गर्न स्थानीय तहसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम कार्यान्वयन गरिनेछ। आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान सञ्चालन गरिनेछ। आयुर्वेद र होमियोपेथी जस्ता वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ।

१५३. चालीस वर्ष माथिका नागरिकका लागि स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा वर्षमा एकपटक नसर्ने रोगहरूको नि:शुल्क स्क्रिनिङ सेवा सञ्चालन गरिनेछ। शैक्षिक सत्र शुरू हुनु अघि सार्वजनिक विद्यालयका सबै विद्यार्थीको नि:शुल्क स्वास्थ्य जाँच गर्ने प्रबन्ध गरिनेछ।

१५४. रक्त सञ्चार सेवालाई व्यवस्थित र सर्वसुलभ बनाउन सबै प्रदेशमा सरकारी स्वामित्वको ब्लड बैंक स्थापना गरिनेछ। सबै प्रदेशका संघीय अस्पतालमा क्याथल्याबसहितको आकस्मिक मुटुरोग सेवा प्रारम्भ गर्न आवश्यक व्यवस्था मिलाएको छु। एम्बुलेन्स सेवालाई एकीकृत प्रणाली मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१५५. शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रत्येक प्रदेशमा एक एक वटा पुनर्स्थापना तथा प्रशामक केन्द्र स्थापना गरिनेछ। व्यवसायजन्य स्वास्थ्य प्रवर्द्धन तथा रोग नियन्त्रण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१५६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि रू. ६९ अर्ब ३८ करोड विनियोजन गरेको छु। स्वास्थ्य क्षेत्रको लागि प्रदेशमा रू. ६ अर्ब २६ करोड र स्थानीय तहमा रू. २७ अर्ब ४४ करोड हस्तान्तरण गरेको छु।

शिक्षा, विज्ञान तथा प्रविधि

१५७. शिक्षामा पहँच विस्तार गर्नुका साथै पूर्वाधार निर्माण र गुणस्तर सुधार गरी उत्पादनशील र नवप्रवर्तनशील मानव पुँजी विकास गरिनेछ। तथ्य र विज्ञानमा आधारित शिक्षा प्रवर्द्धन गर्दै लगिनेछ। प्रदेश र स्थानीय तहको सहकार्यमा रोजगारमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्न विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। आगामी आर्थिक वर्ष युवा साक्षरता शतप्रतिशत पुयाउन तथा माध्यमिक र उच्च शिक्षामा कुल भर्नादर वृद्धि गर्न अभियान सञ्चालन गरिनेछ।

१५८. शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यकासाथ विद्यार्थीलाई कक्षा कोठाबाटै व्यवसायिक ज्ञान र सीप प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। हाल १४० वटा विद्यालयमा सञ्चालित पढ्दै कमाउँदै कार्यक्रमलाई थप १०० वटा विद्यालयहरूमा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१५९. शिक्षासँगै सीप भन्ने अभियानका साथ माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई सीपमुलक तालिम प्रदान गर्ने गरी पाठ्यक्रम विकास गरिनेछ। माध्यमिक तह उत्तीर्ण भएसँगै स्वावलम्वी बन्न सक्ने गरी विद्यार्थीलाई कुनै एक व्यवसायिक दक्षता हासिल गराई रोजगार वा स्वरोजगार बन्न सक्षम बनाइनेछ। प्राविधिक विषयको स्नातक तह र अन्य विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई स्थानीय तहको योजना निर्माण र ग्रामीण विकासमा योगदान गर्ने गरी न्यूनतम ९० दिन स्वयंसेवामा लगाउन सम्बन्धित विश्वविद्यालयले आवश्यक व्यवस्था मिलाउनेछ।

१६०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष १ हजार २ सय सामुदायिक विद्यालयको प्राविधिक पूर्वाधारसहितका विद्यालय भवन निर्माण गरिनेछ। शिक्षकको क्षमता विकास, कार्यमूलक अनुसन्धान र परियोजना कार्यमा आधारित शिक्षण सिकाइ र विद्यार्थीको क्षमता वृद्धि गर्न वार्षिक कार्ययोजना बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि रू. ८ अर्ब ८८ करोड विनियोजन गरेको छु।

*क्रमश:...*

## जिल्ला समाचार

### मानव बेचबिखन तथा जबरजस्ती गर्ने पक्राउ

पर्सा। मानव बेचबिखन तथा जबरजस्ती करणीमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-८ स्थित एक रेष्टुरेण्टमा काम गरी बस्ने मोरङ कटहरी गाउँपालिका-४ ठेगाना भएका २५ वर्षीय सुरज कुमार साह, वीरगंज महानगरपालिका-१६ फुलबारी टोल डेरा गरी बस्ने जुम्ला हेमा गाउँपालिका-३ जोगीवडा टोल ठेगाना भएका ३५ वर्षीय हरिचन्द्रनाथ योगी र वीरगंज महानगरपालिका-१६ स्थित कार्की होटलकी सञ्चालिका सखुवासभा खाँदवारी नगरपालिका-१० ठेगाना भएकी ४२ वर्षीया लक्ष्मी बुढाथोकी (कार्की) रहेका छन्। सुरज कुमार साहले जेठ ५ गते काठमाडौं बस्ने २५ वर्षीया युवतीलाई विवाह गर्ने प्रलोभन देखाई वीरगंज बोलाई बसपार्कस्थित एक होटलमा लगि पटकपटक करणी गरेपश्चात् जेठ ९ गते वीरगंज महानगरपालिका-१६ स्थित कार्की होटलकी सञ्चालिका लक्ष्मी बुढाथोकीको जिम्मा लगाई आफू भागी फरार भएका थिए। जेठ १० गते लक्ष्मी बुढाथोकीले 'विवाह गर्छ' भनी झुक्याई हरिचन्द्रनाथ योगीको साथमा युवतीलाई पठाएको र योगीले पीडितलाई आफ्नो कोठामा लगि मानसिक र शारीरिक यातना दिई पटकपटक जबरजस्ती करणी गरी बाहिर निस्कन नदिई राखेको अनुसन्धानबाट खुल्न आएको छ। साथै उक्त घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई वीरगंज महानगरपालिकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरू उपर जबरजस्ती करणी र मानव बेचबिखन तथा ओसारपसार कसूरमा अनुसन्धान भइरहेको छ।

### हत्या अभियोगमा तीन जना पक्राउ

मोरङ। कटहरी गाउँपालिका-२ आदर्शटोल बस्ने ५० वर्षीय तुलसी श्रेष्ठको हत्या गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। आइतबार बिहान पक्राउ पर्नेमा कटहरी गाउँपालिका-१ बस्ने ३३ वर्षीय रविन भुजेल, २९ वर्षीय वर्षीय कपिल माझी र कटहरी गाउँपालिका-३ बस्ने २८ वर्षीय नितेश चौधरी रहेका छन्। कटहरी गाउँपालिका-१ महेशपुर थानगाछीस्थित खेतमा आइतबार बिहान तुलसी श्रेष्ठ शरीरमा चोटपटक लागेर मृत अवस्थामा फेला परेको घटनाको अनुसन्धान गर्ने क्रममा वडा प्रहरी कार्यालय (ख) हाटखोला र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। आपसी वादविवादको क्रममा बाँसको मुग्रो, ढुंगा लगायतका औजार प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

### किशोरीमाथि सामूहिक बलात्कार

धनुषा। धनुषामा एक किशोरीमाथि सामूहिक बलात्कार भएको छ। क्षीरेश्वरनाथ नगरपालिकाकी १८ वर्षीया किशोरीमाथि सामूहिक बलात्कार भएको हो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले आइतबार एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा क्षीरेश्वरनाथ नगरपालिका-५ का ३५ वर्षीय सिकिन्द्र साह छन्। अन्य चार जना फरार छन्। फरार रहेकाहरूमा क्षीरेश्वरनाथ नगरपालिका-६ का २८ वर्षीय गणेश महतो, वडा नम्बर ५ का ४० वर्षीय जयकुमार यादव र भारतको विहार घर भई क्षीरेश्वरनाथ नगरपालिका-५ बस्ने ३० वर्षीय धर्मेन्द्र पटेल छन्। एक जनाको नाम र ठेगाना खुल्न नसकेको ईलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ। गत चैत १ गते उनीहरूले ती किशोरीलाई मिथिला नगरपालिका-५ स्थित एक होटलमा जबरजस्ती करणी गरेका थिए। पक्राउ परेकालाई धनुषा जिल्ला अदालतबाट म्याद थपको अनुमति लिई थप अनुसन्धान भइरहेको छ।

### गुनासा सुन्न प्रमुखको छुट्टै नम्बर

धनगढी। धनगढीका प्रमुख गोपाल हमालले नगरवासीका गुनासा, सल्लाह, सुझाव तथा समस्या सम्बोधनका लागि ह्वाट्सएप नम्बर सार्वजनिक गरेका छन्। उनले उपमहानगरपालिकामा सोमबार पत्रकार सम्मेलन गरेर आफ्नो ह्वाट्सएप नम्बर सार्वजनिक गरेका हुन्। सार्वजनिक सरोकारका सवालमा नगरवासीका गुनासा, पिरमार्का सुन्न, सल्लाह सुझाव लिन प्रमुख हमालले ९८५८४८८८९५ नम्बर सार्वजनिक गरेका छन्। यो नम्बर प्रमुख हमालसँगै हुनेछ। हमालले विकास निर्माणको काममा कही कमसल सामग्री प्रयोग, गलत काम, कर्मचारीबाट ढिलासुस्ती वा नागरिकलाई दु:ख दिने काम भए कल गर्न नगरबासीलाई आग्रह गरेका छन्। भ्रष्टाचार अन्त्य गरी सुशासन कायम र लोककल्याणकारी नगरको निर्माणमा आफू लागेको बताउँदै उनले व्यक्तिगत कामका लागि भने सो नम्बरमा फोन नगर्नसमेत अनुरोध गरे। राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले शुसासन ल्याउन नसकेको भन्दै उपमहानगर प्रमुखका लागि तयार भएका हमालले अब भ्रष्टाचारको अन्त्य गर्न ह्वाट्सएप नम्बर सार्वजनिक गरेका हुन्। कतै कुनै बदमासी भएको भए सो नम्बरमा फोन गर्न आग्रह गर्दै उनले गलत भेटिए तुरून्तै कारबाही हुने चेतावनी दिए।

### कार्यालय सहयोगी बने वडाध्यक्ष

बाँके। बाँकेको नरेनापुर गाउँपालिकामा फरक भूमिका रहेका ३५ वर्षीय अजयकुमार मिश्राको परिचय अहिले फेरिएको छ। कार्यालय सहयोगीका रूपमा काम गर्दै आएका उनी अहिले जनता समाजवादी पार्टी (जसपा) का तर्फबाट उक्त गाउँपालिका-३ को वडाध्यक्ष निर्वाचित भएका हुन्। मिश्राले गाउँपालिकामा नेकपा एमालेका ताजमोहम्द खाँ र नेपाली काँग्रेसका राजकुमार मौर्यलाई हराएर ६५४ मत ल्याएका थिए। उक्त गाउँपालिकामा कार्यालय सहयोगीको रूपमा कार्यरत मिश्रा यस पटकको स्थानीय चुनावमा जनप्रतिनिधिको रूपमा निर्वाचित भएपछि गाउँ टोलका समस्या समाधान गर्न व्यस्त छन्। कोरोनाकालमा जनतालाई आपत पर्दा होस् वा बाढीपीडित हुँदा गरेको कामबाट प्रभावित भएर जनताले आफूलाई वडाध्यक्षमा निर्वाचित गरेको मिश्राले उल्लेख गरे। नेपालगञ्जबाट पूर्व-दक्षिण दिशामापर्ने नरेनापुर पुग्न करिब दुई घण्टा लाग्छ। साविकका छ गाविस मिलेर बनेको नरेनापुर गाउँपालिकामा ३४ हजार ९४२ जनङ्ख्या छ। इस्लाम र हिन्दू धर्मवलम्बीको बाहुल्यता रहेको सो पालिकामा कृषि नै जीविकोपार्जनको मुख्य आधार हो। यसलाई दुर्गम गाउँपालिकाकाको रूपमा समेत चित्रण गरिएको छ।

### एउटा वडा सदस्य मात्रै जित्दा पनि सन्तोषजनक !

कपिलवस्तु। कपिलवस्तुमा नेकपा (एकीकृत समाजवादी)ले १ वडा सदस्य मात्रै जिते पनि स्थानीय निर्वाचनको नतिजा सन्तोषजनक भएको निष्कर्ष निकालेको छ। कपिलवस्तुमा १० पालिका र ९६ वडा छन्। पार्टीको जिल्ला सचिवालय बैठकले निर्वाचनको समीक्षा गर्दै निर्वाचन परिणाम आफ्नो पक्षमा नआए पनि गठबन्धन दल र आफ्नो पार्टीलाई जनताको अपार माया प्राप्त भएको निष्कर्ष निकालेको हो। पार्टी गठनको ८ महिनामै निर्वाचनमा होमिनुपर्ने बाध्यता, जिल्लामा सुदृढ भइनसकेको संगठनात्मक संरचना, गठबन्धनका नाममा अल्झिनुपरेको अवस्थाबीच पनि अधिकांश पालिकामा उम्मेदवार उठाउनु र कतिपय स्थानमा राम्रो मत ल्याउनुलाई पार्टीले सन्तोषजनक मानेको हो। 'जनताको बीचमा निर्वाचन चिह्न कलम स्थापित हुन सक्नु नै हाम्रा लागि सुखद पक्ष हो', नेकपा एसका जिल्ला अध्यक्ष लंकबहादुर हमालले भने, 'यद्यपि कतिपय स्थानमा जित्ने आकंलन गरेपनि विभिन्न परिस्थितिका कारण पराजय ब्यहोर्न पुग्यौं। यस विषयमा निर्मम ढंगले समीक्षा गरेका छौं।' जिल्लाभर अधिकांश स्थानमा पार्टीका उम्मेदवार रहे पनि कृष्णनगर नगरपालिका-१० को वडा सदस्यमा मुतर्जा मुसलमानले वडा सदस्य जितेका छन्। जिल्लामा पार्टीको यो मात्रै जित हो।

### स्वास्थ्यकर्मी बिना सूचना अनुपस्थित

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिका-५ मा रहेको सरकारी अस्पतालमा ६ जना स्वास्थ्यकर्मी बिना सूचना अनुपस्थित रहेको पाइएको छ। नगरप्रमुख सञ्जय काफ्ले, वडाअध्यक्ष नीलहरी कोइरालासहित वडासदस्यले अस्पताल अनुगमनगर्दा स्वास्थ्यकर्मीहरू अनुपस्थित रहेको पाइएको हो। असिस्टेन्ट हेल्थवर्कर (अहेव) राजेशप्रसाद रौनियार २३ जेठदेखि, अनमि प्रेमकुमारी पौडेल ११ जेठदेखि, अनमि अम्बिकाकुमारी १ दिन, हेल्थ असिस्टेन्ट लक्ष्मण राय १दिन, सीएनएम रञ्जुकुमारी मुखिया १ दिन र स्टाफ नर्स विमलाकुमारी साह४ जेठदेखि बिना सूचनाअनुपस्थित रहेको पाइएको छ। अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेव ाप्रभावकारी नभएको गुनासो बढेपछि नगरप्रमुख काफ्लेले सम्बन्धित वडाका वडाध्यक्ष र सदस्यसहित अस्पतालको अनुगमन गरेका हुन्। अनुपस्थित रहने ती स्वास्थ्यकर्मीको कारबाही अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत कृष्ण सिग्देललाई जिम्मा लगाइएको नगरप्रमुख काफ्लेले जानकारी दिए।

# भारतको सहयोगमा मुस्ताङको लोमान्थाङस्थित विद्यालयको स्तरोन्नत भवन उद्घाटन



काठमाडौं । भारतीय राजदूतावास काठमाडौंका कार्यवाहक राजदूत नामग्य सी खम्पाले भारत सरकारको अनुदान सहयोगमा मुस्ताङ जिल्लाको लोमान्थाङ्ग गाँउपालिका-३ छोनहुपस्थित श्री पाल एवं नाम्याल गुम्बा विद्यालयको स्तरोन्नत भवनको उद्घाटन गरेका छन् । उद्घाटन समारोहमा सो विद्यालयलाई एउटा स्कुल बस र घरपझोङ गाँउपालिकालाई एउटा एम्बुलेन्स उपहारस्वरूप प्रदान गरिएको छ ।

'भारत-नेपाल विकास सहकार्य' कार्यक्रम अन्तर्गत एवम् उच्च प्रभाव सामुदायिक विकास परियोजना अनुरूप भारत सरकारको अनुदान सहयोगमा कुल नेरू २ करोड ६३ लाखको लागतमा यस स्तरोन्नत संरचनाको निर्माण भएको हो । जिल्ला समन्वय समिति मुस्ताङले यस परियोजनाको कार्यान्वयन गरेको हो। यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजनाहरू मध्येको एक हो ।

सन् २००३ यता भारतले नेपालमा ५२७ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेकोमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातै वटा प्रदेशमा ४७० वटा परियोजना सम्पन्न भइसकेका छन् । ती मध्ये मुस्ताङ जिल्लाका १५ गरी गण्डकी प्रदेशमा ५७ वटा रहेका छन् ।

भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुई देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ ।

यस परियोजनाको कार्यान्वयनले नेपालमा सामाजिक एवम् सांस्कृतिक पूर्वाधारको विकास र जनता जनताबीचको सम्बन्ध सुदृढ बनाउन भारत सरकारले पुऱ्याउदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# पूर्वप्रदेश प्रमुख डा.अहिराजद्वारा क्षेत्री समाज राष्ट्रिय महासंघलाई राष्ट्रिय झण्डा हस्तान्तरण



काठमाडौं । पूर्वप्रदेश प्रमुख एवं राजनीतिक विश्लेषक डा. राजेश अहिराजले क्षेत्री समाज राष्ट्रिय महासंघलाई राष्ट्रिय झण्डा हस्तान्तरण गरेका छन् । डा.अहिराजले शुक्रबार जुम्ला जिल्लाको सिंजामा त्यहाँका नागरिक समाजका बीच क्षेत्री समाज राष्ट्रिय महासंघका अध्यक्ष विष्णु खड्कामार्फत् हस्तान्तरण गरेका हुन् । क्षेत्री समाज राष्ट्रिय महासंघलाई राष्ट्रिय झण्डा हस्तान्तरण गर्दै डा.अहिराजले भनेका छन्, 'जुम्लाको सिंजा जस्तो पुण्य भूमिमा सिंजाका नागरिक समाजबीच झण्डा हस्तान्तरण गर्न पाउँदा हर्षको अनुभूति भएको छ ।'

## आर्थिक समाचार

# नेपालबाट भारतमा बिजुली निर्यात

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रणालीका अनुसार हाल बिजुलीको कूल माग (पिक डिमाण्ड) एक हजार ६४३ मेगावाट छ। यो माग साँझ र बिहानको समयको हो । दिनभर र रातभर यो परिमाणमा माग हुँदैन । माग घट्दै जाँदा उत्पादित बिजुली खेर जान्छ। सोही समस्याको समाधानका लागि प्राधिकरणले देशभित्र बढी भएको बिजुली भारत निर्यात गर्न थालेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार बुधबार मध्यरातदेखि नुवाकोटमा आयोजनास्थल रहेका दुई जलविद्युत् आयोजनाको ३९ मेगावाट बिजुली भारत निर्यात भएका छन् । गत वर्षको कात्तिकदेखि पनि ती आयोजनाको बिजुली भारत निर्यात भएका थिए । नेपालका नदीहरूमा हाल जलसतह उल्लेख्यरूपमा बढेको छ। समयमै वर्षा भएका कारण नदीमा जलसतह उल्लेख्यरूपमा वृद्धि भएको हो । प्राधिकरणका अनुसार कूल २४ मेगावाट क्षमताको त्रिशूली र १५ मेगावाट क्षमताको देवीघाट विद्युतगृहको बिजुली (बुधबार मध्यरात)देखि भारतीय बजारमा निर्यात गर्न थालिएको प्राधिकरणले जनाएको छ । थप केही दिनपछि थप बिजुलीसमेत भारत निर्यात हुनेछ। हाल नेपालको कूल जडित क्षमता दुई हजार ३०० मेगावाटको हाराहारीमा पुगेको छ। चालु आवको अन्त्यसम्म थप केही आयोजनाले बिजुली उत्पादन गर्न थाल्नेछन् । मागभन्दा बढी बिजुली उत्पादन भएपछि त्यसलाई खेर फाल्नुभन्दा निर्यात गर्नु उपयुक्त हुने प्राधिकरणको भनाइ छ । प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईका अनुसार भारतको प्रतिस्पर्धी ऊर्जा एक्सचेञ्ज बजारमा प्रत्येक १५ मिनेटमा तय हुने ब्लकका आधारमा नेपालले बिजुली निर्यात एवं बिक्रीका लागि राखेको छ। मागअनुसार प्रत्येक ब्लकको मूल्य पनि फरक-फरक हुन जान्छ ।

भारतमा अत्यधिक गर्मी बढेकाले पनि बिजुलीको माग अत्याधिक छ। विवरणहरूमा जनाइएअनुसार अधिकतम प्रतियुनिट १२ भारू (१९ रूपैयाँ २० पैसा)मा बिजुली खरिद बिक्री गर्न पाउने गरी सीमा निर्धारण गरिएको छ । केही समय पहिले भारतको ऊर्जा एक्सचेञ्ज बजारमा बिजुलीको मूल्य अत्याधिक मात्रामा वृद्धि भएपछि विद्युत् नियमन गर्ने संस्थाले प्रतियुनिट १२ भारूभन्दा माथि बिक्री गर्न नपाउने गरी हस्तक्षेप गरेको थियो । प्राधिकरणका अनुसार कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाको बिजुली पनि भारत निर्यातको तयारी भइरहेको छ । नेपालमा खेर जाने बिजुली भारत निर्यातका लागि उच्चस्तरीय सहमति भइसकेको छ। भारतीय बजारमा कूल ३६४ मेगावाट बिजुली निर्यातका लागि केही समय पहिले प्रधानमन्त्री शेरबहादुर देउवाले गरेको भारत भ्रमणका क्रममा सहमति भएको थियो । सहमतिअनुसार २०० मेगावाट हाराहारीको बिजुली भने बढी मूल्यमा पनि बिक्री गर्न सकिने प्रावधान छ । बढी मूल्यमा बोलकबोल गर्नेलाई बिक्री गर्न सकिने गरी प्रावधान तय गरिएको छ। बाँकी बिजुली भने ऊर्जा एक्सचेञ्ज बजारमा ब्लक निर्धारण गरेर बिक्री हुन्छ ।

रूस र युक्रेन सङ्घर्षका कारण त्यसको बाछिटा अन्तर्राष्ट्रिय कोइला बजारमा पर्दा, गत चैत र वैशाखमा नेपालको ऊर्जा क्षेत्रमासमेत नकारात्मक असर परेको थियो । प्राधिकरणले बढी मूल्य तिरेर बिजुली आयात गर्छु भन्दा पनि पाउने अवस्था थिएन । समयमा नै वर्षा हुँदा त्यतिखेर नेपालले भोगेको नकारात्मक असरको सम्बोधन हुने अवस्थामा प्राधिकरण पुगेको छ । भारतले नेपालका विभिन्न छ आयोजनाको बिजुलीसमेत लैजान सहमति जनाएको छ । प्राधिकरणका अनुसार हाल उसका आफ्ना आयोजनाबाट १० हजार १३३ मेगावाट घण्टा, प्राधिकरणका सहायक कम्पनीको आयोजनाबाट सात हजार ४९५ मेगावाट घण्टा, निजी क्षेत्रका आयोजनाबाट १२ हजार ८९९ मेगावाट घण्टा बिजुली उत्पादन भइरहेको छ। त्यस्तै भारतबाट तीन हजार ३५६ मेगावाट घण्टा आयात भइरहेको छ । यस्तै वर्षा वा पानीका कारण देशभर ४३० मेगावाट घण्टा बिजुली अवरोध भइरहेको छ । प्राधिकरणको प्रणालीमा कूल ३४ हजार ३१३ मेगावाट बराबरको ऊर्जा माग छ ।

# मल ल्याउन कृषि मन्त्री यादव भारतमा

काठमाडौं । देशमा मलको हाहाकार भइरहेको बेला कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्रराय यादव मलको व्यवस्थापनका लागि भारत प्रस्थान गरेका छन् । हुन त उनी भारतमा आयोजित खाद्य स्वच्छतासम्बन्धी एक कार्यक्रममा भाग लिनका लागि गएका हुन् तर उनको मुख्य उद्देश्य रासायनिक मलका बारेमा भारतसँग कुरा गर्नु पनि हो । कृषि मन्त्रालयका एकजना सहसचिवका अनुसार मलकै बारेमा कुरा गर्न मन्त्री आफै जाँदा ठिक नभएपनि एउटा कार्यक्रमको बाहानमा उनी भारत गएका हुन ।

भारतका फर्टिलाइजर मन्त्रीलगायत अन्य तीन मन्त्रीसँग भेटघाट तथा मलको बारेमा कुरा गर्ने कार्यक्रम रहेको छ । जीटुजीमार्फत भारतसँग मल खरिद गर्ने सम्झौतापत्रमा हस्ताक्षर भइसके पनि आजभोलि-आजभोलि भन्दै भारतले टार्दै आइरहेको छ । त्यहाँको मल खरिद गर्ने कम्पनी छनोट हुनुका साथै लगभग दररेट पनि फाइनल नै भइसकेको भएपनि मल दिनमा ढिलाइ भइरहेको छ। कृषि मन्त्रालयले भारतका सम्बन्धित पक्षसँग नियमित छलफल गरिरहेको छ । मल दिनका लागि भारत सकारात्मक भए पनि मल आइरहेको छैन । यता मल अभावका कारण किसानहरू चिन्तित बनेका छन् ।

# प्रथम शिव शिष्य हरिन्द्रानन्दको उपस्थितिमा संगोष्ठी सम्पन्न




काठमाडौं । नेपालको संघीय राजधानी काठमाडौंमा शिव शिष्य/शिष्याको संगोष्ठी सम्पन्न भएको छ । काठमाडौंको बुद्धनगरस्थित क्वालिटी बैंक्वेटमा शनिबार सम्पन्न संगोष्ठी कार्यक्रममा सात सयभन्दा बढी शिव शिष्य/शिष्याहरूको उपस्थिति रहेको थियो । 'आउनुहोस् भगवान शिवलाई आफ्नो गुरू बनाउनुहोस्' मूल नाराका साथ शिव शिष्य हरिन्द्रानन्द फाउण्डेशनको आयोजनामा संगोष्ठी सम्पन्न भएको हो । सो कार्यक्रममा प्रथम शिव शिष्य साहेब श्री हरिन्द्रानन्दको विशेष उपस्थिति रहेको थियो भने शिव शिष्य हरिन्द्रान्द फाउण्डेशन भारतका अध्यक्ष अरचित आनन्दको उपस्थिति रहेको थियो । यसैगरी, केन्द्रीय सचिव बर्खा सिन्हा, फाउण्डेशन नेपालका रामप्रवेश साह, ओमप्रकाश सिंह, अशोक गुप्ता लगायतका शिव शिष्य/शिष्याहरूको उपस्थितिमा संगोष्ठी सम्पन्न भएको हो ।

# 'नेपाल र भारतबीचको सम्बन्ध थप मजबुत'

काठमाडौं । भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाइवालेले नेपाल भारत सम्बन्ध थप मजबुत हुने विश्वास व्यक्त गरेका छन् ।

भारतका लागि नेपाली राजदूत डा. शंकर शर्मासँगको भेटमा चौथाइवालेले सम्बन्ध बलियो बन्ने विश्वास व्यक्त गरेका हुन् ।

'तपाईलाई भेट्न पाउँदा खुशी लाग्यो,' चौथाइवालेले भनेका छन्, 'तपाईको कार्यकालमा नेपाल र भारतबीचको सम्बन्ध अझै मजबुत हुनेमा म विश्वस्त छु ।' यसअघि राजदूत शर्माले ट्वीटरमार्फत चौथाइवालेसँग भेट्न खुसी लागेको उल्लेख गर्दै चौथाइवाले नेपालको घनिष्ट मित्र र शुभचिन्तक भएको उल्लेख गरेका थिए राजदूत शर्माले नयाँदिल्लीमा चौथाइवाले दम्पतीसँग नै भेट गरेका हुन् ।

# केन्द्रबाट...

**फास्ट ट्रयाक ३ वर्षमा सक्ने**

सरकारले तराई मधेश-काठमाडौं दूतमार्ग (फास्ट ट्रयाक) ३ वर्षभित्रमा सक्ने लक्ष्य लिएको छ । बजेट प्रस्तुत गर्दै अर्थमन्त्री शर्माले तराई मधेश-काठमाडौं दूतमार्ग (फास्ट ट्रयाक) तीन वर्षमा सक्ने लक्ष्य लिएको जानकारी दिएका हुन् । यसका लागि ३० अर्ब ७ करोड रकम विनियोजन गरेको उनले जानकारी दिए ।

**पेट्रोलियम पाइप लाइन बनाइने**

सरकारले मकवानपुरको लोथरसम्म पेट्रोलियम पाइप लाइन निर्माण गर्ने भएको छ । बजेट प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्माले बाराको अमलेखगञ्जदेखि मकवानपुरको लोथरसम्म पेट्रोलियम पाइप लाइन बनाउने जानकारी दिएका हुन् । हाल भारतको रक्सौलदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पाइप लाइन सञ्चालनमा छ ।

यस्तै सरकारले ऐतिहासिक र पुरातात्विक महत्वका विषय उत्खननका लागि बजेट विनियोजन गरेको छ । यसकालागि २ अर्ब बजेट विनियोजन गरिएको हो । लिम्बु, राई, गुरूङ, मगर, थारू कुमाल, हायू, राजवंशीलगायतका जनजातिका मुख्य थलोलाई सांस्कृतिक सांस्कृतिक आकर्षणको क्षेत्रका रूपमा विकास गरिने छ । त्यसका साथै मिथिला क्षेत्रका र सांस्कृतिक रूपले नछोएका गाउँ, ग्रामीण जीवन र भिन्न प्रकारका संस्कृति भएकालाई आकर्षक पर्यटन क्षेत्रको रूपमा विकास गरिने अर्थमन्त्री शर्मा बताए ।

**लुम्बिनी र सप्तरीमा 'सुपर स्पेस्यालिटी'**

सरकारले आउँदो आर्थिक वर्षका लागि छुट्ट्याएको बजेट कार्यक्रममा स्वास्थ्य पर्यटनको अवधारणा पनि अघि सारेको छ । लुम्बिनीको राजापुरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत र सप्तरीमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमार्फत 'सुपर स्पेस्यालिटी' सेवासहितको अस्पताल बनाइने भएको हो ।राजारामप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका अस्पतालहरूको पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिएको छ ।

**पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि ३० अर्ब**

सरकारले पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि ३० अर्ब बजेट विनियोजन गरेको छ । बुटवल-नारायणगढ खण्ड सकाउने र कमला-कञ्चनपुर खण्ड अहिले विस्तार भइरहेको छ । सरकारले आगामी वर्षको बजेटमा कमला पथलैयासहितका खण्ड अघि बढाउन ३० अर्ब बजेट विनियोजन गरेको हो । यो आयोजनाका लागि सबै स्रोत वैदेशिक ऋणबाट स्रोत व्यवस्थापन गरिने भएको छ ।

**हुलाकी राजमार्गलाई ६ अर्ब ७ करोड**

सरकारले आगामी आर्थिक वर्षको बजेटमा हुलाकी राजमार्गका लागि ६ अर्ब ७ करोड रूपैयाँ विनियोजन गरेको छ । आगामी ३०० किलोमिटर कालोपत्रे गर्ने र २४ वटा पुल बनाउने लक्ष्य छ । यस्तै ६७ वटा पुल निर्माण सुरू गर्न यो रकम उपयोग हुनेछ ।

तत्कालीन भारतीय प्रधानमन्त्री चन्द्रशेखरले २०४७ सालमा नेपाल भ्रमणका क्रममा यो राजमार्ग निर्माण गर्ने घोषणा गरेका थिए । त्यसको १४ वर्षपछि २०६१ सालमा दुई देशबीच निर्माणका लागि औपचारिक सम्झौता भएको हो ।

हुलाकी राजमार्गले तराईका १७ जिल्लालाई छुन्छ । यो १७ सय ९२.२५ किलोमिटर लामो राजमार्ग हो । यसको पूर्व-पश्चिम खण्ड ९७५ किलोमिटरको छ भने महेन्द्र राजमार्गसँग जोड्ने सहायक खण्ड र सडकहरू ८१७ किलोमिटरका छन् । यो राजमार्गको प्रथम चरण अन्तरगतका १७ सडकमध्ये १० वटा खण्डमा भारत सरकारले काम गरिरहेको छ, जसको लम्बाइ २१८ किलोमिटर छ ।

**चुरोट कारखाना सञ्चालनमा ल्याउने**

सरकारले जनकपुर चुरोट कारखानाका साथै बन्द अवस्थामा रहेको अन्य कारखानाहरू सञ्चालनमा ल्याउने भएको छ। बन्द अवस्थामा रहेको जनकपुर चुरोट कारखानभित्र अहिले मुख्यमन्त्री कार्यालयका साथै मन्त्रालय तथा मन्त्री आवास राखिएको छ।

अर्थमन्त्री शर्माले रूग्न तथा बन्द अवस्थामा रहेका जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल, कृषि औजारा कारखाना, गोरखकाली रबर उद्योग, वीगरञ्ज चिनी उद्योग, हेटौंडा कपडा उद्योग र बुटवल धागो उद्योग उपयुक्त ढाँचामा सञ्चालनमा ल्याइने बताए ।

# मधेशको...

काम टुंगो लगाउने भनेपनि चिनियाँ ठेकेदारले अलमलाउन थालेको बुझिएको छ । विभिन्न बहानामा बीमा राष्ट्रिय बिमा कम्पनीमा नभई अन्यत्र गराउने योजना अनुसार चिनियाँ कम्पनीले बहानाबाजी गर्न थालेको हो । नेपालको रकममा निर्माणको ठेक्का पाएको कम्पनी नेपाली माथि नै हावी हुन खोजेपछि सेनाभित्र पनि चासो बढेको छ ।

माथिल्लो तामाकोशी निर्माणको जिम्मा लिएको सिनो हाइड्रोले पनि चिनियाँ कम्पनीसँग बीमा गरेको थियो । उसले बीमा दाबीको रकम पनि आफै लियो र सरकारसँग पनि रकम लिएर दोहोरो फाइदा लिएको थियो । सीनो हाइड्रोसँग संयुक्त नाममा बीमा नहुँदा एकलौटी दाबी रकम लिन सक्यो । ठिक त्यसै गरी फाष्ट ट्रयाकमा चिनियाँ कम्पनीहरू आफ्नै देशको कम्पनीसँग बीमा गरेर दोहोरो फाइदा लिन लागिपरेका छन् । उनीहरूको विकल्पमा निजी क्षेत्रका नेपाली बिमा कम्पनी पनि परेका छन् । आफू अनुकूलको बीमा गरेर दोहोरो फाइदा लिन चिनियाँ बिमा कम्पनी लागिपरेको छ ।

नेपाली सेनाले २०७८ को सुरूमै साँढे ३ वर्षभित्र निर्माण पूरा गर्ने गरी दुई चिनियाँ कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो । ५० अर्ब १४ करोडको ठेक्का दुई कम्पनीलाई दिंदा निकै विवाद भएको थियो । संसदको लेखा समितिले रक्षा मन्त्रालयलाई ठेक्का रद्द गर्न पत्राचार गरेपनि अवज्ञा गरेर ठेक्का दिइएको थियो । ७२.६ किलोमिटरको प्रस्तावित काठमाडौं तराई मधेश द्रुत मार्गमा ठेक्का पाएका कम्पनीहरूको कामले गति लिन सकेको छैन ।

कम्पनीहरूको परामर्शदाता नै विवादमा पर्नु, समयमै सामान ल्याउन नसक्नु, बीमा र पुर्नबीमाको समस्याहरू आउनुले फाष्ट ट्रयाकको काममा समस्या देखिन थालेको छ । निर्माण कम्पनीहरू काम ढिला गरेर लागत बढाउने देखि बीमालगायतमा पनि लाभ लिने नियतका साथ सक्रिय भएका छन् ।

बीमाको काम नहुँदा काममा समस्याहरू आउन थालिसकेको छ । वैशाखको तेस्रो साता लोडर पल्टिएर तीनजनाको मृत्यु भएको र एकजना घाइते भएकाले कहाँबाट क्षतिपूर्ति पाए भन्ने खुलेको छैन । मकवानपुरको पूर्वी बकैया गाउँपालिका ११ स्थित जितपुर भञ्ज्याङ नजिकै भएको घटनामा मृत्यु भएका चिनियाँको वर्क पर्मिट, बीमालगायतको विषय उठेको हो ।

विदेशी कामदारले श्रम इजाजत लिनुपर्नेमा कतिजनाले उक्त आयोजनामा इजाजत लिएको छन् भन्ने प्रष्ट छैन । यसबारे सेनासँग बुझ्न खोज्दा कुनै जवाफ आएको छैन । राष्ट्रिय गौरवका अरबौको परियोजनाहरू सञ्चालन गर्ने तर स्वदेशी जनशक्तिलाई बेवास्ता गरेर बेरोजगारी बढाउने प्रवृत्ति हावी हुन थालेको छ ।






मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं